# फ़त्हुल मुईन फ़ी तक़रीब -ए- मन्हजिस्सालिकीन व तौज़ीहिल फ़िक़्हि फ़िद्दीन


लेखकः

अब्दुर्रह़मान बिन नास़िर सअदी

व्याख्याः

**डा. हैथम बिन मोहम्मद सरहान**

अल-हरम विद्यालयका पूर्व शिक्षक मस्जिद नब्वी, र प्रशिक्षकः अल-सुन्ना संस्थान

http://www.alsarhaan.com


परमेश्वरले उहाँलाई र उहाँका आमाबाबु र यो पुस्तक पब्लिस गर्नेहरूलाई क्षमा दिऊन्


अनुवादकः

कलामुद्दीन मन्नत अली


اللغة: نيبالية

भाषा: नेपाली

# फ़त्हुल मुईन फ़ी तक़रीब -ए- मन्हजिस्सालिकीन व तौज़ीहिल फ़िक़्हि फ़िद्दीन


## अल्लामा अब्दुल रहमान बिन नासिर अल सादी

व्याख्या:

**हैथम बिन मोहम्मद सरहान**

अल-हरम विद्यालयका पूर्व शिक्षक मस्जिद नब्वी, र प्रशिक्षक : अल-सुन्ना संस्थान

http://www.alsarhaan.com


परमेश्वरले उहाँलाई र उहाँका आमाबाबु र यो पुस्तक पब्लिस गर्नेहरूलाई क्षमा दिऊन्


अनुवादक:

**कलामुद्दीन मन्नत अली**

पहिलो संस्करण

सबै अधिकार सुरक्षित छन्

लेखकको समीक्षा गरेपछि नि:शुल्क वितरणको लागि छाप्न वा अनुवाद गर्न सकिन्छ

कृपया सम्पर्क गर्नुहोस्:

islamtorrent@gmail.com

सूचना मन्त्रालयलाई स्पष्ट पार्नुस्

## अनुवादकको प्रस्तावना

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

إنَّ الحمدَ لله نحمدُه ونستعينُه ونستغفرُه، ونعوذُ بالله من شُرور أنفسِنا ومن سيِّئات أعمالنا، من يهدِهِ اللهُ فلا مُضلَّ له، ومن يُضللْ فلا هاديَ له، وأشهد أن لا إله إلَّا اللهُ وحده لا شريك له، وأشهد أنَّ محمَّدًا عبده ورسوله ﷺ،

أمَّا بعد؛

हम्द र सलात व सलाम पछि, यो किताब "मन्हजुस्सालिकीन व तौजिह अल्फिक्ह फिद्दीन"  अर्थात् हिड्नेहरुको लागि सोझो मार्ग र धर्ममा फिकह को स्पष्टिकरण" फिकहको स्पष्ट निचोरहरु मध्ये एक हो, जसको इरादा फिकहको मसाइलहरु मध्ये स्पष्ट कुराको जिकिर गर्ने र कुरान व सुन्नतमा यसको प्रमाण बयान गर्ने हो

लेखकले यसलाई एकदमै स्पष्ट तरिकाले लेखेको छ। तसर्थ मैले यसलाई बिद्यार्थीहरुको लागि नयाँ ढङ्गले मसाइल हरुलाई वितरण र साथै बाहिर ल्याउन इरादा गरेको छु,र यसमा लेखकको मनसाय स्पष्ट गरेको छु, र यस पुस्तकमा प्रक्रिया निम्न अनुसार छन्:

1- पाठको सत्यताको हेरचाह।

2- पाठलाई नीलो पृष्ठमा  राखिएको छ।

3- पाठको सन्दर्भमा यदि व्याख्या कार द्वारा कुनै बढोत्तरी छ भने यसलाई यस्ता (.....) कोष्ठहरुमा राखिएको छ, पाठको बिचमा यसलाई कालो र शिर्षकको बिचमा यसलाई निलो रङ्गमा राखिएको छ।

4- लेखकको भनाईमा केही स्पष्ट व्याख्या शामेल गर्ने, जस्तै केही सीमितताहरू बनाउने र तालिका (सूची) मा जरुरतले गर्दा अध्यायहरूको सुरुमा सारांशहरू पेश गर्ने।

धेरै जसो बढोत्तरीहरूमा मैले लेखकका शिष्य अल्लामह मुहम्मद बिन सालेह उसैमीन (अल्लाह दुबै माथि दया गरून्) को प्राथमिकता लाई मान्यता दिएको छु। जसरी कि उहाँले आफ्नो दुईवटा पुस्तकहरु " अल शरह अलमुमत्ते अला जाद अल मुस्तन्कने" र " फतह जिल जलाले वलइक्राम बिशरह बोलुगुल मराम" मा लेखेको छ।

म अल्लाह सर्वशक्तिमान संग प्रार्थी छु कि उहाँले मेरो यस कार्यलाई स्वीकार गरोस्, र यसलाई उहाँको खुशीको लागि छनौट गरोस्, र यसलाई पठनपाठन गर्नेहरुको लागि उपयोगी बनाओस्, निस्सन्देह, उहाँ सबै सुन्ने र सबै जान्ने हुनुहुन्छ।

## लेखकको प्रस्तावना

الْحَمْدُ للهِ، نَحْمَدُهُ، وَنَسْتَعِينُهُ، وَنَسْتَغْفِرُهُ، وَنَتُوبُ إِلَيْهِ، وَنَعُوذُ بِاللهِ مِنْ شُرُورِ أَنْفُسِنَا، وَسَيِّئَاتِ أَعْمَالِنَا، مَنْ يَهْدِ اللهُ فَلَا مُضِلَّ لَهُ، وَمَنْ يُضْلِلْ فَلَا هَادِيَ لَهُ، وَأَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَحْدَهُ لَا شَرِيكَ لَهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، صَلَّى اللهُ عَلَيْهِ وَآلِهِ وَسَلَّمَ. أَمَّا بَعْدُ؛

यो फिकहको एउटा सानो पुस्तक हो, जसमा मैले मसाइल र प्रमाण हरुलाई जम्मा गरेको छु, र यसमा अत्यन्त महत्वपूर्ण कुराहरूलाई जिकिर गरेको छु, जुन यस्ता शिर्षकको लागि अति नै आवश्यक थियो, र आदेश स्पष्ट हुने अवस्थामा मैले मात्र कुरान र हदीस बाट प्रमाण उल्लेख गरेको छु, ताकि पाठकले यसलाई सहजताका साथ बुझोस्, किनभने,**सच्चाई लाई प्रमाणको आधारमा जान्ने नै असल ज्ञान हो**।र धार्मिक नियमहरुलाई यसका प्रमाणहरू,कुरान,हदीस,आम सहमति,र सही अनुमान बाट जान्नेलाई  फिकह भनिन्छ।

संक्षिप्तमा मेलै प्रमुख र प्रसिद्ध तर्कहरू जिकिर गरेको छु, र विवादास्पद मासाइलहरु धार्मिक तर्कहरूको आधारमा मलाई जे अनुकुल लाग्यो मैले त्यही मात्र उल्लेख गरेको छु।

**महत्वपूर्ण प्रश्न : फिकह को अध्ययन किन ?**

उत्तर : उपासना तब सम्म मान्य हुदैन जब सम्म यसमा दुई वटा कुराहरु समावेश नहोस् ।

| पालना | ईमान्दारि |
|---|---|
| अर्थात् त्यस शरियतको पालना गर्ने जसलाई लिएर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम आउनु भयो, त्यसैले हामी फिकह पढ्छौं। | अर्थात्, बहुदेईश्वरबाद र पाखण्डको मिश्रण बिना अल्लाहलाई प्रसन्न गर्नको लागि मात्र उपासना गर्ने, त्यसैले हामी तौहीद पढ्छौं। |

**शरई नियामावली दुई प्रकारका छन् ।**

१- अनिवार्य प्रावधान ( अहकामे तकलिफियह) र यो पाँच वटा छन् ।

| आदेश: | परिभाषा: | सीमा: | यसलाई यो पनि भनिन्छ: |
|---|---|---|---|
| १- अनिवार्य | गर्नेलाई पुण्य दियोस् र छाड्ने लाई सजाय दियोस् | शरियतले जसलाई अनिवार्य गर्नुपर्ने आदेश दिएको छ | फरज,फरएजा, अवश्यक, अत्यावश्यक, आदि |
| २- निषेधित | अनिवार्य को उल्टो | शरियतले जसलाई छाड्ने आदेश दिएको छ | मोहर्रम,मम्नुअ |
| ३- घृणित | छाड्ने हरुलाई पुण्य दियोस् र गर्नेहरुलाई सजाय नदियोस् | शरियतले जसबाट रोकेको छ, तर अनिवार्य आदेश दिएको छैन | मुबग्गज |
| ४- मस्नुन, मनपर्ने | मकरुह को उल्टो | शरियतले जसको आदेश दिएको छ,तर अनिवार्य गरेको छैन | सुन्नत,मुस्तहब,नफल,मन्दुब, रगिबह,र फजिलत |
| ५- मुबाह, अनुमति | जसलाई गर्ने व नगर्ने दुबै बराबर छ | शरियतले नत यसबारे आदेश दिएको छ र नत रोकेको छ | हलाल,जाइज |

२: स्थितिका नियमहरू: तिनीहरूमध्ये केही निम्नानुसार छन्:

| [ए] सही | [ख] अनियमित | [सी] कारण | [घ] अवस्था | [च] निषेध |
|---|---|---|---|---|

बाध्यता [यसको अर्थ एक विवेकी र परिपक्व व्यक्ति] लाई उसको पूजा र मामिलाहरू आदिमा आवश्यक चीजहरूको ज्ञान प्राप्त गर्न अनिवार्य छ।

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "अल्लाह जसलाई भलाइ चाहन्छ उसलाई समझ दिन्छ।" बुखारी मुस्लिम।

## पुस्तकमा मौजुद समाग्रीहरु निम्न हुन्।

### पहिलो:- इबादात (उपासनाहरु)

यसबाट सुरु गर्ने खास कारण यसको महत्व हो, जुन कि इस्लाम धर्म को स्तम्भ पनि हो, र यस पछि धार्मिक युद्धको स्थान छ।

अध्यायहरूको विवरण:

१- किताबुत् तहारा (शुद्धता)
२- किबुस् सलात ( प्रार्थना,नमाज)
३- किताबुज् जकात (दान)
४-किताबुस् सियाम (उपवास)
५- किताबुल् हज (तिर्थयात्रा)
किताब अल-जिहाद (लेखकले संक्षिप्तताको लागि यस पुस्तकको विवरण छोडेका छ।

### दोस्रो:- मामिलाहरू

किनभने यसको अवश्यकता सबै लाई पर्दछ,र यो अवश्यकता अनुसार नै संकलित छ, किनभने भने खानपिन सबैको अवश्यकता हो, र यो अवश्यकता किनबेच बाट मात्र सम्भव छ, र खाना खाएपछि जब उ सन्तुष्ट हुनेछ तब उसले विवाह गर्ने इच्छा लाग्नेछ।विवाह गरिसकेपछि, सम्बन्ध विच्छेदको समस्या पनि आउन सक्छ। त्यसपछि इद्दतको मामिला, र कोही घमण्डी व्यक्तिहरु अरुमाथि दमन पनि गर्न सक्छन्, जसबाट रोक्न कडाइ गर्नुपर्ने छ। तसर्थ हत्याका नियम, सजायका प्रावधान र न्यायिक निर्णयहरू आदि उल्लेख गरिएको छ।

अध्यायहरूको विवरण:

१- किताबुल् बोयुव (किनबेच को अध्याय)
२- किताबुन् निकाह (बिवाह को अध्याय)
३- किताबुत् तिलाक (सम्बन्ध बिच्छेद को अध्याय)
४- किताबुल् अतइमह (खानपिन को अध्याय
५- किताबुल् होदुद (सजायहरु र कानुन को अध्याय)
६- न्याय, मुद्दा, प्रमाण,र गवाहीहरुको अध्याय
७- किताबुल् मिरास (विरासत को अध्याय)
८- किताबुस् सदाक (दुलहीलाई दिने एक किसिमको उपहार)
किताबुल् इदद वल् इस्तिबरा (इद्दत र इस्तबरा को अध्याय)
९- किताबुल् जनायात (कसुर र गल्ति को अध्याय)

## धार्मिक विद्वानहरू आफ्ना पुस्तकहरु को आरम्भ शुद्धताबाट किन गर्छन्?

| | | | |
|---|---|---|---|
| किनकि यो इस्लामको स्तम्भहरू मध्ये पहिलो स्तम्भ हो , तसर्थ बाहिरी शुद्धिकरण भन्दा पहिले मनको शुद्धता अनिवार्य हुन्छ। | फोहोर भन्दा पहिला सफाइ। | किनकि उपासना तब सम्म स्विकार्य हुँदैन जब सम्म त्यसमा इमानदारीता र निरन्तरता नहोस्। | किनभने यो नमाजका शर्तहरु मध्ये एक हो, र यो नमाज भन्दा पहिले हुन्छ। |

## धार्मिक विद्वानहरू फिकह का पुस्तकहरूलाई कुन (अध्याय) द्वारा टुङ्ग्याउँछन् ?

| | |
|---|---|
| अध्याय अल-इक्रार (र यो राम्रो हो) : एकेश्वरवादमा उहाँहरु को अन्त्यको शुभ शगुन लिँदै। | बाब अल-इत्क (रिहाईको अध्याय): पुनरुत्थानको दिन नरकबाट उनिहरुको मुक्तिको शुभ शगुन लिँदै। |

## अध्याय [शहादतैन सम्बन्धित]

अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भनेका छन्, "इस्लाम पाँचवटा कुराहरमा आधारित छ, अल्लाह बाहेक कोही योग्य ईश्वर छैन, र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका सेवक र दूत हुनुहुन्छ भन्ने गवाही,नमाजको पालना, जकातको भुक्तानी, हजयात्रा र रमजानको उपवास। (बुखारी व मुस्लिम)

(ला इलाहा इल्लल्लाह) को गवाहीको अर्थ हुन्छ: सेवकले यो कुरा जान्नु, विश्वास राख्नु र संकल्प गर्नु कि अल्लाह बाहेक कोही पनि ईश्वरत्व र उपासनाको योग्य छैन, उहाँ एक्लो हुनुहुन्छ, र उहाँको कोही पनि साझेदार छैन। यसले सेवकमाथि अनिवार्य हुन्छ कि: उसले सम्पुर्ण धर्मलाई सर्वशक्तिमान् अल्लाहको लागि गरोस्,र उसको सबै किसिमका उपासना मात्र एक अल्लाहको लागि होस्, र उसले धर्मिक मामिलामा अल्लाहसँग कसैलाई साझेदार नगरोस्। जसरी कि सर्वशक्तिमान् अल्लाहले भन्नुभयो, र, हामीले तिमीभन्दा पहिले जति पनि रसूल पठायौं उनीहरू सबैलाई यही वह्य गर्यौं कि म बाहेक अन्य कोही पूज्य छैन। अतः केवल मैरै उपासना गर। अन्बियह २५

(मुहम्मद, रसुलुल्लाह) को गवाहीको अर्थ हुन्छ: सेवकले विश्वास गर्ने कि अल्लाहले मुहम्मद (स.) लाई सुसमाचार वाहक र जिन्नात व मनिसहरुलाई चेतावनी दिनेको रूपमा पठाउनुभयो, जसले तिनीहरूलाई एकेश्वरवाद तर्फ र आज्ञाकारिता तिर बोलाउँथे। उहाँ (स.) का सन्देशहरूको पुष्टि गर्ने, आदेशहरूको पालन गर्ने र निषेधित कुराहरूबाट टाढा रहने, तसर्थ संसार र परलोकको खुशी उहाँमा विश्वास र उहाँको आज्ञा पालन गरेर मात्र सम्भव छ। त्यसैले उहाँको प्रेम आफू र आफ्ना बच्चाहरू र सबै मानिसहरूको प्रेम भन्दा पहिले राख्ने।
र अल्लाहले उहाँको मिशनलाई प्रमाणित गर्न चमत्कार,ज्ञान र उच्च नैतिकता दिएर सृष्टि गर्नुभयो, त्यसैले सबै धार्मिक र सांसारिक फाइदाहरूद्वारा उहाँमाथि विश्वास गर्ने जस्मा मार्गदर्शन, दया, र सत्यता समावेस छ।
उहाँको सबैभन्दा ठूलो चिन्ह: महान कुरान हो, जसमा सत्य समाचार, आदेश र निषेधहरू छन्।अल्लाह धेरै ज्ञानि हुनुहुन्छ।

## धर्मलाई तीनवटा तहहरुमा बाँढिएको छ।

[१] इस्लामः जसको अर्थ हुन्छ एकेश्वरवादलाई अपनाएर अल्लाहको अधीन बस्नु, आज्ञाकारिताद्वारा उहाँमा शरण खोज्नु, र बहुइश्वरवाद र मूर्तिपूजकहरूबाट बेवास्ता हुनु , र यसका पाँचवटा स्तम्भहरू छन्।

[२] विश्वास: र यसका छवटा स्तम्भहरू छन्: अल्लाहमा विश्वास, स्वर्ग दुतहरुमा विश्वास, उहाँका पुस्तकहरूमा विश्वास , उहाँका सन्देशवाहकहरूमा विश्वास, पर्लयको दिनमा विश्वास, र राम्रो नराम्रो भाग्यमा विश्वास।

[३] उपकार: यसको मात्र एउटा स्तम्भ छ: अल्लाहको उपासना यसरी गर्ने कि मानौं तपाईंहरु उहाँलाई देख्दै हुनुहुन्छ, र यदि तपाईंहरुले उहाँलाई देख्दैनौ भने उहाँले तपाईंहरुलाई देखिरहेको हुनुहुन्छ।

# किताबुत् तहारा (शुद्धता)

## पवित्रता को प्रकारहरु:

<table>
<tr><td rowspan="5">[१] आध्यात्मिक पवित्रता: बहुदेववाद, धार्मिक नवीनता र पापबाट पवित्र हुने।</td><td colspan="5">[२] ज्ञानेन्द्रिय पवित्रता</td></tr>
<tr><td colspan="2">[ए] तहारते हदस: (सामग्री शुद्धता)</td><td colspan="3">[ख] अपवित्रता बाट पवित्रता</td></tr>
<tr><td>ठुलोले गर्दा (स्नान गरियोस्)।</td><td>सानोले गर्दा (वजु गरियोस्) ।</td><td>शरीरको</td><td>कपडाको</td><td>ठाउँको</td></tr>
<tr><td>हदस</td><td colspan="4">यो शरीरमा संलग्न एउटा यस्तो विशेषता हो जसले नमाज र अन्य उपासनाहरू जसको लागि पवित्रता शर्त छ,ती सबैलाई निषेधित बनाउँदछ जस्तै: परिक्रमा आदि।</td></tr>
<tr><td>अपवित्र</td><td colspan="4">प्रत्येक अपवित्रता जसबाट पवित्रता अनिवार्य हुन्छ, जस्तै दिसापिसाब।</td></tr>
</table>

## पवित्रता निम्न द्वारा प्राप्त हुनेछ:

<table>
<tr><td colspan="2">[१] पानीबाट (र यो मुख्य हो): र यसका केही प्रकारहरू छन्:</td><td rowspan="2">[२] माटोबाट (तयम्मुम मार्फत, यो एउटा मध्यम हो)<br>पानीको अभाव वा प्रयोग गर्न नसक्ने अवस्थामा यस्ले हदसे अकबर र असगरबाट शुद्ध पार्दछ।</td></tr>
<tr><td>[क] तहूर (पवित्र): यसबाट पवित्रता खोज्नु राम्रो हो।</td><td>[ख] नजिस (अपवित्र): यसबाट पवित्रता खोज्नु राम्रो हुदैन।</td></tr>
</table>

**दिसापिसाब सकेपछि निम्न दुबै मध्यम बाट एकैसाथ गर्ने व ती मध्ये कुनै एउटा मध्यम अपनाउने अनुमति छ।**

| | |
|---|---|
| [१] इस्तिन्जा:- यो पानी बाट मात्र हुन्छ। | २] इस्तेज्मार:- यो तीनवटा ढुङ्गा व ढुङ्गा जस्तै कुनै वस्तुले गरिन्छ जसले अपवित्र ठाउँलाई सफा पार्दछ। |

नजासत: प्रत्येक अपवित्रता जसबाट पवित्रता प्राप्त गर्न अनिवार्य हुन्छ, र यसका निम्न प्रकारहरू छन् ।

| | | |
|---|---|---|
| [१] मुगल्लजह:- यो कुकुरको अपवित्रता हो, पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले एउटा भाँडो जसमा कुकुरले मुख राखेको छ त्यो भाँडो सात पटक पखाल्न र पहिलो पटक माटोले पखाल्न आदेश दिनुभएको छ । | [२] **मुखफ्फफ: (हलुका)** यसलाई पानीको छर्कोले पवित्र गर्न सकिन्छ धुने आवश्यकता छैन, र यो तरिका खाना खाना नसक्ने साना बच्चाहरुका पिसाब, र वीर्यको लागि हो किनभने वीर्य पवित्र छ, तर भिजेको अवस्थामा पैगम्बरले त्यसमाथि पानी छर्कनु हुन् थिए, र सुकेको अवस्थामा खुर्केर सफा गर्नु हुन् थिए । | **मुत्वस्सतह:-** मुगल्लजह र मुखफ्फिफह बाहेक अरु सबै किसिमको अपवित्रतालाई पानीले सफा गर्नु पर्नेछ, जस्तो कि पुरुष र महिला को पिसाब आदि । |

**(प्राकृतिक सुन्नतहरु अर्थात मानिसका जन्मजात विशेषताहरू)**:

| | | |
|---|---|---|
| खतना:- पुरुषहरूका लागि आनिवार्य र महिलाहरुको लागि यदि आवश्यकता छ भने सुन्नत हो । | काख मुनिको कपाल फ्याँक्नु,जुँगा काट्नु, नङ काट्नु गुप्तांग को कपाल काट्नु, अनस् बिन मलिक बाट वर्णन छ,<br>हामीलाई जुँगा काट्ने, नङ काट्ने, काख मुनिको कपाल फ्याँक्नु र गुप्तांग को कपाल काट्ने सम्बन्धमा समयसीमा दिइएको थिए र हामीले चालीस दिनभन्दा बढी छाड्नु हुँदैनथ्यो । मुख्य कुरा यो हो कि उल्लेखित वस्तुहरूलाई चालीस दिन भन्दा बढी छोड्नू अनुचित हो । | दाह्री बढाउनु, वाजिब(अनिवार्य) हो, र दाह्री काट्नु ठूलो पाप हो । |

दाँत माझ्नु:- सुन्नते मुअक्कदह (धेरै नै राम्रो) हो,दाँत सफा गर्न अरक र उस्तै को प्रयोग गर्नु, यो जहिले पनि सुन्नत हो,र धेरै नै राम्रो कार्य हो नमाज पढ्दा, घर व मस्जिदमा प्रवेश गर्दा, कुरान पढ्दा, निद्राबाट उठ्दा, मृत्युको समयमा, र मुखको गन्ध परिवर्तन गर्न को लागि ।

नाकमा पानी हाल्नु, औंलाको जोर्नीहरूलाई धुनु र पानी फ्याकनु अर्थात इस्तिन्जा गर्नु, र यसको प्रमाण सहिह मुस्लिममा आइशाको हदीस हो ।

## अध्याय (पवित्रताको प्रकारहरु)

नमाजको लागि केही सर्तहरू छन् जस मध्ये पवित्रता पनि एक हो: जस्तो कि पैगम्बरले भन्नुभयो: "अल्लाह पवित्रता बिना प्रार्थना स्वीकार गर्दैन। (बुखारी व मुस्लिम) जस्ले पवित्रता प्राप्त गर्दैन उस्को नमाज पूरा हुँदैन। ।

[१] हदस अकबर र हदस असगर बाट।

[२] अपवित्रता बाट।

**पवित्रता दुई प्रकारका हुन्छन् ।**

[१] पानीबाट र यो मुख्य हो।

[२] माटोबाट यो पनि एउटा मध्यम हो।

पानीका प्रकारहरू :- साचो हेर्ने हो भने पानी मात्र दई प्रकारका हन्छन : 1- शद्ध र अरूलाई पवित्र बनाउने र 2- अशद्ध

[१] वर्षा को पानी वा झरनाको पानी पवित्र हुन्छ, जसले अशुद्धता बाट पवित्र बनाउँछ, चाहे त्यसमा कुनै शुद्ध वस्तुको मिस्रणको कारण त्यसको रंग, स्वाद वा गन्ध परिवर्तन भएको भए त पनि, जस्तै: अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "पानी शुद्ध हुन्छ र कुनै चीजले यसलाई अशुद्ध बनाउन सक्दैन।" [सुनन् र यो हदीस सहिह को दर्जामा छ ]

[२] यदि फोहोरका कारण पानीको कुनै विशेषता [जस्तै: स्वाद, रंग वा गन्ध] परिवर्तन भयो भने त्यो अपवित्र हुन्छ र त्यसबाट बच्नु अनिवार्य हुन्छ।

वस्तुहरूमा असल पवित्रता र इजाजत हुन्छ, त्यसैले,

[१] यदि मुस्लिमहरु मध्ये कसैलाई पानी, कपडा वा ठाउँ आदिको शुद्धता र अशुद्धता बारे शंका लागयो भने त्यो बेला उल्लेखित सबै उस्को लागि पवित्र हुन्छन्।

[२] र यदि आफ्नो पवित्रताको बारेमा निश्चित छ तर हदसको शंका लाग्यो भने त्यो बेला पनि ऊ पवित्र हुन्छ।

नमाजको समयमा कुनै कुराको शंका गर्ने व्यक्तिको बारेमा अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) "ले भन्नुभयो:"आफ्नो नमाज आवाज सुने पछि वा केहि गन्ध महसुस भएपछि मात्र छोड्नुहोस्।

र यसको समर्थन फिकहि कानुनले पनि हुन्छ: (विश्वासको अन्त्य शङ्काले हुँदैन), यसको मतलब यो हो कि विश्वासले प्रमाणित गरेको कुरा विश्वास बाट नै अन्त्य हुन्छ, शंका वा भ्रमले हुँदैन।
अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले समुद्र को पानी को बारे मा भन्नुभयो:"यसको पानी शुद्ध "(र पवित्र गर्ने) छ र यसको 'मरेको मासु' (खान) अनुमति छ।

## अध्याय (बर्तन भाँडाको बारेमा)

सबै प्रकारका भाँडाकुँडाको प्रयोग गर्ने अनुमति छ। सुन र चाँदीका भाँडाहरू बाहेक, र ती दुवै प्रयोग गरिएको भाँडा, यद्यपि आवश्यक रूपमा थोरै चाँदी प्रयोग गर्न अनुमति छ।

**भाँडामा चाँदीको अनुमतिका शर्तहरु**

| | | | |
|---|---|---|---|
| [१] बर्तनहरु जोड्ना को लागि | [२] थोरै हुनु | [३] चाँदी हुनु | [४] यसको आवश्यकता |

अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: सुन र चाँदीका भाँडाहरूमा नपिउनुहोस्, र सुन र चाँदीका भाँडाहरूमा नखानुहोस्, किनकि यो नास्तिकहरुको लागि संसारमा छन्, र तपाईंहरुको लागि पुनर्उथ्थानको दिन हुनेछन्। (बुखारी र मुस्लिम)

**बहुदेवबादीहरुका भाँडाकुँडा प्रयोग गर्ने शर्तहरु:**

| | | |
|---|---|---|
| [१] जसको शुद्धताको बारेमा हामीलाई थाहा होस्, तब त्यो पवित्र छ, र त्यसलाई प्रयोग गर्न अनुमति छ। | [२] जसको अशुद्धताको बारेमा हामीलाई थाहाहोस् तब त्यो अपवित्र छ र त्यसलाई प्रयोग गर्नु अघि धुनु अनिवार्य हुन्छ। | [३] जस्को बारेमा हामीलाई शंका होस्, यस सन्दर्भमा हामी असललाई पछयाउनेछौं, जुन कि यसको शुद्धता हो। |

**बहुदेववादीहरूले फुकालेका लुगा यदि कुनै मुस्लिमले लगाउन चाहन्छ भने यस्का नियमहरु: र केही विवरणसहित लगाउने अनुमति छ।**

| | |
|---|---|
| [१] जसको बारेमा हामी जान्दछौं कि उहाँ अपवित्रताबाट बच्नुहुन्न, जस्तै ईसाई = त्यसैले राम्रो कुरा उहाँको लुगाबाट बच्नु हो। | [२] र जसको बारेमा यस्तो थाहा छैन,हामीलाई उसको कपडा प्रयोग गर्न अनुमति छ। |

**दबागत दिएको छालाको नियमहरु:**

| | |
|---|---|
| दबागत भनेको नुन वा अन्य कुनै समान पदार्थले छालाको फोहोर सफा गर्ने प्रक्रिया हो। | कुनै पनि जनावर जसको मासु खान वैध छ उसको छालालाई दबागत दिएर शुद्ध गर्न सकिन्छ। |

# अध्याय [दिसापिसाब गर्ने तरिका]

| शौचालय प्रवेश गर्दा यसो गर्न राम्रो हुन्छ: | |
|---|---|
| [१] बायाँ खुट्टा भित्र बढाउने। | [२] यो बिन्ती गर्ने : "बिस्मिल्लाहि अल्लहुम्मा इन्नि अउजो बेका मेनल खुब्से वल् खबाइस"। |

| शौचालय बाट बाहिर निस्कने बखत: | |
|---|---|
| [१] दायाँ खुट्टा बहिर निकाल्ने। | [२] र यो दुआ पढ्ने: "गुफ्रान्का" "अल-हमदु लिल्लाहिल्लजी " अज्हबा अन्नि अल्अजा वअफानि। |

नोट: दुआ "अल्हम्दु लिल्लाह..." योहदीस जईफ हदिस हो, त्यसैले यो दुआ पढ्नु हुँदैन, र अल्लाह सबै भन्दा राम्रो जान्दछ।

बस्दा आफ्नो वजन आफ्नो बायाँ खुट्टा मा राख्ने र आफ्नो दाहिने खुट्टा सीधा राख्ने
र [अनिवार्य] आफुलाई पर्खाल व कुनै वस्तु आदिले ढाक्ने, र यदि खुला ठाउँमा छ भने टाढा जाने।

जमीन नजिक नभएसम्म आफ्नो लुगा नखोल्ने।

| निम्न स्थानहरूमा दिसा गर्न अनुमति छैन:- | | | | |
|---|---|---|---|---|
| [१] बाटोमा | [२] बस्ने ठाउँहरूमा | [३] फलफूलका रूखहरू मुनि। | [४] यस्तो ठाउँमा जुन अरुलाई दु:ख पुर्याओस्। | [५] स्थिर पानीमा |

दिसापिसाब गर्दा अनुहार वा पछाडि किब्लातर्फ फर्काउनु हुँदैन, किनकि अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जब तिमी दिसा जान्छौ,दिसा वा पिसाबको समयमा किब्ला तिर आफ्नो अनुहार वा आफ्नो पछाडि नफर्काउनुहोस्, तर पूर्व वा पश्चिम तिर फर्कनुहोस्।

**र निम्न वैध छैन:-**

लिङ्गलाई दाहिने हातले छुने, वा यसैले इस्तिन्जा गर्ने।

अल्लाहको नाम उल्लेख गर्ने वस्तु लिएर शौचालयमा प्रवेश नगर्ने, किनकि शौचालय भित्र हुँदा अल्लाहको जिकिर छोड्नु अनिवार्य हुन्छ।

शौच गरेपछि अनावश्यक रूपमा शौचालयमा बस्नु मकरूह हो।

| दिसा गरिसके पछि: | |
|---|---|
| [१] सफा गर्न तीन ढुङ्गा वा यस्तै वस्तु प्रयोग गर्ने । | [२] पानीले इस्तिन्जा गर्ने । |

यी दुई मध्ये कुनै एक पर्याप्त हुनेछ।
र इस्तिजमार पिसाब र शौच पछि सरसफाई र पवित्रताको लागि निम्न प्रयोग गरिनेछैन:

| | |
|---|---|
| [१] गोबर वा हड्डी,किनभने नबीले यसलाई निषेध गर्नुभएको छ । | २- त्यसै गरी हरेक अपवित्र चीज |

| इस्तज्मार पिसाब र शौच पछि ढुङ्गा वा माटो प्रयोग गर्ने सर्तहरू: | | |
|---|---|---|
| १] यो तीन वा तीन भन्दा बढी पटक सफा गर्नु पर्छ, त्यसैले एउटै ठाउँबाट एक पटकभन्दा बढी नलिनुहोस् । | २] यो सफा गर्न मिल्ने हुनुपर्छ, र सरसफाई ढुङ्गा वा टिस्यु पेपरको सुकाउने क्षमताद्वारा निर्धारण गरिनेछ । | ३] इस्तिज्मार अपवित्र, वा पवित्र वस्तु जस्तै खाना,हड्डी वा गोबर बाट नहोस् । |

| उभिएर पिसाब गर्नुको नियम, दुई अवस्थामा उभिएर पिसाब गर्न सकिन्छ: | |
|---|---|
| १- शरीर र कपडामा पिसाबको थोपा पर्नबाट सुरक्षित हुनु । | २- नग्नो नहुनु । |

हुजैफहको हदीसमा छ कि नबी सल्लल्लाहु अलैहि वसल्लम केही मानिसहरूको फहोरको थुप्रोबाट गुज्रनुभयो र उहाँले उभिएर पिसाब फेर्नुभयो ।

**शौच र मोबाइल फोन सम्बन्धी केही चेतावनीहरू:**

१- अल्लाहलाई उल्लेख गर्ने रिङटोन नराख्ने, चाहे त्यो आयत होस् वा अजान वा बिन्ती होस्, तपाईं शौचालयमा बसेको बेला तपाईंको मोबाइल फोनको रिङ्टोन बज्ने आशंका छ ।

२- शौच गर्दा मोबाइलको प्रयोग नगर्नु, किनकि यो शौचालयमा लामो समयसम्म बस्ने साधन हो, जुन नराम्रो हो ।

३- मोबाइल फोनमा अल्लाहलाई उल्लेख गर्ने कुनै पनि कुरा नराख्नु, किनकि यो अल्लाहको जिकिर जस्तै हो जिकिर यदि मुबाइलको स्क्रीनमा छ भन्ने पनि नराम्रो हो तर अदृश्य वा लुकेको छ भने यसमा कुनै अपत्ति छैन, मुबाइल बाहिर छाड्नु नै राम्रो कुरा हो तर चोरी आदिको डर लागेमा मोबाइल बोक्न कुनै अपत्ति छैन ।

## अध्याय अशुद्ध र अपित्र वस्तुहरू पवित्र बनाउने सम्बन्धमा

शरीर, कपडा वा ठाउँ वा अन्य कुनै पनि चीजबाट सबै प्रकारको अशुद्धता धुनेले पवित्र हुन्छ यदि फोहोर आफ्नो स्थानबाट हट्छ भने किनकि पवित्रताको लागि कुनै निश्चित संख्या तोकिएको छैन कुकुर बाहेक,र कुकुरको अशुद्धता धुनुमा सात संख्याहरू निर्धारण गरिएको छ , जसमा माटोले एक पटक धुनु समावेश छ, जसरी कि बुखारि व मुस्लिमको हदीसमा उल्लेख गरिएको छ , र अशुद्ध वस्तुहरू निम्न हुन्:

| | | |
|---|---|---|
| १- मानिसको पिसाब | २- र उसको मलमूत्र | ३- र रगत, रगत थोरै मात्रामा माफ छ, र यो यस्तो छ जस्तो कुनै जनावरको बगि रहेको रगत जसको मासु खान वैध छ, तर जुन रगत मासु र नसाहरूमा बाकि रहन्छ,त्यो पवित्र छ,र महिनावारी रगत अपवित्र छ। |

| | |
|---|---|
| ४- मजी : चुम्बन वा यौनसम्पर्क गर्दा निस्कने रङ्गहीन पानी हो। | ५- वदी : यो बाक्लो सेतो पानी हो, जुन पिसाब गरेपछि निस्कन्छ। |

मजि वा वादी लाग्यो भने लिङ्गलाई धुनु पर्छ र वज़ु गर्नु पर्छ नुहाउनु अनिवार्य छैन।

अपवित्रता मध्ये निम्न हुन्:

| | | |
|---|---|---|
| ८- त्यसैगरी, सबै मरेकाहरू अपवित्र छन्, मानव मृत बाहेक, र जसमा तरल आत्मा नहोस् अर्थात् रगत नभएको, तर माछा र सलह पवित्र छन्। | ७- सबै मांसभक्षी अपवित्र हुन्छन्। | ६- प्रत्येक जनावर जसको मासु खान निषेध गरिएको छ, त्यसको पिसाब वा मल। |

अल्लाह तआला भन्नुहुन्छ मृत जनावरहरू र रगत तिमीहरूका लागि अवैध गरिएका छन्:

थोरै मात्रामा सबै प्रकारका अपवित्रता माफ छ।
थोरै मात्रामा अपवित्रता जस्बाट बच्न गाह्रो छ भने त्यो माफ गरिएको छ उदाहरण को लागि पित्त रोग भएको व्यक्तिको लागि थोरै मात्रामा पिसाब माफ गरिएको छ।

अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो मुस्लिम अपवित्र हुँदैन, न जीवित न मृत,
र उहाँको भनाई छ, दुई मरेका र दुई प्रकारका रगत हाम्रा लागि वैध छन् माछा र सलह कलेजो र प्लीहा। (अहमद र इब्न माजह) र जहाँ सम्म कुरो छ:

[१] जुन जनावरको मासु वेध छन् त्यसको गोबर र पिसाब पवित्र हुन्छन्।

[२] पुरुषको वीर्य शुद्ध हुन्छ, अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले यसलाई भिजेको बेला धुनुहुन्थ्यो र सुक्खा हुँदा कुर्नुहुन्थ्यो।

सानो बच्चाको पिसाबको लागि केवल पानी छर्कनुले पर्याप्त हुन्छ जसले वासना मिटाउनको लागि खाना खाँदैन, जस्तै अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "केटीको पिसाब धोइनेछ र केटाको पिसाब छर्किनेछ यो अबू दाउद र नसई द्वारा वर्णन गरिएको छ।
जब कुनै चीजको सही अशुद्धता हटाइने छ, तब त्यसलाई पवित्र मानिनेछ, र रंग वा गन्धले कुनै फरक पार्दैन, किनकि अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले महिनावारीको रगतको बारेमा भन्नु भएको थियो खौलाको लागि "पानीले धून् तपाईंको लागि पर्याप्त छ, र यसपछि तपाईंलाई हानि कुनै हुँदैन।

## वजु को विशेषताको अध्याय

**वज़ुका दश शर्तहरु निम्न छन्:**

| | | | |
|---|---|---|---|
| [१] इस्लाम। | [२] बुद्धि। | [३] तमिज। | [४] इरादा। |

[५] वज़ुको लागि आरम्भ देखी अन्त सम्म नियत निरन्तर हुनुपर्छ।

[६] ऊँटको मासु खाँदा वा पिसाब गर्दा वज़ु नगर्ने, र वजु भन्दा अघि वजु खत्म पार्ने सबै कार्य समाप्त गर्नु अनिवार्य छ।

[७] वजु भन्दा अघि पानी ढुङ्गा वा माटो आदि प्रयोग गर्ने यध्पि त्यो दुर्गन्ध हावा, निद्रा वा ऊँटको मासु खानुको कारणले हो ।

[८] वज़ुको लागि पानी पवित्र र मुबाह हुनुपर्छ।

[९] छालामा पानी पुग्नबाट रोक्ने कुनै पनि वस्तु हटाउने।

[१०] पुरानो रोगबाट पीडितहरूका लागि नमाजको समय हुनु।

वज़ुका कर्तव्यहरू छ वटा छन् (चार ती हुन् जसलाई वज़ुको आयतमा उल्लेख गरिएको छ, क्रम र मावालात सहित)

[१] अनुहार धुनु र यसमा कुल्ला गर्नु र नाकमा पानि हाल्ने पनि समावेश छ।

[२] दुबै हात कुहिनो सहित धुने।

[३] पूरै टाउको पुछने, र दुवै कान यसैमा समावेश छ।

[४] दुवै खुट्टा घुँडा सहित धुने।

[५] क्रमश

[६] मुवालात अर्थात : वज़ु गर्ने व्यक्तिले कुनै पनि अंग धुन यति ढिलो गर्नु हुँदैन कि अर्को भाग सुकिहालोस्।

## वज़ु गर्ने तरिका

[१] हदस हटाउने , नमाजको लागि वजु वा यस्तै अन्य कुराको लागि इरादा गर्नुपर्छ, र इरादा सबै कर्महरूको लागि शर्त हो, चाहे त्यो पवित्रता होस् वा अरू केहि, किनकि अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "कार्यहरू इरादामा निर्भर हुन्छन्, र हरेक मानिसको लागि त्यहि नै हो जस्को उस्ले इरादा गर्छ" (बुखारी र मुस्लिम ) (इरादाको स्थान हृदय हो, र जिब्रोले उच्चारण गर्नु नवीनता हो )

[२] त्यसपछि "बिस्मिल्लाह" भन्ने।

[३] र हत्केला तीन पटक धुने।

[४] त्यसपछि तीन पटक कुल्ला गर्ने र नाकमा पानी हाल्ने।

[५] त्यसपछि तीन पटक अनुहार धुने।

[६] र कुहिनो सहित दुवै हात धुने।

[७] र दुवै हातले टाउकोको सुरुदेखि गूदी सम्म एकपटक पुछने र फेरी सुरुगरेको ठाउँ सम्म फर्काउने।

[८] त्यसपछि दुवै कानको प्वालमा दुईवटा चोर औँलाहरू घुसाएर कानको बाहिरी भागलाई औंठाले पुछने।

[९] त्यसपछि आफ्नो दुवै खुट्टा घुँडा सहित तीन तीन पटक धुने।

यो अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले गरेको वजु जस्तै हो, तर यस सम्बन्धमा दायित्व यो हो:

[१] कम्तीमा एक पटक वजुका अंगहरु धुने।

(२) यसलाई अल्लाहले आफ्नो हुकुममा उल्लेख गरे जस्तै गर्ने : (हेहे अस्थावानहरू हो ! तिमीहरू नमाजकालागि उभिदा आफ्नो अनुहार तथा हात–कुहिनासम्म धोऊ र टाउकोमाथि मसह गर (हात फेर) र आफ्ना खुट्टा गोलीगाँठोसम्म धोऊ।

[३] दुई अंग धुने बीचमा यति दुरी नराख्ने कि यो सामान्य चलन विपरित हो, त्यसै गरि हरेक त्यो वस्तु जसको लागि मावालात शर्त छ।

# अध्याय मोजा र पट्टी माथि मसह

| | |
|---|---|
| यदि कुनै व्यक्तिले मोजा वा यस्तै प्रकारको कुनै वस्तु लगाएको छ भने, उसले चाहे भने त्यसमाथि मसह गर्न सक्छ मसहको अवधि: | |
| [१] निवासीको लागि एक दिन र एक रात। | [२] र यात्रीका लागि तीन दिन र तीन राति। |

## निम्न शर्त अनुसार:

[१] मोजाहरू पवित्रताको अवस्थामा लगाउने।

[२] हदस असगरको हालतमा मात्र त्यस माथि मसह गर्न सकिन्छ।

[३] दुवै मोजा पवित्र हुने।

[४] मोजाले धेरैजसो खुट्टा ढाकोस्।

[५] मसहको अवधिमा नै मोजा माथि मसह गर्ने जुन बासिहरुको लागि २४ घण्टा र यात्रीहरुका लागि ७२ हो।

अनसको बाट वर्णन गरिएको छ कि: "जब तिमीहरू मध्ये कोही मोजा लगाएर वज़ु गरोस्, तब उसले मोजा माथि मसह गरोस् र त्यही मोजा लगाएर नमाज पढोस्, र जनाबत नभएसम्म तिनीहरूलाई नफुकालोस्।" यो हकिम द्वारा वर्णन गरिएको हो र सहिह हो।

यदि उसको खुट्टामा प्लास्टर वा घाउमा मलम छ, जसलाई धोएर बिग्रने डर छ तब हदस अकबर र हदस असगर दुवै अवस्थामा उसले निको नभएसम्म त्यसमा मसह गरोस्।

मोजा माथि मसह गर्ने विधि निम्नानुसार छन्।

| | |
|---|---|
| [१] मोजाहरूमा: यसको अधिकांश भाग हरूमा मसह गरिने। | [२] पट्टीहरूमा: यसको सबै भागहरूमा मसह गरिने। |

| | पट्टी | मोजा | पगडी / दुपट्टा |
|---|---|---|---|
| लगाउने ठाउँ: | पूरै शरीरमा कहीं पनि। | खुट्टा | टाउको |
| मसह गर्ने अवधि: | ठीक नभएसम्म। | 24 घण्टा निवासीको लागि | यसको लागि कुनै निर्धारित अवधि छैन। |
| मसह गर्ने विधि: | सबै अंगहरूमा मसह गर्नु पर्नेछ। | बहिरी भागहरूमा मसह गर्ने। | टाउकोमा मसह गर्नु पर्नेछ। |
| मसह कहिले गर्ने ? | हदस असगर र हदस अकबर को हालतमा। | हदस असगरको हालतमा। | हदस असगरको हालतमा। |

## वजु रद्द गर्ने कार्यहरुको अध्याय

| वजु रद्द गर्ने कार्यहरु निम्नानुसार छन्: | | | |
|---|---|---|---|
| [१] दिसापिसाबको स्थानबाट निस्कने कुनै पनि वस्तु । | [२] अत्यधिक रक्तस्राव वा यस्तै कुनै वस्तु निस्कने । | [३] निद्रा आदिको कारण बुद्धि हीनता । | [४] ऊँटको मासु खाने । |
| [५] वासनाले महिलालाई छुने । | [६] गुप्ताङ्ग छुने । | [७] मृतकलाई नुहाउने । | [८] र इस्लामबाट बिमुख हुनु र यसले सबै पुन्यहरूलाई नष्ट गर्छ । |

नोट: सही कुरा यो हो कि अत्यधिक रक्तश्राव, महिलालाई छुने, गुप्तांग छुने र मृतकलाई नुहाउने वजु रद्द गर्ने कार्यहरु मध्य होइन ।

अल्लाहको यस आदेशको कारण: वा शौचालयबाट फर्केपछि वा स्त्रीसित सहवासपश्चात्
र नबी (सल्लल्लाहु अलैहि वसल्लम) संग सोधियो: के हामीले ऊँटको मासु खाएपछि वजु गर्नुपर्छ ? उहाँले भन्नुभयो: "हो"। यो मुस्लिम द्वारा वर्णन गरिएको हो।
र मोजाको बारेमा उहाँले भन्नुभयो "शौच, पिसाब र निद्रा बाहेक मोजा नफुकालनुस् " यसलाई नसाई र तिरमिदीले वर्णन गरेको छ र यसलाई सहिह भनेको छ ।

## जसले गर्दा नुहाउन अनिवार्य हुन्छ र यसको विधिको अध्याय

| निम्न वस्तुहरूले गर्दा नुहाउन अनिवार्य हुन्छ: | | | | |
|---|---|---|---|---|
| १- यौन सम्पर्कले र यसको अर्थ हुन्छ: | | २- महिनावारी र निफासको रक्तस्रावले । | [३] सहिद बाहेक अन्य अवस्थामा मर्ने । | [४] इस्लाम अपनउनले । |
| ए- यौन सम्पर्क आदिको कारण वीर्य निस्कने । | ब- वा निजी अंगहरूको मिलनले । | | | |

अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ:र यदि तिमीहरु अपवित्रताको अवस्थामा छौ भने, स्नान गर्नुहोस् र अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ र तिनीहरू पवित्र नहोउन्जेलसम्म (सहवास को नियतले ) तिनीहरुको नजिक नजाऊ जब तिनीहरू पवित्र हुन्छिन् तब तिनीहरूकहाँ त्यहाँबाट आऊ जहाँबाट जाने अल्लाहले तिमीहरूलाई आदेश दिएका छ । अर्थात्: पवित्र भएपछि नुहाए पछि ।

नबी सल्लल्लाहु अलैहि वसल्लमले मृतकलाई स्नान गराउने व्यक्तिलाई स्नान गर्न आदेश दिनुभएको छ।
र जसले इस्लाम स्वीकार गर्छ, उसलाई पनि नुहाउन आदेश दिन्भएको छ।

| नबी सल्लल्लाहु अलैहि वसल्लमको सहवास पछि को स्नान विधि निम्न प्रकार छन्: | | | | |
|---|---|---|---|---|
| १- पहिले आफ्नो गोप्य अंग धुनुहुन्थिए। | [२] त्यसपछि पूर्ण वजु गर्नुहुन्थिए। | [३] त्यसपछि आफ्नो टाउकोमा तीन पटक पानी हाल्थे र कपालको जरासम्म पुर्याउने गर्थे। | [४] त्यसपछि सम्पुर्ण शरीरमा पानी हाल्थे। | [५] त्यसपछि त्यहाँ बाट हटेर आफ्नो खुट्टा धुनुहुन्थे। |

| नुहाउँदा ध्यान राख्ने अनिवार्य कुराहरु: | |
|---|---|
| १- सम्पूर्ण शरीर धुने। | २] हल्का र बाक्लो कपालको जरामा पानी पुर्‍याउने। |
| अल्लाह राम्रो जान्दछ। | |

## तयम्मुम को अध्याय

| यो पवित्रताको दोस्रो प्रकारको हो।<br>पवित्रताको लागि पानी प्रयोग गर्न गाह्रो हुँदा यो पानीको विकल्प हो निम्न कारणहरूले गर्दा; | |
|---|---|
| २- वा यसको प्रयोगको कारणले हानि हुने डर। | १- पानी उपलब्ध नभएको अवस्थामा। |

| त्यसोभए यस्तो अवस्थामा माटोले पानीको विकल्पको रूपमा काम गर्नेछ, जस्तै; | | | |
|---|---|---|---|
| १- आफ्नो हदस हटाउने इरादा राख्ने। | २- त्यसपछि "बिस्मिल्लाह" भन्ने। | ३- त्यसपछि आफ्नो हात भुइँमा एक पटक मार्ने। | ४- र आफ्नो दुवै हातले सम्पूर्ण अनुहार र हत्केला पुछ्ने। |

र भुइँमा दुई पटक हात हान्ने पनि अनुमति छ।

नोट: सही कुरा यो हो कि जानीजानी दुई पटक जमिनमा हात हान्ने अनुमति छैन किनभने यो नबी बाट प्रमाणित छैन र उपास्नामा घटबढ मान्य हुँदैन।

अल्लाले भन्नु हुन्छ अनि पानी उपलब्ध छैन भने तिमीहरू पवित्र माटो खोजी गरी त्यसको द्वारा आफ्नो अनुहार तथा हातमाथि मसह गर (हात फेर) अल्लाह तिमीहरूलाई कुनै किसिमको अप्ठ्यारोमा पार्न चाहँदैन बरु तिमीहरूलाई पवित्र बनाउन र आफ्नो वरदान पूरा गर्न चाहन्छ। आशा छ तिमीहरू कृतज्ञ बन्ने छौ।
अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, "मलाई पाँचवटा चीजहरू दिइएको छ जुन मभन्दा अघिका पैगम्बरहरू मध्ये कसैलाई पनि दिइएको थिएन ती हुन् -१. अल्लाहले मलाई एक महिनाको यात्राको दूरी बराबर डरले (उनको शत्रुहरूलाई डराएर) विजयी बनायो। -२.पृथ्वी मेरा लागि (र मेरा अनुयायीहरूका लागि) नमाज पढने ठाउँ र तयाम्मुम गर्ने ठाउँ बनाइएको हो, त्यसैले मेरा अनुयायीहरूले जहाँ नमाजको समय हुन्छ त्यहाँ नमाज पढन सक्छन्। -३. मेरो लागि गनिमत (युद्धमा हासिल भएका खजाना) हलाल बनाइएको छ (र कसैको लागि त्यस्तो बनाइएको छैन) -4. प्रत्येक रसूल खास ठाउँको लागि विशेष रूपमा पठाइयो तर मलाई सम्पूर्ण मानवजातिको लागि पठाइएको हो। -5. मलाई अधिकार दिइएको छ सिफारिसको (पुनरुत्थानको दिनमा)।

| र हदस असगर भएको व्यक्तिको लागि हलाल छैन: | | |
|---|---|---|
| 1- कुरान छुने। | २- काबाको परिक्रमा गर्ने। | 3- नमाज पढ्ने। |

| र हदस अकबर भएको व्यक्तिको लागि निम्न चीजहरू हलाल छैनन्: | |
|---|---|
| ४- कुरानको कुनै अंश पढ्ने। | ५- मस्जिदमा वजु नगरी बस्ने। |

| महिनावारी र सुत्केरी महिलाहरूको लागि निम्न वस्तुहरू पनि थपिनेछन्: | | |
|---|---|---|
| ६- उपवास बस्ने हुँदैन। | ७- तिनीहरूसँग सम्भोग नगर्ने। | ८- न त सम्बन्धविच्छेद गर्ने। |

यद्यपि, तिनीहरूको लागि कुरान पढ्न अनुमति छ।
हज र उमराहको विषेश गर्ने कुराहरु पूरा गरेपछि र आफ्नो देश जानु अघि यदि तिनीहरूलाई महिनावारी आयो र यो महिनावारी यात्राको दिनसम्म जारी रह्यो भने तिनीहरूबाट तवाफे वदा रद्द हुन्छ, त्यसैले तिनीहरू तवाफ नगरी आफ्नो देश तिर प्रस्थान गर्नेछिन्, इब्न अब्बास को हदीस को कारण कि: "मानिसहरूलाई आदेश दिइएको थियो कि तिनीहरूको अन्तिम वाचा अल्लाह को घर संग हो, तर महिनावारी महिलालाई यसबाट छुट दिएको छ।

# महिनावारी सम्बन्धीत अध्याय

महिलाहरुको योनि बाट निस्कने रगत नै वास्तवमा महिनावारी हो।
जसको कुनै सीमा छैन: न वर्षको, न मात्राको, न पुनरावृत्तिको।
यदि महिलाको लगातार रगत बगिरह्यो वा थौरै अवधिको लागि रोकियो भने यस्तो अवस्थामा मुस्तहाजा मानिनेछ, र नबी सल्लल्लाहु अलैहि वसल्लमले त्यस्ता महिलाहरूलाई महिनावारीका दिनहरू गणना गर्न आदेश दिनुभएको छ (बाँकी दिनहरू इस्तेहाजा) यदि पहिले जस्तो छैन भने तब रङ्गहरू बीचको भिन्नता हेर्ने, र यदि रङ्गहरूको बीचमा फरक गर्न सम्भव छैन भने समान्य महिलाहरूको दिन अनुसार छ वा सात दिन महिनावारी गणना गर्ने र अरु दिनहरूलाई  इस्तीहाजा। अल्लाह धेरै जान्नु हुनुहुन्छ।

| महिनावारी | निफास | इस्तीहाजा | | |
|---|---|---|---|---|
| यसको कुनै सीमा छैन: न त वर्षको, न मात्राको, न पुनरावृत्तिको। | यो महिलाको रगत बच्चा जन्माउँदा वा त्यस अघि वा त्यस पछि बग्छ। यसको नियम: महिनावारी जस्तै छ। | यो महिलाहरूलाई निरन्तर बगिरहेको रगत हो, वा थौरै अवधिको लागि तिनीहरूबाट रुक्छ, र मुस्तहाजाका तीन अवस्थाहरू छन्: | | |
| | | दिनहरुको जानकारी, जसलाई आफ्नो दिनहरुको थाहा होस्, उसले ती दिनहरूमा न नमाज पढोस् नउपवास बस्सोस्। | जसले छुट्याउन सक्छिन्, जसलाई आफ्ना दिनहरु थाहा छैन तर रङ्ग, गन्ध, घनत्व र जमेको आधारमा महिनावारी र महिनावारी नभएको रगत छुट्याउन सक्छिन्। | चकित हुने, जसलाई न आफ्नो दिन थाहा होस् र न छुट्याउन सक्छिन्, उसले आफ्नो परिवारका महिलाहरू अनुसार हिजरी महिनाको सुरुमा  नमाज र व्रत बस्नु हुँदैन। |

निफासको कुनै सीमा छैन, न न्यूनतम न अधिकतम त्यसैले चालीस दिनपछि पनि रगत देखेमा निफास मानिनेछ महिनावारी हुने महिला नमाजको समयमा पवित्र भइन् भने उनले समयमै नमाज पढ्न सकुन् भने जतिसक्दो चाँडो स्नान गर्नु अनिवार्य हुन्छ। र यदि मग्रिब को नमाजको एक रकत पछि महिनावारी आयो भने उनले पवित्र भएपछि मग्रिबको त्यो नमाज पढ्नु पर्छ किनभने उनी महिनावारी अघि एक रकत पढ्ने पर्याप्त समय पाएका थिइन्।

# किताब अल तहाराबाट प्रश्न

| गलत | सही | प्रश्नहरू |
|---|---|---|
| ☐ | ☐ | पवित्रता दुई प्रकारका हुन्छन्: हदसबाट पवित्रता र फोहोर बाट पवित्रता। |
| ☐ | ☐ | अपवित्र र फोहोर भाँडाकुँडाहरू प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ। |
| ☐ | ☐ | सुनका भाँडाहरू प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ। |
| ☐ | ☐ | सुन चाँदीको भाँडोमा खान र पिउन पुरुषलाई मात्र निषेध गरिएको छ, महिलालाई होइन। |
| ☐ | ☐ | आवश्यक भएमा थोरै सुन प्रयोग गरेर भाँडाहरू जोड्न अनुमति छ। |
| ☐ | ☐ | बहुदेवबादीहरूको भाँडा प्रयोग गर्न बिल्कुल अनुमति छ। |
| ☐ | ☐ | सुन चाँदीका भाँडाहरू प्रयोग गरेर पवित्रता हासिल गर्नु ठीक होइन। |
| ☐ | ☐ | अपवित्रताको आदेश संक्रामक हुन्छ, तर यसको प्रभाव संक्रामक हुँदैन। |
| ☐ | ☐ | जिउँदो जनावरबाट काटिएको उसको मृत शरीर जस्तै हो। |
| ☐ | ☐ | जुनसुकै पशु जसको मासु खाने चलन छैन ती सबै अपवित्र हुन्छन्। |
| ☐ | ☐ | यदि पवित्रता सँग सम्बन्धित कुनै कुरामा मवालात छुट्यो भने वज़ु अमान्य हुन्छ र यदि वसुसँग सम्बन्धित कुनै कुरामा मवालात छुट्यो भने वजु सही हुन्छ। |
| ☐ | ☐ | यदि पट्टी मुनिको घाउ निको भयो भने, पट्टीको पवित्रता अमान्य हुनेछ। |
| ☐ | ☐ | यदि घाउ छोपिएको छ र छोप्ने ठाउँ वैध छ भने त्यसमाथि मसह गर्नुपर्छ र यदि मसह गर्न हानिकारक छ भने त्यसलाई छोपेको भए पनि त्यस माथि तयम्मुम गर्नुपर्नेछ खुला जस्तो। |
| ☐ | ☐ | हरेक वस्तु जसलाई उतार्न पगडी जस्तै गाह्रो होस् त्यो पगडी नै हो। |
| ☐ | ☐ | हरेक त्यो वस्तु जस्ले स्नान आवश्यक बनाउँछ उस्ले वजुलाई पनि आवश्यक बनाउँछ। |
| ☐ | ☐ | नियत गर्दा गोप्य रुपमा नियत गर्नु सुन्नत हो। |
| ☐ | ☐ | शरीरलाई तीन तीन पटक धुनु सुन्नत हो। |
| ☐ | ☐ | समय सकिएपछि तयम्मुम अमान्य हुन्छ। |
| ☐ | ☐ | घाउमा तयम्मुम गर्नुपर्ने अवस्था न त पानीको अभावको शर्त छ न त निरन्तरता को शर्त छ न त मवालातको शर्त छ। |
| ☐ | ☐ | तयम्मुम अनिवार्य पवित्रताको लागि वैध छ मुस्तहबको लागि छैन। |
| ☐ | ☐ | मानवको सबै फोहोर अपवित्र छन्। |

☐ ☐ महिवारीको समस्या फिकहको सबैभन्दा कठिन मुद्दा होइन।

☐ ☐ गर्भावस्थामा महिनावारी आउँदैन।

☐ ☐ महिलाको सम्बन्धमा महिनावारी मान्य हुनेछ पवित्रता होइन।

☐ ☐ जसरी उपास्ना गरिसकेपछि नियत तोड्नेले फर्क पर्दैन, त्यसरी नै उपास्ना सकिएपछि शंकाले केही फर्क पार्दैन अश्वत नहुन्जेल सम्म।

☐ ☐ नबी अल्लाह सल्लल्लाहु अलैहि वसल्लम को समयमा गर्ने कारण थियो तर उहाँले गर्नुभएन, त्यसैले त्यो सुन्नत हुन सक्दैन।

☐ ☐ सुन्नतको पालना धेरै उपास्ना भन्दा राम्रो हो।

☐ ☐ जब हात (यद्) शब्द बोलिन्छ, तब यसको अर्थ हत्केला (कफ्) हुन्छ।

☐ ☐ यदि हदस असगरको कारणले तयम्मुम गरिएको हो भने वज़ु रद्द गर्ने कार्यहरुले तयम्मुम पनि रद्द हुन्छ र यदि हदस अकबरको कारणले तयम्मुम गरिएको हो भने स्नान आवश्यक बनाउने कारणले तयम्मुम रद्द हुनेछ।

☐ ☐ थोरै मात्रामा सबै प्रकारका अपवित्रताहरू क्षमा छन्।

☐ ☐ महिनावारीको सुरुवाति र अन्त्य हुने उमेरको निर्धारण गर्नु ठीक होइन, तसर्थ महिलाले फोहोर रगत देखेमा महिनावारी भएको मानिनेछ।

☐ ☐ यदि गर्भवती महिलाले आदतका दिनहरूमा लगातार रगत बगिरहेको देखे भने त्यो महिनावारी हो तर इद्दतका दिनहरूमा यसलाई मानिने छैन।

☐ ☐ यदि अल्लाह तआलाले हामीलाई नियत बिना धार्मिक कार्य गर्न बाध्य बनाउनु हुन्थियो भने यो हाम्रो नियन्त्रण भन्दा बाहिर हुन्थीयो।

☐ ☐ टाउकोको पवित्रतामा केही छुट दिइएको छ।

☐ ☐ गुप्ताङ बाट निस्कने वस्तुले वजु रद्द हुँदैन दिसापिसाब बाहेक।

महिनावारी हुने महिला को लागी निषेधित छ: नमाज पढ्ने ☐ उपवास बस्ने ☐ दुवै ☐

महिनावारी हुने महिलाको पतिका लागि निषेध गरिएको छ :☐ सम्बन्ध विच्छेद गर्ने ☐ दुवै☐ उनीसँग यौनसम्पर्क गर्ने

पवित्रताका प्रकारहरू छन्: ☐ दुई ☐ तीन

किताबुत् तहारह अर्थात्: ☐ शारीरिक पवित्रता ☐ आध्यात्मिक पवित्रता

पानीका प्रकारहरू छन्: ☐ दुई ☐ तीन

पानी अपवित्र हुन्छ: ☐ फोहोरको कारण ☐ पूर्ण परिवर्तनको कारण

जब पवित्र र अपवित्रको बीचमा शंका होस्, तब: ☐ दुवैबाट टाढा रहने ☐ अनुसन्धान गर्ने ☐ दुवैलाई मिलाउने तीन ढुङ्गाहरू बाट

इस्तजमार गर्ने: ☐ मुस्तहब हो ☐ अनिवार्य हो

सुर्यस्तको बेला उपवास बस्नेले मिस्वाक गर्नु : □ मकरुह हो □ अनुमति छ

मसहको अवधि सुरु हुनेछ: □ लगाएपछि र हदसपछि □ मसह पछि

पगडी माथि मसह पछि निधार देखियो भने निधारको मसह : □ वाजिब हो □ सुन्नत हो

मसहको अवधि पूरा भएपछि: □ पवित्रता प्राप्त गर्नुपर्छ □ वजु अमान्य हुनेछ □ उसमाथी मसह अमान्य हुनेछ

घाउ खुल्ला भएमा पानीले धुनु अनिवार्य हुन्छ, पानीले धुनु गाह्रो भए मसह गर्नुपर्छ र मसह गाह्रो भएमा त्यम्मुम गर्नुपर्छ र त्यसो गर्ने: □ अधिकार छ □ निरन्त्रता आवश्यक छ

जो पवित्रतामा विश्वस्त छ र हदसको बारेमा शङ्का छ वा यसको विपरित तब : □ विश्वासमा निश्चित हुनुपर्यो □ फेरि वजु गर्नु राम्रो हुन्छ

निद्राले: □ बिल्कुलै वजु रद्द गर्ने छ □ बिल्कुलै वजु रद्द गर्ने छैन □ यस्मा हदसको सम्भावना हुन्छ

महिलाहरूलाई छुने: □ वजु रद्द गर्ने हो □ वजु रद्द गर्ने होइन

तयम्मुम: □ हदस हटाउँछ □ पानी चाहिने व्यक्तिको लागि अनुमति छ

कासुँगुरको गोबर: □ मुखफ्फफ हो □ मुगल्लज हो □ मुत्वस्सित हो

मानव रगत: □ पवित्र छ □ अपवित्र छ □ थोरै मात्रा माफ हुन्छ □ गुप्ताङ्ग बाट निस्कने बाहेक सबै पवित्र हो

महिनावारीमा परख्ने लक्षणहरू हुन्: □ एक □ तीन □ चार

निफासको सबैभन्दा सामान्य अवधि हो: □ 40 दिन □ 60 दिन

निफासको हालतमा सम्बन्धविच्छेद गर्ने: □ तलाक बद्ई हो □ तलाक सुन्नी हो

इब्न सादीका केही लेखहरूको उल्लेख गर्नुहोस्:

........................................................................................:

........................................................................................

........................................................................................

........................................................................................

दायाँ र बायाँ सूचीबाट मिल्ने गरि जोडा मिलाउ:

| | |
|---|---|
| हदस असगर | निद्राको बीचमा विर्य निस्कनेलाई भनिन्छ। |
| महिनावारीको रगत | स्नान अनिवार्य बनाउने सबै कुरालाई भनिन्छ। |
| निफास को रगत | वज़ु अनिवार्य बनाउने सबै कुरालाई भनिन्छ। |
| हदस अकबर | सुत्केरी हुँदा महिलाबाट निस्कने रगतलाई भनिन्छ। |
| इहतेलाम | किशोरी महिलामा बग्ने रगतलाई भनिन्छ। |

# नमाजका अध्याय

<table>
<tr><td colspan="7">नमाज भन्ने: (तकबीरबाट सुरु भई सलामले समाप्त हुने भनाइ र कर्महरू मिलेर बनेको उपासना हो), यो दुई प्रकारको हुन्छन्:</td></tr>
<tr><td colspan="5">[१] अनिवार्य: यो सबै मुस्लिम,बालिग,बुद्धिमान् माथि अनिवार्य छ, र महिनावारी तथा प्रसवोत्तर महिलाहरू बाहेक, र सात वर्षका बालकहरूलाई त्यसो गर्न आदेश दिइनेछ, र दस वर्षका बालबलिका हरूलाई त्यसलाई त्याग्दा हानिनेछ, यो दिन र रातिमामा पाँच पटक अनिवार्य हुन्छ।</td><td colspan="2">[२] नफिल: यो वाजिब होइन तर मुस्ताहब हो।<br>तिनीहरू धेरै छन्, र त्यसका दुई प्रकारहरू छन्।</td></tr>
<tr><td>[१] फजर: दुई रकत</td><td>[२] जोहर: चार रकत</td><td>[३] असर: चार रकत</td><td>[४] मग्रिब: तीन रकत</td><td>[५] ईशा: चार रकत</td><td>१- समान्य नफल नमाजहरू: जुन सेवकले दिन वा रातिमा निषेधित समय बाहेक चाहेको बेला पढ्न सक्छ।</td><td>[२] विशेष नफल नमाजहरू: ती नमाजहरू हुन् जसको लागि समय वा कारण तोकिएको छ, तिनीमध्ये अनिवार्य सुनन्हरु पनि हुन्।</td></tr>
</table>

## [नमाजका सर्तहरू]

<table>
<tr><th colspan="3">नमाजका नौ (९) वटा सर्तहरू छन्:</th></tr>
<tr><td>[१] इस्लाम</td><td>[२] बुद्धि</td><td>[३] तमिज</td></tr>
<tr><td>[४] हदस हटाउने</td><td>[५] अपवित्रता हटाउने</td><td>[६] गुप्ताङ्गहरू ढाक्ने</td></tr>
<tr><td>[७] नमाजको समय हुने</td><td>[८] किब्लह तर्फ  अनुहार गर्ने</td><td>[९] इरादा गर्ने</td></tr>
</table>

यो उल्ललेख भइसकेको छ कि पवित्रता प्राप्त गर्नु नमाजको शर्तहरु मध्ये हो।
र नमाजको सर्तहरु मध्ये नमाजको समय हुनु पनि हो।
यसको प्रमाण हदीसे जिब्रीलमा छ कि: उहाँले नबी सल्लल्लाहु अलैहि वसल्लमलाई प्रारम्भिक समयमा र अन्तिम समयमा नमाज पढाउनु भयो र भन्नुभयो: “हे मुहम्मद ! नमाजको समय यी दुई समयको बीचमा छ। यो अहमद, नसई र तिरमिजि द्वारा वर्णन गरिएको छ।
र अब्दुल्लाह बिन अमरको वर्णन छ कि नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो:

| | | | | |
|---|---|---|---|---|
| १- जुहरको समय दिउँसो देखि अर्थात: जब सूर्य आकाशको बीचबाट पश्चिमतर्फ सर्न थाल्छ, र त्यसस्तै मानिसको छायाँ उसको उचाइ बराबर हुने सम्म र अस्रको समय हुने | २-अस्रको समय: दिउँसोको अन्त्य देखी घाम पहेँलो हुने सम्म। | ३- मगरिबको समय : सूर्यास्तदेखि रातोपन हराउने सम्म। | [४] ईशाको समय : रातोपन हराउने देखि मध्यरात सम्म। | [५] फजरको समयः बिहान सबेरै देखि सूर्योदयसम्म, यो मुस्लिम द्वारा वर्णन गरिएको छ। |

यदि कसैले समयमै नमाजको एक रकत पढ्छ भने, उसले समयमै नमाज पूरा गरेको मानिन्छ, किनकि नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले नमाजको एक रकत पूरा गर्यो उसले नमाज पूरा गर्यो। "। (बुखारी व मुस्लिम)

नमाज ढिलो गर्न अनुमति छैन, न त कुनै बहानाको कारणले कुनै नमाज ढिलो गर्न अनुमति छ, तर यदि कुनै कारणवश अर्को नमाजसँग मिलाएर पढ्न ढिलाइ गरोस्, जसरी यात्र, वर्षा, रोग, र यस जस्तै अरु कुनै कारणले अनुमति छ।
तर आरम्भिक समयमा पढ्न राम्रो हुन्छ निम्न बाहेक:

| | |
|---|---|
| १- ईशाको, यदि त्यसो गर्न गाह्रो नहोस्। | २- जोहरको तातो दिनहरूमा। |

नबीले भन्नुभयो: "जब गर्मी तीव्र होस्, तब शितलतामा नमाज पढ्नुहोस्, किनभने गर्मी नरकको आगोको भाप हो।
जसको नमाज छुटिसकियो उसको लागि त्यो नमाज तुरुन्तै क्रमश पूरा गर्नु वाजिब हो।
यदि: उसले क्रम बिर्सेछ, वा उसलाई थाहा छैन, वा उसलाई नमाज छुट्ने डर छ, तब छुटेको नमाज र हालको नमाज बीचको क्रम रद्द हुनेछ।

**नमाजको समय भएपछि निम्न कार्य गर्न अनुमति छ:**

**१- अजान:**
यसको नियम: गाउँ र सहरका पुरुषहरूका लागि पाँचै नमाजहरूमा फर्जे किफाया छ।
यसको ठाउँ: नमाजको समयमा, मानिसहरूलाई सूचित गर्न र मण्डलीमा नमाज पढ्न सुचित गर्नको लागि।
यसका शब्दहरू: अल्लाहु अकबर अल्लाहु अकबर अल्लाहु-अकबर-अल्लाहु-अकबर अशहदु अल्लाह इलाहा इल्लला अशहदु-अल्लाह-इलाहा-इल्लला अशहदु अन्न मुहम्मदुर्रसुल अल्लाह अशहदु-अन्न-मुहम्मदुर्रसुल-अल्लाह हैय्या अलस सल्लाह हैय्या-अलस-सल्लाह हैय्या अलल फलाह हैय्या-अलल-फलाह अल्लाहु अकबर अल्लाहु अकबर ला इलाहा इल्ललाह।

**अजान दिनेवाला बाहेक अरुको लागि मुस्तहब हो:**
मुअज्जिनका शब्दहरू भनेजस्तै दोहोर्याउने, तर जब मुअज्जिनले भनोस्: "हैय्या-अलस-सल्लाह हैय्या अलल फलाह" तब दुबैको जवाफमा भन्ने: "ला हव-ल वला क़ुव्व-त इल्ला बिल्लाह" र अल्लाह सर्वशक्तिमानको मद्दत खोज्दै मण्डलीमा उपस्थित हुने इरादा गर्ने।
नबी सल्लल्लाहु अलैहि वसल्लममाथि दरुद पठाउने,
अजान पछि पढिएको बिन्ति पढ्ने "अल्लाहुम्मा रब्बा हाज़ीहिल दावती-त-ताम्मति वस्सलातिल कायिमति आती मुहम्मदा नील वसिलता वल फ़ज़ीलता वब'असहू " मक़ामम महमूदा निल्ल्जी व्'अत्तहू,
अजान र इकमतको बिचमा,चाह्ना अनुसार बिन्ति गर्ने।

**२- इकामत:**
यसको नियम: यो सुन्नत हो।
यसको ठाउँ: तकबीरे तहरीमाको साथ नमाज सुरु गर्नु अघि।
यसका शब्दहरू:अल्लाहु अकबर अल्लाहु अकबर अल्लाहु अकबर अल्लाहु अकबर अशहदु अल्लाह इलाहा इल्लल्लाह अशहदु अल्लाह इलाहा इल्लला अशहदु अन्न मुहम्मदुर्रसुल अल्लाह अशहदु अन्नमुहम्मदुर्रसुल अल्लाह हैय्या अलस सल्लाह हैय्या अलल फलाह कद्कामतिस् सलाह कद्कामतिस् सलाह अल्लाहु अकबर अल्लाहु अकबर ला इलाहा इल्ललाह।

**यसको सर्तहरू मध्ये हो: वैध कपडाले गुप्ताङ्ग ढाक्ने नग्नता प्रकट नगर्ने।**
**गुप्ताङ्ग भन्ने निम्न तीन प्रकारका हुन्छन्:**

**१- मोगल्लजह:**
अनुहार बाहेक सम्पूर्ण शरीर एउटा किशोरी महिलाको गुप्ताङ हो र नमाजमा अनुहार बाहेक सम्पूर्ण शरीर छोप्नु अनिवार्य हुन्छ।

**२- मोखफ्फिफह:**
सातदेखि दस वर्षसम्मको बालबालिकाले गुप्ताङ्ग छोप्नु अनिवार्य हुन्छ।

**३- मोत्वस्सित:**
माथि उल्लेखित दुई परकार बाहेक यसमा सबै समावेश छन्, र तिनीहरुको गुप्ताङ्ग नाभिदेखि घुँडासम्म हो।

| |
|---|
| अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ: हे आदमका सन्तानहरू हो ! हरेक उपासनाको बेलामा सुन्दर पोशाक धारण गर। |
| तिनी शर्तहरु मध्ये एक हो किब्लाह तर्फ अनुहार हुनु।<br>अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ: अनि जुन ठाउँबाट तिमी निस्क, आफ्नो अनुहार मस्जिद हराम तर्फ फर्काउ।<br>यदि कुनै रोग आदिको कारणले किब्लह प्राप्त गर्न सम्भव छैन भने यो अवस्था रद्द हुनेछ, जसरी बाध्यताले गर्दा अन्य दायित्वहरू रद्द हुन्छन्, अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ: सकेसम्म अल्लाहसँग डराऊ।<br>र नबी सल्लल्लाहु अलैहि वसल्लमले आफ्नो सवारीमा नफल नमाज पढ्थे, चाहे सवारी कुनै पनि दिशा तर्फ जाओस। (बुख़ारी व मुस्लिम) |

| | | | | |
|---|---|---|---|---|
| तिनी शर्तहरू मध्ये एक हो इरादा गर्नु, र यसको स्थान हृदय हो, र यसलाई जिब्रोले भन्नु नवीनता हो। सबै ठाउँमा नमाज पढ्ने अनुमति छ, निम्न बाहेक: | | | | |
| १- अपवित्र ठाउँमा | २- जबरदस्ती कब्जा गरिएको जमीनमा | ३- कब्रिस्तानमा | ४- शौचालयमा | ५- ऊँट बाँध्ने ठाउँमा |
| "सुनन् तिर्मीजी" मा वर्णन गरिएको छ: कब्रिस्तान र शौचालय बाहेक सम्पूर्ण पृथ्वी नमाजका लागि ठाउँ हो। | | | | |

## नमाज पढ्ने तरीकाको अध्याय

| | |
|---|---|
| नमाजको लागि आउँदा मुस्तहब यो हो कि ,शिष्टाचार र सम्मानित ढङ्गले आउने<br>मस्जिदमा प्रवेश गर्दा, यसो भन्ने: बिस्मिल्लाह वस्सलातोवस्सलामो अला रसुलिल्लाह अल्ला हुम्मग् फर्लि जुनुबि वफ तहली अबवा ब रहमतिका, र अघि बढाउने; | |
| १- मस्जिदमा प्रवेश गर्दा आफ्नो दाहिने खुट्टा। | २- मस्जिद छोड्दा बायाँ खुट्टा। |

नोट: मस्जिद प्रवेश गर्ने र बाहिर निस्कने समय "अल-सलात" शब्द भन्ने कुनै पनि प्रामाणिक हदीसमा उल्लेख गरिएको छैन।

र यो बिन्ती पढ्न सकिन्छ "वफ्तह ली अबुवाब फज्लिका" किनकि यो शब्द अहमद र इब्न माजह द्वारा वर्णन गरिएको हदीसमा छ।
नमाजको लागि खडा हुँदा "अल्लाहु अकबर" भन्ने र हत्केलाको भित्री भागलाई किब्लातर्फ फर्काएर आफ्नो दुवै हात उठाउने:

| | |
|---|---|
| १- आफ्नो काँध बराबर। | २- कान बराबर। |

**निम्न चार ठाउँमा:**

| | | | |
|---|---|---|---|
| ४- पहिलो तशाहुदबाट उठ्दा। | ३- रुकुअ बाट टाउको उठाउँदा। | २- रुकुअमा। | १- तकबीरे तहरीमहमा। |

र आफ्नो दाहिने हातको हत्केलाको भित्री भागले बायाँ हातको हत्केलाको बाहिरी भागलाई समातेर नाभिको माथि वा  तल वा छातीमा राख्ने।

नोट: छातीमा हात राख्ने नै सुन्नत हो, यस बाहेक कुनै पनि ठाउँमा नबी सल्लल्लाहु अलैहि वसल्लम द्वारा प्रमाणित छैन।

सज्दहको ठाउँमा नजर राख्ने, यता उता नहेरिकन।

र "सुब हानकल लाहुम्मा व बिहमदिका व तबा रकस्मुका व तआला जददुका वला इलाहा गैरुक" पढ्ने, व नबी बाट प्रमाणित कुनै पनि दुआ पहिलो रकतमा मात्र पढ्ने, फेरि "अउजो बिल्लाहि मिनस्सैतानर्रजीम" पढ्ने, र "बिस्मिल्ला-हिर्रहमा-निर्रहीम" पढ्ने, र त्यस पछि सुरा अल-फातिहा पढ्ने
।
र यसका साथै चार र तीन रकतको  नमाजमा पहिलो दुई रकतहरूमा अरु कुनै सुरह पढ्ने,
र पढ्ने तरिका निम्न प्रकार छन् :

| | | |
|---|---|---|
| **1- फजरमा:**<br>तेवाले मुफस्सल | **2-मग्रिबमा:**<br>केसारे मुफस्सल | **3- बाकी नमाजहरुमा:**<br>केसारे औसाते मुफस्सल |

**मुफस्सल सुरहहरु:**

| | | |
|---|---|---|
| **केसारे मुफस्सल:**<br>सुरह जुहा देखि सुरह नास सम्म। | **औसाते मुफस्सल:**<br>सुरह नबा देखि सुरह लैल सम्म। | **तेवाले मुफस्सल:**<br>सुरह काफ देखि सुरह मुर्सलात सम्म। |

| नमाजमा पठन विधि: | |
|---|---|
| १- रातको नमाजमा अवाजले पठन हुनेछ। | २- र दिनको नमाजमा मनमा पठन हुनेछ, जुमा, ईद, कुसुफ र इस्तिकाको नमाजहरू बाहेक किनकि तिनीहरूमा अवाजले पठन हुनेछ। |

त्यसपछि रुकुको लागि तकबीर भन्ने,
र हात घुँडामा राख्ने र कुहिनो सिधा राख्ने।
र टाउकोलाई पीठको बराबरीमा राख्ने।
र कम्तिमा एक पटक "सुब्हान रब्बी अल अजीम" भन्ने, र यसलाई दोहोर्याउने।
र यसका साथै "सुब्हानक अल्लाहुम्मा रब्बना व बेहम्दिका अल्लाहुम्मग् फिर्ली" भन्यो भने यो राम्रो हो।
त्यसपछि टाउको उठाउने र "समीअल्लाह हुलिमन हम्दह" भन्ने, चाहे त्यो एकलै पढ्ने, व मंडलीमा पढ्ने,
संयमताका साथ खडा हुँदा प्रत्येकले "रब्बना लक्लहम्द हम्दन कसिरन् तय्बन् मुबार्कन् फिह मिल्अस्समाइ व मिल्अल्अर्जि व मिल्अ माशिअत मिन् शैइन् बादु" अनिवार्य पढ्ने,
त्यसपछि आफ्नो सातवटा अंहरुमा सजदह गर्ने, जसरी नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ: "मलाई सात हड्डीहरूमा सजदा गर्न आदेश दिइएको छ,(1) निधारमा - र उहाँले आफ्नो नाक तर्फ संकेत गर्नुभयो –(3) दुबै हत्केलाहरूमा,(5) दुबै घुँडाहरूमा र (7) दुवै खुट्टाको औंलाहरूमा " (बुखारि व मुस्लिम)

काखीको बीचमा, पेट र तिघ्राको बीचमा र तिघ्रा र गोलीगाँठोको बीचममा दूरी राख्ने र आफ्नो हातहरू जमिनबाट टाढा राख्ने।

र "सुभ्हाना रबी अल्-अला" कम्तिमा एक पटक भन्ने, र यसलाई दोहोर्यायो भने राम्रो कार्य हो, र यस बाहेक प्रमाणित दुआहरु पढ्ने।
त्यसपछि तकबीर भन्ने र बायाँ खुट्टामा बस्ने र दाहिने खुट्टा खडा राख्ने, यसलाई इफ्तेराश भनिन्छ।
र यस्तै नमाजको सबै बैठकहरूमा गर्नुपर्छ, अन्तिम तशाहुद बाहेक, किनकि त्यसमा तवर्रुक गर्नुपर्छ, अर्थात्: भुइँमा बस्ने र बायाँ खुट्टालाई दाहिने तर्फबाट बाहिर निकाल्ने।
र "रब्बिग् फिर्लि वर्हमनी वहदिनि वर्जुक्नि वज्बुर्नी वआफिनि" पढ्ने।
त्यसपछि पहिलो सज्दा जस्तै दोस्रो सज्दा गर्ने।
त्यसपछि तकबीर भन्दै आफ्नो पाइलाको अगाडि भागमा आफ्नो वजन राखेर उभिने।
र पहिलो रकत जस्तै दोस्रो रकतमा गर्ने, तर यसमा दुआ इस्तिफ्ताह पढ्नु हुँदैन।

त्यसपछि पहिलो तसव्हुदको लागि बस्ने र "अत तहिय्यातु लिल लाहि वस सलवातु वत तय यिबातु अस सलामु अलैका अय्युहन नबिय्यु व रहमतुल लाहि व बरकातुह
अस सलामु अलैना व अला इबदिल लाहिस सलिहीन अश हदु अल ला इलाहा इल्लल लाहु व अश हदु अन्ना मुहम्मदन अब्दुहू व रसूलुह" पढ्ने,
त्यसपछि तकबीर भन्ने र प्रत्येक रकतमा सुरह फातिहाको पठन गर्ने।
त्यसपछि अन्तिम तशाहुदको लागि बस्ने र तशाहुदको दुआ पढ्ने, र त्यसमा निम्न दुआहरू पनि थप्ने:

| | | |
|---|---|---|
| 1- अल्लाहुम्मा सल्ली अला मुहम्मदिव व अला आली मुहम्मदिन कमा सल्लैता अला इब्राहीमा व अला आली इब्राहीमा इन्नका हमीदुम मजीद। अल्लाहुम्मा बारिक अला मुहम्मदिव व अला आली मुहम्मदिन कमा बारकता अला इब्राहीमा व अला आली इब्राहीमा इन्नका हमीदुम मजीद। | 2- अल्ला हुम्मा इन्नी ज़लम्तु नफ़्सी ज़ुलमन - कसीरंव वला यग़्फ़िरुज़-जुनूब इल्ला अन-त फ़गफ़िरली मग़-फिरतम मिन इनदिका वर-हमनी इन्नका अन्तल गफ़ुर्रहीम अल्लाहुम्मा इन्नि अउजुबेका मिन अजाबिल् कब्रि वअउजुबिका मिन् फित्नतिल मसिहिद्दज्जालि वअउजुबिका मिन् फित्नतिल महया वमिन् फित्नतिल ममात। | ३- र आफ्नो चाह्ना अनुसार अल्लाह संग बिन्ति गर्ने र सबैभन्दा राम्रो कुरा पैगम्बर बाट प्रमाणित बिन्तिहरु गर्ने हो। |

त्यसपछि "अस्सलामो अलैकुम वरह्मतुल्लाह" भन्दै दायाँ र बायाँ तिर सलाम फेर्ने। जस्को प्रमाण वाएल बिन हुजरको त्यो वर्णन हो जस्लाई अबु दाऊले उल्लेख गरेका छन्।
माथि उल्लिखित कार्यहरू मध्ये मौखिक कार्यहरू हुन्: तकबीर तहरीमा, एकलै नमाज पढ्नेले सुरह फातिहाको पठन, अन्तिम तशाहुद र सलाम फेर्नु।
र बाँकी सबै फेली हुन्, पहिलो तशवहुद र यसको लागि बस्ने बाहेक किनभने तिनी नमाजका दायित्वहरू मध्ये एक हुन्।

**नमाजका स्तम्भहरू चौध छन्:**

| | | |
|---|---|---|
| १- शक्ति छ भने उभिनु। | २- तकबीर तहरीमा। | 3- सुरह फातिहा पढ्ने। |
| ४- रुकअ। | ५- रुकुअपछि संयमित भएर उभिनु। | ६- सात अंगहरूमा सज्दह गर्नु। |
| ७- सज्दह बाट टाउको उठाउनु। | ८- दुबै सजदहको बीचमा बस्नु। | |
| ९- सबै कार्यहरू सन्तोषजनक रूपमा गर्नु | १०- सबै कार्यहरूलाई क्रमबद्ध रूपमा गर्नु। | |
| ११- अन्तिम तशव्हहुद | १२- अन्तिम तशव्हुदको लागिबस्नु | १३- पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम माथि दरुद पठाउनु। |
| १४- दुबै तर्फ सलाम फेर्नु। | | |

| नमाजका कर्तव्यहरु आठ छन्: | | |
|---|---|---|
| १- पहिलो तशव्हुद | २- यसको लागि बस्ने | ३- तकबीर तहरीमा बाहेक बाँकी तकबीरहरू |
| ४- रुकुअमा सुभ्हाना रबी अल-अजीम भन्ने। | ५- र सज्दहमा कम्तिमा एक पटक सुब्हाना रब्बियल आला भन्ने। | ६- र दुबै सज्दहको बीचमा कम्तिमा एक पटक "रब्बीग् फिर्ली" भन्नु, जबकि एक पटक भन्दा बढी भन्नु मस्नून छ। |
| ७- इमाम र मुनफरिद दुबैले "समिअल्लाहु लेमन् हमिदह" भन्ने। | ८- इमाम र मुनफरिद दुवैले "रब्बन्ना लक अल-हम्दु" भन्ने। | |

माथि उल्लेखित दायित्वहरू बिर्सने र अज्ञानताका कारण माफ हुन्छन्, र यसको पूर्ति सज्दह सहव् द्वारा गरिने छ,
जबकि स्तम्भहरू कुनै पनि हालतमा माफ छैनन्, न लापरवाहीबाट, न अज्ञानताले वा न त जानाजानी भूलबाट छोड्नेले।
र बाकी कुराहरू र कार्यहरूको सुन्नतहरू मध्येको हुन्, जुन नमाजको पूर्णता मध्येको हुन्।
र नमाजका सबै स्तम्भहरूलाई सन्तुष्टिपूर्वक पूरा गर्नु नमाजका स्तम्भहरू मध्ये हुन्।
अबू हुरैराबाट वर्णन गरिएको छ कि नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो "जब तिमी नमाजको लागि खडा हुनुहोस्, तब पहिले वजु गर्नुहोस्, त्यसपछि किब्ला तर्फ अनुहार गरेर तकबीरे तहरीमह भन्नुहोस्, त्यसपछि कुरआनबाट तपाईंको लागि जे सजिलो छ पढ्नुहोस्, त्यसपछि रुकुअ गर्नुहोस्, र रुकुअमा स्थिर भएपछि टाउको उठाउनुहोस् र सीधा खडा भएपछि सज्दहमा जानुहोस् र सज्दह पछि टाउको उठाउनुहोस्, र स्थिरताका साथ बस्नुहोस्, र यस्तै प्रत्येक रकतमा गर्नुहोस्। (बुखारि व मुस्लिम)
र उहाँ सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो "तिमीहरु म जस्तै नमाज पढ्" (बुखारि व मुस्लिम)
नमाज समाप्त गरेपछि तीन पटक इस्तिग्फार पढ्नुहोस्, र निम्न दुआ पढ्नुहोस्:

| | | |
|---|---|---|
| 1- अल्लाहुम्मा अंतस्सलाम व मिनकस्लासम तबारकत या ज़लज़लाली वल इकराम । | 2- ला इलाह इल्लल्लाहु वहदहु ला शरीक लहु, लहुल मुल्कु वलहुल हम्दु वहुव अला कुल्लि शैइन क़दीर ला इलाह इल्लल्लाहु वहदहु ला शरीक लहु, लहुल मुल्कु वलहुल हम्दु वहुव अला कुल्लि शैइन क़दीर वला नाबुदु इल्ला इयाह लहुन्नेमतो वलहुल् फज्लो वलहुस्सनावुल्हुसनो ला इलाह इल्लल्लाहु मुख्लिसिना लहुद्दिन वलोकरिहल काफिरुन्"। | 3- सुब्हानल्लाह दल्हमदुलिल्लाह वल्लाहुअकबर तेत्तीस पटक पढ्ने र एक पटक ला इलाह इल्लल्लाहु वहदहु ला शरीक लहु, लहुल मुल्कु वलहुल हम्दु वहुव अला कुल्लि शैइन क़दीर" पढ्ने। |

| सुन्ते मुकादा दस छन्, जुन इब्न उमरको हदीसमा वर्णित छन्,उनी भन्छन्: "मैले अल्लाहको रसूलबाट दस रकतहरू याद गरेको छु: | | | |
|---|---|---|---|
| १- जुहर भन्दा पहिले दुई रकत, र जोहर पछि दुई रकत। | २- मगरिब पछि आफ्नो घरमा दुई रकत। | ३- इशा पछि घरमा दुई रकत। | ४- र फजर भन्दा पहिले दुई रकत। (बुखारि व मुस्लिम) |

**रवातिब :** अनिवार्यता पछि रवातिब आउनेले रवातिबलाई रवातिब भनिन्छ।

| नमाज | फजर | जुहर | मगरिब | इशा |
|---|---|---|---|---|
| **रकत संख्या** | 2 | 6 व 4 | 2 | 2 |
| **नमाज अघि** | 2 | 4 व 2 | 0 | 0 |
| **नमाज पछि** | 0 | 2 | 2 | 2 |

**अनिवार्य सुन्नतहरुका बुद्धिमत्ताहरु:**

- सेवकहरूको तर्फबाट फर्जमा हुने गल्तीको सुधार।
- विश्वासमा बढत, किनकि आज्ञाकारिताले विश्वास बढाउँछ, जबकि अवज्ञाले यसलाई घटाउँछ।

| सबैभन्दा महत्त्वपूर्ण सुन्नत : फजरको सुन्नत हो,जुन अन्य सुन्नतहरू भन्दा धेरै भिन्न छ, जसमध्ये केही निम्न छन्: | | | | |
|---|---|---|---|---|
| १- यसको उत्कृष्टता : पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो "फजरका दुई रकतहरू संसार र यसमा जे छ ती सबै भन्दा राम्रो छन्"। | २- हलुका : स्तम्भहरूमा कमी नगरिकन आयशा भन्छिन्: "जब अल्लाहका रसूल फजरको अजान सुन्नुहुन्थे तब उहाँले दुई रकत हलुका नमाज पढ्नुहुन्थ्यो। | ३- सधैं पढ्नु : यसलाई कहिले छोडिनु हुँदैन। | ४- पठन: र यसको विशिष्ट पठन सुरह काफ्रून र सुरा इखलास हो। | ५- त्यसपछी सुत्नु : कयामुल्-लेल पढ्नेहरुको लागि घरमा दाहिने छेउमा सुत्नु सुन्नत हो। |

# सज्दह सह्हू, सज्दह तिलावत र सज्दह शुक्रको अध्याय

| सजदा सह्हु गर्नु अनुमति छ जब: | | | |
|---|---|---|---|
| १- नमाजमा बिर्सेर बढोत्तरी गर्ने चाहे त्यो सज्दह होस्, वा रुकुअ होस्, वा उभ्नु होस् वा बस्नु होस्। | २- वा उल्लिखित कुनै कुरामा कमी भएमा त्यसलाई सकिएपछि सजदह सह्हु गर्नुपर्छ। | ३- वा नमाजको दायित्वहरू मध्ये कुनै एकलाई छोड्नु। | ४- वा कमी र बढिको शंका होस्। |

| र यो नबी सल्लल्लाहु अलैहि वसल्लम बाट प्रमाणित छ कि उहाँले: | | | |
|---|---|---|---|
| १- पहिलो तशाहुदमा उठ्नुभयो नबसिकन त्यसपछि सजदह गर्नुभयो। | २- "जुहर वा असरको नमाज दुई रकत पढेपछि, पैगम्बरले सलाम फर्नुभयो, त्यसपछि मानिसहरूले उहाँलाई बिर्सने जानकारी गराउनुभए, उहाँले यसलाई पूरा गर्नुभयो र सज्दह सह्हु गर्नुभयो" | ३- "उहाँले जुहरको नमाज पाँच रकत पढ्नुभयो त्यसैले उहँलाई भनियो : के नमाज बढेको छ ?" उहाँले भन्नुभयो के भयो ? मानिसहरूले भने: तपाईंले पाँच रकत नमाज पढाउनुभयो, त्यसपछि उहँले सलाम फेर्नुभयो र दुईवटा सजदह गर्नुभयो। बुखारि व मुस्लिम | ४- र उहाँले भन्नुभयो: जब तिमीहरू मध्ये कसैलाई उसले कति रकतहरू नमाज पढेको भन्ने कुरामा शंका होस् : के उसले तीन वा चार रकत पढेको छ ? तब उसले शंका त्यागेर विश्वासमा भरोसा गरोस र सलाम फेर्नु अघि दुईवटा सजदा गरोस्, यदि उसले पाँच रकत नमाज पढेको छ भने यसले उसलाई जोडी बनाउँछ, र यदि उसले पूरा (चार) रकत पढेको छ भने यो शैतानको अपमानको कारण हुनेछ। "अहमद र मुस्लिम। |

| उसलाई सलाम भन्दा पहिले वा सलाम पछि सजदह गर्ने अधिकार छ<br>र मस्नुन यो छ: | |
|---|---|
| १- सज्दह तिलावत : नमाज र नमाज पछि पाठक र श्रोता दुबैको लागि। | २- त्यसैगरी यदि कुनै व्यक्तिलाई उपकार प्राप्त भयो वा समस्या हट्यो भने उसले अल्लाहलाई सजदह शुकर् गरोस्। |

र सजदा शुकर्को आदेश सजदह तिलावत जस्तै छ अर्थात: यो पनि सुन्नत हो।

काअब बिन मलिकको कथनमा यो प्रमाण छ कि जब अल्लाहले उनको पश्चात्ताप स्वीकार गरेको शुभ समाचार आयो तब उनले सज्दह शुकर् गरे।

<table>
<tr><th colspan="6">सज्दह सह्‌ु गर्नुका तीन कारण छन्:</th></tr>
<tr><td rowspan="3">१- थप्नु कसैले आफ्नो रुकुअ, सज्दह,उभ्ने वा बस्नेमा बढोत्तरी गरोस् ।</td><td rowspan="3">२- कमी जसरी कसैले नमाजको एउटा दायित्व घटायो र (दोहोर्याउने) समय खत्म भयो ।</td><td colspan="4">३- शंका: कति रकत सकियो भन्ने शंका होस् तीन रकत कि चार रकत र शंका दुई प्रकारका हुन्छन्:</td></tr>
<tr><td rowspan="2">1- नमाज सकिएपछि उत्पन्न हुने शंका: पूर्ण रूपमा आश्वस्त नभएसम्म यसमा ध्यान दिइने छैन ।</td><td colspan="3">2- नमाजको बिचमा शंका हुने: र यसको आदेश:</td></tr>
<tr><td>यदि धेरै शंका छ भने ध्यान दिइने छैन ।</td><td>यदि अलिकति शंका छ भने विश्वासमा अश्वस्त हुनुपर्छ ।</td><td>यदि शंका र निश्चितताको कुरा बराबर छ भने कममा विश्वास गरोस् ।</td></tr>
</table>

## नमाजको भ्रष्टता र घृणित कार्यहरूको अध्याय

| नमाज निरस्त हुनेछ निम्न कुराहरु गर्दा: | | | | |
|---|---|---|---|---|
| [१] कुनै पनि शर्त जानाजानी वा लापरवाही वा अज्ञानतापूर्वक छोडेने जबकि यसलाई पुरा गर्ने क्षम्ता छ र यसलाई नदोहरियाउने । | [२] कुनै दायित्वलाई जानाजानी छाड्ने । | [३] जानाजानी बोल्ने । | [४] ठूलो स्वरले हाँस्ने । | [५] बिना आवश्यकता अत्याधिक हिल्डुल गर्नु, किनकि पहिलोमा नमाज पूरा नहुने कुरालाई त्याग्नु हो, र पछिल्लोमा रोकिएको काम गर्नु हो। |

| निम्न कुराहरु घृणित छन्: | |
|---|---|
| [१] नमाजमा वरिपरि हेर्ने, किनकि नबी (सल्लल्लाहु अलैहि वसल्लम) संग नमाजमा घाँटी घुमाउने बारे सोधिएको थियो, र उहाँले (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुभयो : यो एउटा विचलित कार्य हो, शैतानले मानिसको नमाजलाई विचलित गर्दछ। बुखारी | [२] गाली गर्नु पनि घृणित छ। |

| | | | | |
|---|---|---|---|---|
| [३] कम्मरमा हात राख्नु। | [४] एक हातको औँलालाई अर्को हातको औंलामा घुसाउने। | [५] औंलाहरू फोट्नु। | [६] नमाजमा कुकुरजस्तै बस्ने [आफ्नो दुबै खुट्टा खडा गरेर तिनीहरूको बीचमा बस्ने,र आफ्नो मलद्वार जमिनमा राख्ने]। | [७] उसको अगाडि केही कुरा हुनु जसले उसलाई विचलित गरोस् [जस्तै महिला र टेलिभिजन]। |
| [८] वा उसले नमाज सुरु गरोस् र उसको हृदय विचलित रहोस्: वा जब खाना खाने इच्छा होस्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) को भनाइको कारण : "कसैले नमाज पढ्नु हुँदैन जब उसको अगाडि खाना होस् वा दिसा वा पिसाब गर्न आवश्यक होस्।" | पिसाब र शौच रोक्न मा। | [९] नबी सल्लल्लाहु अलैहि वसल्लमले मानिसहरूलाई सज्दह प्रणामको बीचमा आफ्नो हात फैलाउन निषेध गर्नुभयो। | | |

**नमाजमा हिल्डुल गरेमा सबै पाँच आदेशहरू लागू हुन्छन्:**

| | | | | |
|---|---|---|---|---|
| [१] अवैध जुन अति हो, जस्तै आवश्यकता बिना अत्याधिक हिल्डुल गर्ने, जस्तै खाने। | [२] घृणित: जुन अलि अलि होस् जस्तै आवश्यकता बिना थोरै हिड्ने। | [३] वैध : आवश्यकता अनुसार दाढीमा औंला गर्ने। | [४] मन पराएको : यस्तो हिल्डुल जस्ले गर्दा नमाजको लाईन पूरा होस्। | [५] गर्नु नै पर्ने: जस्तै नमाजमा अशुद्धता हटाउने। |

| शर्त: | रुक्न (स्तंभ): | अनिवार्य: | सुन्नत: |
|---|---|---|---|
| जुन उपासना भन्दा बाहिरको कुरा हो। | उपासना भित्रको कार्य। | | |
| सबै किसिमको उपासनामा स्थिर रहन्छ। | यो उपासनाको एक विशेष भागमा सीमित हुन्छ। | | |
| यसमा मानिसलाई अज्ञानता वा बिर्सने कारणले माफ गर्दैन। | | यो अज्ञानता वा बिर्सने कारणले असक्षम भएको मानिनेछ, तर जानाजानी होइन। | यसमा अज्ञानता वा लापरवाही वा जानाजानी गरेको कार्यलाई असक्षम मानिनेछ। |
| यसको पूर्ति प्रणामद्वारा गर्न सकिँदैन। | | यसको पूर्ति प्रणाम द्वारा गर्न सकिन्छ। | यसमा पूर्तिको आवश्यकता छैन। |

## नफली नमाजहरुको अध्याय

### [सूर्य र चन्द्रग्रहणको नमाज बारे अध्याय]

यस मध्ये सबैभन्दा महत्त्वपूर्ण सूर्य ग्रहणको नमाज हो, किनभने पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले यसो गर्नुभयो र आदेश दिनुभयो।

यसलाई पढ्ने विधि आयशाको यस हदीसमा समावेश छ कि पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले : "सूर्य ग्रहणको नमाज अवाजले पढ्नुभयो र चार रुकुअ र चारवटा सजदाहरू सहित दुई रकत नमाज पढ्नुभयो।" बुखारि व मुस्लिम

यसको विशेषता यस प्रकार छ: आयशाद्वारा वर्णन गरिएको छ, उनी भन्छिन्: "नबी सल्लल्लाहु अलैहि वसल्लमको जीवनमा एक पटक सूर्य ग्रहण भयो, उहाँ मस्जिदतर्फ जानुभयो, र मानिसहरू उहाँको पछाडि लाइनमा लागे, उहाँले तकबीर भन्नुभयो। र लामो पठन गर्नुभयो, त्यसपछि धेरै बेरसम्म रुकुअ गर्नुभयो, त्यसपछि उहाँले भन्नुभयो, "सम्मि अल्लाहु लिमन् हम्दह", त्यसपछि सजदह गर्नु नगरिकन उभिनुभयो, र लामो पठन गर्नुभयो, तर त्यो पहिलो पठनभन्दा छोटो थियो, त्यसपछि उहाँले तकबीर भन्नुभयो र लामो रुकुअ गर्नुभयो, तर त्यो पहिलो रुकुअ भन्दा छोटो थियो, त्यसपछि उहाँले ``सामिअल्लाहु लिमन् हम्दह", ``रब्ना वलकल् हम्द" भन्नुभयो, त्यसपछि उहाँले सजदह गर्नुभयो, त्यसपछि उहाँले दोस्रो रकत पहिलो रकत जस्तै पढ्नुभयो। यसरी उहाँले चार रुकुअ र चारवटा सजदह पूरा गर्नुभयो, उहाँले नमाज पूरा गर्नुअघि नै घाम उदाइसकेको थियो।

नमाज पछि मानिसहरूलाई उपदेश दिनु र तिनीहरूलाई बारम्बार बिन्ती, क्षमा र दान गर्न आदेश दिनु इमामको लागि गर्नु पर्ने कार्य हो, जसरी पैगम्बरले गरे।

### [ वित्र नमाजको बारेमा अध्याय ]

वित्र नमाज सुन्नत हो।

पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) घर र यात्रामा सदैव पढ्नु हुन्थियो। र यसलाई पढ्न मानिसहरूलाई प्रोत्साहित गर्नुभएको छ।

| | | | |
|---|---|---|---|
| [१] यसको न्यूनतम रकअत : एक रकअत हो। | [२] अधिकतम रकअत: एघार रकत हो। | [३] यसको समयः इशाको नमाजपछि फज्र नमाजसम्म। | [४] सबैभन्दा राम्रो यो हो कि : यो रातको अन्तिम नमाज होस्। |

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "वित्रलाई रातको अन्तिम नमाज बनाउनुहोस्।" बुखारी व मुस्लिम।

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसलाई रातको अन्त्यमा उठ्न नसक्ने डर छ उसले वित्र पहिलो पढोस्, र जसले रातको अन्त्यमा उठ्ने आशा छ उसले अन्त्यमा वित्र पढोस् किनभने रातको अन्तिम भागको नमाज यस्तो छ कि यसमा स्वर्गदूतहरु उपस्थित हुन्छन् र त्यो सबैभन्दा राम्रो हो।" यो इमाम मुस्लिम द्वारा वर्णन गरिएको छ।

| [ वर्षाको नमाजको बारेमा अध्याय ] |
|---|
| वर्षा नहुँदा मानिसहरू चिन्तित भएको बेला इस्तिकाको नमाज पढ्नु सुन्नत हो। |
| यो इदको नमाज जस्तै मरुभूमिमा पढिन्छ। |
| र यस नमाजको लागि घर बाट बाहिर नम्रतापूर्वक र विनम्रतापूर्वक, बिन्ती गर्दै र रुँदै निस्कनु पर्नेछ। |

| | | | |
|---|---|---|---|
| [१] दुई रकत नमाज पढिनेछ। | [२] त्यसपछि उपदेश दिनुपर्नेछ: | | |
| | [ए] उपदेशमा बारम्बार क्षमा माग्ने र जुन आयतहरुमा यसको बारेमा आदेश दिएको छ त्यो आयतहरु बारम्बार दोहृयाउने। | [ख] नम्रतापूर्वक नमाज पढ्ने। | [ज] बिन्ति स्वीकार गर्न हतार नगर्ने। |

| इस्तिकाको नमाजका लागि बाहिर निस्कनु अघि, दुष्टता हटाउने र दयाको प्रकाश ल्याउने माध्यमहरू अपनाउनुपर्छ, जस्तै: | | | | |
|---|---|---|---|---|
| [१] क्षमा | [२] पश्चात्ताप | [३] दमन गर्नु बाट रुक्नु। | [४] प्राणीहरूप्रति दयालु हुनु। | [५] र अल्लाहको दयाको प्रकाश ल्याउने र उहाँको क्रोध हटाउने जस्ता अन्य माध्यमहरू अपनाउने। अल्लाह धेरै ज्ञानी छ। |

| [ निषेधित समयको बारेमा अध्याय ] | | |
|---|---|---|
| समान्य नवाफिल पढ्नाका लागि निषेधित समयहरू निम्न हुन्: | | |
| [१] बिहानदेखि सूर्य एक नेजा उदाउँदासम्म। | [२] अस्रको नमाज पछि सूर्यास्त सम्म। | [३] सूर्य मध्य आकाशमा हुने देखि अस्ताउन सम्म।<br>अल्लाह सबै भन्दा धेरै ज्ञानी छ। |

| निषेधित समयमा निम्न नमाजहरू पढ्न सकिन्छ: | |
|---|---|
| [१] अनिवार्य छुटेको नमाज पढ्ने। | [२] केही कारण नमाज,जस्तै वजुको सुन्नत, तहिय्यह तुल-मस्जिद,तवाफ पछि दुई रकत, ग्रहणको नमाज र इस्तिखाराको नमाज। |

## मण्डली र इमाम संग नमाज पढ्ने को अध्याय

पाँच टाइमको नमाज मण्डलीमा पढ्नु पुरुषहरु माथि अनिवार्य छ, जसरी पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: " मैले यो इच्छा गरें कि दाउरो एकत्रित गर्ने आदेश गरुँ अनि नमाजको लागि अजान भन्ने आदेश गरुँ र कसैलाई नमाज पढाउने आदेश गरेर ती मानिसहरुको घर सम्म जाऊँ जुन सामूहिक नमाजमा उपस्थित हुँदैनन् अनि तिनीहरुसमेत तिनीहरुको घरलाई आगो लगाइदिऊँ। बुखारी मुस्लिम

यसको सबैभन्दा कम मात्रा हो: एक इमाम र एक मुक्तादी, र धेरै भीड अल्लाह को लागी धेरै प्रिय छ।

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "सामूहिक नमाज पढ्नु एक्लै नमाज पढ्नु भन्दा २७ गुणा राम्रो छ।" बुखारी मुस्लिम।

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: जब तपाईंहरु आफ्नो ठाउँहरूमा नमाज पढिसकेपछि मस्जिदमा आउनुहोस् जहाँ सामूहिक भइरहेको हेर्नुहोस् तब तपाईंहरु पनि तिनीहरूसँग फेरि नमाज पढ्नुहोस्, त्यो तपाईंको लागि नफल (सुन्नत) हुनेछ।"

र अबु हुरैराह बाट वर्णन गरिएको छ कि: "इमामलाई पछयाउनको लागि मात्र नियुक्त गरिन्छ, त्यसैले:

| | | | | |
|---|---|---|---|---|
| 1-जब उसले यो तकबीर पढोस् तब तपाईंहँरु पनि तकबीर पढ्नुहोस्। | 2- र जब उसले रुकुअ गरोस् तपाईंहँरु पनि रुकुअ गर्नुहोस्। | 3- र जब उसले "समिअल्लाहु लेमन हमिदह" भनोस् तपाईंहँरु "रब्बना व लकल् हमद्" भन्नुहोस्। | 4- र जब उसले सज्दह गरोस् तपाईंहँरु पनि गर्नुहोस् । | 5- र जब उसले बसेर नमाज पढोस्, तपाईंहँरू पनि बसेर नमाज पढ्नुहोस्। |

र यो उपयुक्त हुन्छ कि:

| | | |
|---|---|---|
| [१] इमाम अगाडि रहोस्। | [२] इमामको पछाडि नमाज पढ्नेले लाईनमा सँगै उभिने। | [३] पहिलो पङ्क्ति पूरा गर्ने जारी राख्नुहोस्। |
| [४] महिलाहरू पुरुषहरुको पछाडि उभिने छिन्। | | |

र जसले बिना कुनै बहाना लाइनको पछाडि एक रकत पनि नमाज पढ्छ, उसले त्यो रकत फेरी पढ्नुपर्नेछ।

इब्न अब्बास भन्छन्: "एक रात मैले पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमको पछाडि नमाज पढें र उहाँको देब्रेपट्टि उभिएँ, तब उहाँले मेरो टाउको पछाडिबाट समातेर मलाई दाहिने तिर फर्काए।" बुखारी मुस्लिम।

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जब तपाईंहँरु इकामहको आवाज सुन्नुहोस, तब शान्ति र मर्यादाका साथ नमाजको लागि निस्कनुहोस्, र हतार नगर्नुहोस् र नमाज मध्ये जेसुकै पाउनुहोस् पढ्नुहोस् र छुटेको रकत दोह्याउनुहोस्।' बुखारी मुस्लिम।

र तिर्मीजी को एक हदीस मा छ कि: "जब तपाईं मध्ये कोही नमाज पढ्न आओस् र इमामलाई जुनसुकै अवस्था पाओस् त्यसतै त्यो पनि गरोस्।"

# नमाज पढ्ने अवस्था बारे अध्याय

## [ बिरामीको नमाजको बारेमा अध्याय ]

बिरामीलाई सामूहिक नमाज पढ्न बाट छुट दिइएको छ।

उभिएर नमाज पढ्दा रोग बढ्ने डर छ भने बसेर नमाज पढ्नुपर्छ, र शक्ति नभएमा लेटेर नमाज पढ्नुपर्छ, किनभने पैगम्बरको भनाइको छ,जुन इमरान बिन हुसैनलाई भनिएको थियो : "उभेर नमाज पढ्नुहोस्, यदि शक्ति छैन भने, बसेर नमाज पढ्नुहोस्, र यदि बस्ने पनि शक्ति छैन भने, लेटेर नमाज पढ्नुहोस् ।" यो बुखारी द्वारा वर्णन गरिएको छ।

यदि प्रत्येक नमाजको समयमा नमाज पढ्न गाह्रो छ भने, दुई दुई नमाज एकै साथ जम्मा गरेर पढ्ने अनुमति छ जुहर र असर सँगै र मगरिब र ईशा सँगै = दुबै नमाज मध्ये कुनै एक नमाजको टाइम भएमा ।

## [ यात्रीको नमाज को अध्याय ]

त्यसैगरी यात्रीका लागि नमाज जम्मा गरेर पढ्ने अनुमति छ दुई नमाजमध्ये कुनै एकको समयमा, जुनसुकै को अगाडी पछाडी (जस्तै जुहर र अस्र सँगसँगै र मगरिब र इशा सँगसँगै ) ।

यात्रीका लागि चार रकत नमाज छोटो पारेर दुई रकत नमाज पढ्नु मस्नून हो ।

र उसको लागि रमजानको रोजा तोड्ने अनुमति छ [ र रमजान पछि उसले त्यसको पूर्ति गर्नुपर्नेछ ]।

]डरको नमाजको अध्याय[

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले बताएको कुनै पनि तरिकाले डरको नमाज पढ्न अनुमति छ।

ती मध्ये एक सालेह बिन खव्वातको हदीस हो, जसले जात अल-रोक्कहको दिन पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम सँग डरको नमाज पढ्नु भएकाथिए :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| "एक समूहले पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमसँग नमाज पढ्यो र अर्को समूह शत्रुहरूको अगाडि थियो । | उहाँले आफूसँग भएकाहरू सँगै एक रकत नमाज पढ्नुभयो । | त्यसपछि उहाँ खडा हुनुभयो र तिनीहरू आफैले नमाज पूरा गरे । | त्यसपछि तिनीहरू फर्किए र शत्रुको सामु उभिए । | त्यसपछि दोस्रो समूह आयो र उहाँले उनीहरूसँग दोस्रो रकतको बाँकी नमाज पढ्नुभयो । | त्यसपछि उहाँ बसिरहनुभयो र तिनीहरूले आफ्नो नमाज पूरा गरे । | त्यसपछि उहाँले तिनीहरूसँग सलाम फेर्नुभयो । |

र जब धेरै डर होस् तब सवारीमा हिँड्दा किब्ला तर्फ वा अन्य दिशामा अनुहार गरेर नमाज पढ्नुपर्छ , र इशाराले रुकअ र सज्दह गर्नु पर्छ ।

त्यसैगरी भयभीत व्यक्तिले जुनसुकै अवस्थामा नमाज पढ्ने अनुमति छ, र आफ्ना सबै आवश्यकताहरू पूरा गर्नेछ जस्तै दौड, इत्यादि।

पैगम्बरले भन्नुभयो: यदि म तिमीहरुलाई कुनै आदेश दैऊँ तब तिमीहरु आफ्नो क्षमता अनुसार त्यो गर्नुहोस् ।" बुखारी व मुस्लिम ।

# शुक्रवार को नमाज अध्याय

हरेक व्यक्ति जसमाथि सामूहिक नमाज पढ्न अनिवार्य छ, उसले शुक्रवारको नमाज पढ्नु पनि अनिवार्य छ, यदि ऊ भवनको बासिन्दा होस्, र यसका सर्तहरु निम्न छन्:

| | | |
|---|---|---|
| [१] समयमै पढ्नु पर्ने। | [२] यो गाउँमा होस्। | [३] र त्यसअघि दुईवटा उपदेशहरु दिइयोस्। |

जाबिरबाट एक हदीस छ,उहाँले भन्नुहुन्छ: जब पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) उपदेश दिनुहुन्थ्यो तब:

| | | | | |
|---|---|---|---|---|
| [१] उहाँको आँखा रातो, आवाज बुलन्द र उत्साह बढि हाल्थियो, मानौं उहाँ कुनै सेनालाई खतरा बाट सचेत गर्नु हुनुहुन्थियो "शत्रुको सेना तपाईहरुको बीचमा बिहान आइपुग्यो वा बेलुका आइपुग्यो"? | [२] र उहाँ भन्नुहुन्थ्यो: "प्रशंसा र हमद पछि ! सबै भन्दा राम्रो कुरा अल्लाह को किताब हो र सबै भन्दा राम्रो तरीका मुहम्मद को मार्ग हो। सबैभन्दा खराब कर्महरू नयाँ (नवीनता) कर्महरू हुन्,र प्रत्येक नवीनता गलत हो। मुस्लिम | [३] मुस्लिमको हदीसका अर्को शब्दहरू यस प्रकार छन् : शुक्रबारको दिन पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को उपदेश हुन्थ्यो, उहाँ अल्लाहको प्रशंसा गर्नुहुन्थ्यो, र त्यसपछि उहाँ (उहाँको शब्दहरू) बोल्नुहुन्थ्यो र उहाँको आवाज उच्च हुन्थ्यो। | [४] मुस्लिम को एक हदीसमा छ: "जसलाई अल्लाहले मार्गनिर्देशन दिइयोस्, उसलाई कसैले पनि गुमराह गर्न सक्दैन,र जसलाई अल्लाहले गुमराह गरोस् उसलाई कसैले पनि मार्गनिर्देशन गर्न सक्दैन।" | [५] र उहाँले भन्नुभयो: "मानिसले आफ्नो नमाज लामो गर्नु र आफ्नो उपदेश छोटो गर्नु उसको समझको चिन्ह हो।" मुस्लिम |

उपदेशपीठमा चढेर प्रवचन दिनु मुस्तहब हो, र उपदेशपीठमा चढ्दा सबैलाई सलाम गर्नुपर्ने छ।
त्यसपछि बस्नु पर्ने छ, र मुअज्जिनले अजान दियोस्, त्यसपछि उभिएर उपदेश दिनुपर्ने छ, त्यसपछि बस्नु पर्ने छ, र त्यसपछि फेरि उभिनु पर्छ र अर्को उपदेश दिनुपर्नेछ।
त्यस पछि नमाजको इक्मह भनियोस्, र अवाजले सबैलाई दुई रकत नमाज पढाउनु पर्छ, पहिलो रकतमा"सूरह अल-अला" र दोस्रोमा "सूरह गाशियाह" वा "सूरह जुमा" र "सूरह अल-मुनाफिकून" पढ्नुपर्ने छ।
शुक्रबारको नमाजको लागि आउनेहरूलाई निम्न कार्यहरु गर्न मुस्तहब हो:

| | | | |
|---|---|---|---|
| [१] नुहाउनु पर्ने। | [२] अत्तर लगाउने। | [३] राम्रो देखि राम्रो लुगा लगाउने। | [४] शुक्रवार को नमाज को लागि चाँडै निस्कने। |

| | |
|---|---|
| [६] यस दिन सुरह कहफ पढ्ने। | [५] सकेसम्म पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम माथि दरुद पठाउने। |

[७] स्वीकृतिको घडी खोज्ने र राम्रोसँग बिन्ति गर्ने।

सहिहैनमा भनिएको छ "यदि तपाईले आफ्नो साथीलाई शुक्रबार इमामको उपदेश दिने समयमा भन्नुभयो लाग्नुस्,तब तपाईले गलत गर्नुभयो।" एक पटक, नबी सल्लल्लाहु अलैहि वसल्लम शुक्रबारको दिन उपदेश दिइरहेका थिए, जब एक जना मानिस आए, उहाँले उहाँलाई सोध्नुभयो: "के तपाईंले नमाज पढ्नुभयो ?" उहाँले भन्नुभयो: होइन; तब उहाँले भन्नुभयो: "उठ र दुई रकत नमाज पढ्।" बुखारी व मुस्लिम।

नमाज पढ्न आउने व्यक्तिको लागि उपदेशको समयमा निषेधित कर्यहरु निम्न छन्:

| | |
|---|---|
| [१] कुरा गर्नु , तर इमामलाई सम्बोधन गर्न अनुमति छ। | [२] मानिसहरूको घाँटीको माथिबाट जाने |

## अध्याय: ईदको नमाज को बारेमा

"नबी सल्लल्लाहु अलैहि वसल्लमले मानिसहरूलाई ईदको लागि बाहिर निस्कन आदेश दिनुभएको छ,बालिग केटीहरू र महिनावारी भएका महिलाहरूलाई पनि, उनीहरू उपदेस र बिन्तिमा भाग लिनेछन्, तर महिनावारी भएका महिलाहरू नमाज स्थलबाट टाढा रहनेछन्। "। बुखारी व मुस्लिम।

र यसको समय सूर्य उदय पछि एक भाला बराबर देखि अस्ताउन सम्म। र यस सम्बन्धमा सुन्नतहरु निम्न छन्:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| [१] गाउँ बाट बाहिर पढ्ने। | [२] ईद अल-अजहाको नमाज हतार गर्ने। | [३] ईद अल-फित्रमा अलि ढिलाइ गर्ने। | [४] ईद अल-फित्रमा नमाज पढ्नु अघि बिजोड खजूर फल खाने। | [५] सरसफाई गर्ने र सुगन्ध लगाउने। | [६] सबै भन्दा राम्रो ड्रेस लगाउने। | [७] एउटा बाटो बाट जाने र अर्को बाटो बाट फर्कने। |

अजान र इकमह बिना सँगै दुई रकत नमाज पढ्ने, पहिलो रकतमा: तकबीरे तहरीमासँग सात तकबीरहरू भन्ने, र दोस्रो रकतमा: उभिएर तकबीर बाहेक पाँचवटा तकबीरहरू भन्ने, र प्रत्येक तकबीरमा हात उठाउने। , प्रत्येक दुई तकबीरको बीचमा अल्लाहको प्रशंसा र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लममाथि दरुद पठाउने, त्यसपछि सुरा-अल-फातिहा पढ्ने र त्यसमा एउटा अरु सुरह पनि मिलाएर दुवै रकतहरूमा अवाजले पढ्ने।

सलामपछि, शुक्रबारको उपदेश जस्तै दुईवटा उपदेश दिने, र दुवै उपदेशमा वर्तमान परिस्थिति अनुसार उपयुक्त आदेशहरूमा सबैलाई मार्गदर्शन गर्ने।

निम्न तरिकाले तकबीर भन्नु मुस्ताहब छ:

| | |
|---|---|
| [१] तकबीरे मुत्लक: ईदको रातहरूमा र जुल-हिज्जाको सबै दस दिनहरूमा। | [२] तकबीर मुकैय्यिद: प्रत्येक नमाज पछि,अराफाको दिनको फजरको नमाजदेखि "तश्रिक" को अन्तिम दिनको असरको समय सम्म। |

तकबीर को शब्दहरु "अल्लाहो अकबर अल्लाहो अकबर लाइलाहा इल्लल्लाहो वल्लाहू अकबर, अल्लाहु अकबर व लिल्लाहिल हम्द!

## किताब अल-सलातबाट प्रश्नहरू

| बेठीक | ठीक | प्रश्न: |
|---|---|---|
| ☐ | ☐ | ☐ विश्वासले प्रमाणित गरेको कुरा विश्वासले मात्र पर्याप्त हुनसक्छ |
| ☐ | ☐ | ☐ फरजे ऐन फरजे किफाया भन्दा राम्रो हो |
| ☐ | ☐ | ☐ मानिसले विभिन्न तरिकामा उपलब्ध हुने उपासनाहरू विभिन्न तरिकामा नै मात्र गर्ने |
| ☐ | ☐ | ☐ हरेक नमाज जसमा हतार गर्न मस्नून छ, त्यस नमाजमा सबैभन्दा राम्रो कुरा यो हो कि अजान र इकामहको बीचमा लामो समय नहोस्। |
| ☐ | ☐ | ☐ अजान अनिवार्य छ |
| ☐ | ☐ | ☐ यात्रीका लागि इकामा भन्नु वैध छैन |
| ☐ | ☐ | ☐ हिजरी वर्ष (१) मा मदीनामा अजान वैध घोषित गरिएको थियो |
| ☐ | ☐ | ☐ इकामह सुन्ने सबैलाई मुइज्जिनले भनेको कुरा दोहोर्याउन राम्रो कुरा हो |
| ☐ | ☐ | ☐ अस्रको समय जुहरको समय भन्दा लामो हुन्छ |
| ☐ | ☐ | ☐ बाहिरी रूपमा काफिरको नक्कल गर्दा उसको भित्री रूपमा नक्कल तर्फ लैजाने छ। |
| ☐ | ☐ | ☐ फोहोरमल आफ्नो ठाउँमा छ भने त्यसले कुनै फर्क पार्दैन। |
| ☐ | ☐ | ☐ नफल नमाज जुन सामूहिक पढ्न अनुमति दिइएको छ त्यो अन्य नफल नमाजहरू भन्दा बढी विशिष्ट छ। |
| ☐ | ☐ | ☐ राम्रो पढन गर्ने इमामको खोजीमा एक मस्जिद देखि अर्को मस्जिद सम्म हिँड्नु सही हो । |
| ☐ | ☐ | ☐ मस्जिदको इमाम ढिलो भएमा उहाँसँग सम्पर्क गर्न सम्भव भएसम्म इकामह भन्नु सही छ। |
| ☐ | ☐ | ☐ जसले अपवित्रता हटाउन बिर्सन्छ, उसको नमाज अमान्य हुन्छ |
| ☐ | ☐ | ☐ स्पषट गल्ती गर्ने इमामको पछि नमाज पढ्नु ठीक होइन। |
| ☐ | ☐ | ☐ नमाजको नेतृत्व गर्नमा बासिन्दा र यात्रुहरू दुबै बराबर छन् |
| ☐ | ☐ | ☐ केटाहरू पुरुषहरूको पङ्क्तिको पछाडि उभिनेछन् |
| ☐ | ☐ | ☐ प्रत्येक व्यक्ति जसको नमाज वैध छ, उसको इमामत पनि गवैध छ यदि त्यहाँ कुनै अवरोध छैन। |
| ☐ | ☐ | ☐ परिस्थितिको आवश्यकता अनुसार लामो उपदेश दिनुले उपदेशकलाई समझदारको श्रेणीबाट बाहिर राख्दछ। |
| ☐ | ☐ | ☐ त्यसतो छैन कि सँग लडाई गर्न वैध छ उसको ज्यान लिन पनि वैध होस्। |
| ☐ | ☐ | ☐ जनावरसँग तुलना गर्नु निन्दाको लागि मात्र हो |

| बेठीक | ठीक | प्रश्न: |
|---|---|---|
| ☐ | ☐ | ☐ इब्न अल-कय्यिम कोभनाई छ : (उपदेशपीठ बनेपछि अरू कुनै कुरामा भर पर्नु नबी सल्लल्लाहु अलैहि वसल्लम बाट प्रमाणित छैन)। |
| ☐ | ☐ | ☐ मुकातिला (लडाई) अनिवार्य हुनुको अर्थ लड्ने व्यक्ति काफिर हो भन्ने होइन। |
| ☐ | ☐ | ☐ ईद-उल-फित्रको नमाजमा हतार गर्नु र ईद-उल-अज्हाको नमाजमा ढिलो गर्नु सुन्नत हो। |
| ☐ | ☐ | ☐ पहिलो रकतमा : तकबीर तहरीमासँगै छ वटा तकबीरहरू भनिनेछ र दोस्रो रकतमा तकबीरसँगै पाँचवटा तकबीरहरू भनिनेछ। |
| ☐ | ☐ | ☐ ग्रहण नमाजको हिकमत: अल्लाहको उद्देश्य आफ्ना सेवकहरूलाई डराउनु हो। |
| ☐ | ☐ | ☐ ग्रहणको नमाज सामूहिक पढ्नुपर्छ |
| ☐ | ☐ | ☐ कुनै कारण पढिने नमाज कारण हराएमा त्यसको वैधानिकता पनि हराउँछ। |
| ☐ | ☐ | ☐ ग्रहणको नमाज निषेधित समयमा मात्र पढिनेछ |
| ☐ | ☐ | ☐ इस्तिकाको नमाजको लागि समूहमा पढ्नु शर्त हो |
| ☐ | ☐ | ☐ पहिलो वर्षामा मान्छेले उभिने र सवारी चलाउने मस्नुन हो |
| ☐ | ☐ | ☐ एक रकतमा एकभन्दा बढी सुराहरू पढ्ने अनुमति छ |

- जोहरको समय हो: ☐ सबै चीजको छायाँ यसको बराबर हुनेमा ☐ दुई तिहाईको बराबर हुनेमा ☐ ढल्ने सम्म।
- अस्रको नमाज स्थगित गर्नु: ☐ मुस्तहब हो ☐ मकरुह हो ☐ वाजिब हो
- नमाजका सर्तहरू हुन्: ☐ नमाज अघि ☐ नमाज पछि ☐ नमाज को समयमा
- अवैधलाई वैध गर्छ मात्र : ☐ जरुरत ☐ आवश्यकता
- जसले इमामसँग शुक्रबारको नमाजको एक रकत पाउँछ उसले त्यसलाई पूरा गर्नेछ (☐ जुमाको रूपमा ☐ जोहरको रूपमा) र यदि उसले एक रकत भन्दा कम पाउँछ भने, उसले त्यसलाई पूरा गर्नेछ (☐ जुमाको रूपमा ☐ जोहरको रूपमा ☐ जोहरको रूपमा यदि उसले जोहरको इरादा गरेको थियो )।
- शुक्रवारको उपदेशमा, उपदेशक उपदेशको समयमा बस्नेछ: ☐ एक पटक ☐ दुई पटक
- बहु शुक्रवारको नमाजको लागि इमामको अनुमतिको शर्त रोकिएको छ: ☐ धर्ममा ☐ देशको प्रणालीमा ☐ दुबैमा
- ईदको नमाजमा केहि थप्नु, यस सम्बन्धित छ: ☐ समय ☐ कारण ☐ प्रकृति
- इस्लाममा चाडपर्वहरूको संख्या छन्: ☐ तीन ☐ दुई ☐ धेरै
- विजय वा पराजयको कारण मनाइने ईदहरूको आदेश : ☐ वैध ☐ अवैध

- ईदको नमाज: □ फरजे किफायह हो □ फरजे ऐन हो □ सुन्नत हो
- प्रत्येक कारणको नमाजको कारण भएन भने: □ यसलाई दोहोर्याउने छैन □ दोहोर्याउनु पर्छ।
- ईद-उल-फित्रमा,सुन्नतको पालना हुनेछ: (□ एउटै खजूर खानेले □ तीन वा बढी खजूरहरू खानेले),र यो खाने कार्य हुनेछ ईदको नमाज (□ पछि □ अघि □) र यसको हिकमत (□ सुन्नतलाई पछयाउने हो ) □ फरज र नफलको बीचमा फरक गर्ने □ दुबै )
- ईदको नमाजमा पढ्नु मस्नून हो: □ सुरा अल-अला र सुरा गशियह □ सुरह काफ र सुरह कमर □ दुबैको बीच फरक गर्ने।
- नमाज पढ्ने ठाउँमा इदको नमाज अघि र पछि नफिल पढ्ने (□ सुन्नत हो □ वैध हो □ मकरुह हो ) तर नमाज पढ्ने ठाउँमा तहियात् अल-मस्जिद पढ्ने (□ अनिवार्य हो □ सुन्नत मुकदह हो □ यो पढिने छैन)
- ग्रहणको नमाजमा, केहि थप्ने, यसको सम्बन्ध: □ समय □ कारण □ र प्रकृति तर्फ बाट हो
- ग्रहणको बारेमा मानिसहरुलाई राम्रो हुन्छ □ भन्दा □ नभन्दा।
- यदि खगोलविद्हरूले ग्रहण हुनेछ भनी भन्छन् तब : □ हामीले प्राकृतिक रूपमा आँखाले नदेखेसम्म नमाज पढ्दैनौं □ हामीले आँखाले नदेखे पनि ग्रहणको नमाज पढ्छौं।
- ग्रहणको नमाजको आदेश : □ फर्जे ऐन हो □ फर्जे किफायह हो □ सुन्नत
- ग्रहणको नमाजको लागि उपदेश: □ अनुमति छैन □ सुन्नत हो □ अनिवार्य छ
- जब ग्रहण समाप्त भएपछि यसको बारेमा थाहा होस्: □ यसलाई दोहोर्याउने छ □ दोहोर्याउनु पर्दैन।
- ग्रहणको नमाजको पढ्दा अनिवार्य नमाजको समय भईहालोस् भने: □ ग्रहणको नमाज भङ्ग गर्ने □ ग्रहणको नमाज हल्का पढ्ने □ अनिवार्य नमजको समय समाप्त नभएसम्म ग्रहणको नमाज पढ्ने।
- ग्रहणका कारण सूर्य पूरै गायब हुँदा ग्रहणको नमाज पढ्ने : □ अनुमति छ □अनुमति छैन।
- पहिलो रुकुअ पछिको कुरा : □ स्तम्भ हो □ सुन्नत हो
- बर्षाको नमाजमा केहि थप्नु, यसको सम्बन्ध छ: □ समय □ कारण □ प्रकृति
- बर्षाको नमाजको आदेश : □ फर्जे ऐन हो □ फर्जे किफायह हो □ सुन्नत हो
- वर्षाको नमाजको लागि आह्वान गर्नु: □ सुन्नत हो □ नवीनता हो
- अजानको आदेश : □ सुन्नत हो □ फर्जे किफायह हो □ फर्जे ऐन हो
- नमाजका स्तम्हरू र अनिवार्यताहरू एउटा कुरामा एकीकृत छन्, जुन : □ अज्ञानता हो □ बिर्सनेपन हो □ इरादा हो
- निषेधित समयमा पढिने नफल नमाजहरू ती हुन्: □ मुत्लक नमाजहरू □ मुकय्यिद नमाजहरू
- नमाजमा हात उठाइनेछ (रफउल यदैन गरिनेछ): □ चार ठाउँमा □ तीन ठाउँमा
- जो व्यक्ति सधैं बेहोश रहन्छ, उसले: □ नमाज दोहोर्याउनु पर्छ □ नमाज दोहोर्याउनु पर्दैन
- नमाजमा आँखा बन्द गर्ने आदेश: □ अनुमति छ □ अनुमति छैन

# [अन्त्योष्टि को बारेमा]

## मुस्लिमहरुको मृत्युको समय निम्न कुराहरू गर्दा राम्रो हुन्छ:

| | | |
|---|---|---|
| [१] मृत्यु अघि केहि कुराहरू गर्नु अनुमति छ, जस्तै: बिरामीलाई भेट्नु, उसलाई पश्चात्तापको सम्झना गराउनु,वसीयत गर्नु, बिरामीको शुद्धता र नमाजको अवस्था बारे बताउनु, बिरामीमाथि दुआ पढेर सास फेर्नु, विशेष गरी जब उसलाई यस्को आवश्यकता र इच्छा होस् , र उसलाई लाइलाहा इललल्लाह को उपदेश दिन। | [२] मृत्युको समयमा केही कुराहरू गर्नु अनुमति छ, जस्तै: आँखा बन्द गर्नु, र दाही बाँध्नु। | [३] मृत्युपछि केही कुराहरू गर्नु अनुमति छ, जस्तै: उसलाई नुहाउने, कफन (कात्रो) लगाउने, अन्त्येष्टिको नमाज पढ्ने, दफ्नाउने, उसको सम्पत्ति बाँड्ने, उसको पत्नीले ईद्दत बस्ने, उसको परिवारलाई समवेदना प्रकट गर्ने र उसको चिहानको दर्शन गर्ने। |

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "आफ्ना मृतकहरूलाई 'ला इलाहा इल्ला अल्लाह'भन्नको लागि साहस दिनुहोस्। मुस्लिम [यसलाई तीन पटक पढाइनेछ]

उहाँले यो पनि भने: "आफ्ना मृतकहरुको सामु सुरह यासीन पढ्नुहोस्।" यो नसई र अबू दाउद द्वारा वर्णित छ।

**चेतावनी:** अधिकांश धार्मिक विद्वानहरू भन्छन् कि (मृतकहरूका लागि) सुरह यासीन पढ्न को लागि प्रेरित गर्ने ती हदीस कमजोर छ र प्रमाणको रूपमा प्रयोग गर्न सकिँदैन, त्यसैले सही कुरा यो हो कि मृतकहरूको लागि सुरह यासीन पढ्ने अनुमति छैन।

## मृतकको तयारी निम्न छन्:

| | | | | |
|---|---|---|---|---|
| [१] नुहाएर | [२] कफन लगाएर | [३] उसको अन्त्येष्टिको नमाज | [4]उसलाई उठाएर | [५] उसलाई दफ्नाउने |

फर्जे किफायह।

नबी (सल्लल्लाहु अलैहि वसल्लम ) ले भन्नुभयो: " मृतकलाई छिटो लैजानुहोस् यदि ऊ राम्रो छ भने तपाईंहरु उसलाई राम्रोको नजिक बनाउनु हुनेछ ँ, र यदि ऊ राम्रो छैन भने तपाइँ आफ्नो घाँटीबाट खराबलाई छिटो हटाउनु हुनेछ ँ।"

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "मानिसको प्राण उसको ऋणमा झुण्डिएको हुन्छ जबसम्म उसको तर्फबाट कोहीले तिर्दैन।" यो अहमद र तिरमिजि द्वारा वर्णित छ।

कफनमा वाजिब वस्तु हो: मुह्रिमको टाउको र मुह्रिमको अनुहार बाहेक सम्पूर्ण शरीर ढाक्ने कपडा।

मृतकको अन्त्येष्टिको नमाज निम्नानुसार छ:

| | |
|---|---|
| [१] उभेर तकबीर भन्ने र सुरह फातिहा पढ्ने। | [२] त्यसपछि फेरि तकबीर भन्ने र पैगम्बर सल्लल्लाह अलैहि वसल्लममाथि दरुद पठाउने। |

| | | | |
|---|---|---|---|
| [३] त्यसपछि फेरि तकबीर भन्ने, र निम्न दुआहरु मार्फत मृतकको लागि बिन्ती गर्ने: | | | [४] त्यसपछि फेरि तकबीर भन्ने र सलाम फेर्ने [चाहे एक सलाम फेर्ने चाहे दुई सलाम फेर्ने]। |
| अल्लाहुम्मग़ फ़िर लि हय्यिना वमय्यितिना वशाहिदिना वग़ाइबिना व सग़ीरिना व कबीरिना व ज़करि ना वउन्साना अल्लाहुम्म मन अहययतहू मिन्ना फ़ अहयिही अलल इस्लाम, वमन् तवफ़्फ़ै तहू मिन्ना फ़ तवफ़्फ़हू अलल ईमान। | अल्लहुमग्फिर्लहु वर्हम्हु वआफिहि वआफ़ुअन्हु वक्रिम् नुजुलहु ववस्से मुद्खलहु वग्सिलहु बिल्माइ वस्सल्जे वल्बर्द वनक्किहि मिनज्जुनुबि कमाक युनक्कस् सा ौबुल् अब्यजि मिनद्दनिसि अल्लाहुम्मा ला तहरिम्ना अजरहु वला तफ्तिन्ना बादहु वग्फिर् लना वलहु। | मृतक यदि बच्चा होस् भने समान्य दुआहरु पढेपछि यो दुआ पढ्ने अल्लाहुम्मज्अलहु फर्तन् लिवालिदैहि वजुख्रन् वशफिअन् मुजाबन् अल्लाहुम्मा सक्किल बिहि मवाजिनहुमा वअअजिम् बिहि वोजुरहुमा वज्अल्हु फि किफालति इब्राहीम वकहि बरह्मतिका अजाबल्जहीम । | |

अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो,"यदि कुनै मुस्लिमको मृत्यु हुन्छ र चालीस व्यक्तिहरू,जसले अल्लाहसँग कुनै पनि कुरालाई उपासना गर्दैनन्,उसको अन्त्येष्टिको नमाजमा सहभागी हुन्छन्,अल्लाहले उसको लागि तिनीहरूको मध्यस्थता स्वीकार गर्नेछन्। र उहाँले भन्नुभयो:

| | |
|---|---|
| [१] अन्त्येष्टिमा भाग लिने र नमाज पढ्नेको लागि एक किरात छ। | [२] र यसको दफन सम्म उपस्थित हुनेहरूका लागि दुई क्यारेट हो। |

सोधियो: दुई किरात भनेको के हो ?तब उहाँले (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुभयो: "दुई ठूला पहाडहरू जस्तै(बदला)। बुखारी व मुस्लिम। र नबी सल्लल्लाहु अलैहि वसल्लमले निषेध गर्नुभयो:

| | | |
|---|---|---|
| [१] चिहानलाई पक्की बनाउने। | [२] यसमाथि बस्ने। | [३] त्यसमाथि भवन बनाउने। मुस्लिम |
| [४] र नबीले चिहानमाथि लेख्न निषेध गर्नुभयो। | [५] चिहानमाथि बत्तीहरू बाल्ने। | [६] मस्जिद निर्माण गर्ने निषेध गरिएको छ। |

[७] त्यसै गरी चिहान वा चिहान तर्फ अनुहार गरेर नमाज पढ्न निषेध गरिएको छ।

**चेतावनी:** चिहानको सम्बन्धमा राम्रो हुन्छ कि त्यो गाउँ घर भन्दा बाहिर होस् ताकि त्यो शिर्कको स्रोत नबनोस्, र चिहानलाई सुन्नत अनुसार समतल गर्नुपर्छ, अर्थात्: अलि माथि राख्ने र एक वा दुईवटा ढुङ्गा त्यसमाथि राख्ने।

जब पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) मृतकलाई दफ्नउनु हुन्थ्यो,तब उहाँ उसको (अर्थात उसको चिहान) अगाडि खडा हुन्थ्यो र भन्नुहुन्थ्यो: आफ्नो भाइको लागि क्षमा माग,र उसको लागि दृढताको याचना गर,किनकि अब उसलाई सोधिनेछ। यो अबु दाउद द्वारा वर्णित छ र हाकिमले यसलाई सहिह भन्नुभएको छ।
मृतकका परिवारलाई [ कुनै ठाउँ वा खानाको लागि भेला नभएर ] समवेदना प्रकट गर्नु मुस्तहब हो।
नबी सल्लल्लाहु अलैहि वसल्लमले मृतकहरूका लागि रोएको छ र भनेको छ: "यो दया हो",जबकि उहाँ सल्लल्लाहु अलैहि वसल्लमले "विलाप गर्नेलाई धिक्कार्नु भएको छ"।
चिहानमा आगन्तुकले यो भनोस् अस्सलामो अलैकुम अहला दारि का ि मिल मोमिनिन व इन्ना इन्शाअल्लाहु बिकुम लाहिकून वयरहमुल्लाहल् मुस्तकदमीना मिनकुम वल्मुस्ताखिरीन नस्अलुल्लाह लना वलकुमलआफियह अल्लाहुम्मा ला तहरिम्ना अज्रहुम् वला तफ्तिन्ना बादहुम वगफिर्लना वलहुम् नस्अलुल्लाह लना वलकुमलआफियह । कुनै पनि पुन्यको कर्म गर्ने र जिउँदो वा मृत मुस्लिमलाई त्यसको प्रतिफल दिएमा त्यसको लाभ उसलाई पुग्छ। अल्लाह धेरै ज्ञानी छ ।

## चिहानको भ्रमणका प्रकारहरू:

| | | |
|---|---|---|
| [१] शरई: यस मार्फत परलोकलाई सम्झने इरादा गर्ने, यसको लागि मात्र यात्रा नगर्ने, सहिह दुआहरु मार्फत आफ्नो र मृतकको लागि बिन्ती गर्ने, र शरीयतको विरुद्धमा हुने कुनै पनि काम नगर्ने। | [२] बिदई: चिहानको नजिक अल्लाह संग बिन्ती गर्ने इरादा गर्ने। | [३] शिर्किया: चिहानवालाहरु बाट आफ्नो लागि बिन्ती गर्ने मनसाय बनाउने। |

**चेतावनी:**

☐ महिलाहरूले चिहानमा जानु हुँदैन, किनकि पैगम्बरले: " धेरै मात्रामा चिहानको भ्रमण गर्ने महिलाहरूलाई धिक्कारनु भएको छ" उनीहरूको भ्रमणको कारण: समाजिक बिगाड र उनीहरूले धैर्य गर्न नसक्ने डर छ।

☐ त्यस्तै गरी उनीहरूका लागि चिहान तर्फ अन्त्येष्टिको पछि लाग्न पनि अनुमति छैन, किनभने अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीहरूलाई त्यसो गर्न निषेध गर्नुभएको छ।

☐ तर मस्जिदमा मृतकको अन्त्येष्टिको नमाज पढ्ने सम्बन्धमा, यो पुरुष र महिला दुवैको लागि अनुमति छ।

☐ अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मृत्युको कामना गर्न निषेध गर्नुभयो, र उहाँले भन्नुभयो: "तिमीहरू मध्ये कसैले पनि उसमाथि परेको पीडाको कारणले मृत्युको कामना गर्नु हुँदैन, यदि कामना गर्न आवश्यक छ भने यसो भन्ने मलाई जीवन दिनुहोस् जबसम्म मेरो लागि बाँच्नु राम्रो हुन्छ, र मलाई मृत्यु दिनुहोस् जब मेरो लागि मृत्यु उत्तम हुन्छ।"

## अन्त्येष्टिको आदेशहरु बाट प्रश्नहरू

| बेठिक | ठिक | प्रश्न: |
|---|---|---|
| ☐ | ☐ | बिरामी संग उसको नमाज र वजु कसरी गर्छ भनेर सोध्नु भनेको उसको सरोकार नभएका कुराहरूमा हस्तक्षेप गर्नु हो। |
| ☐ | ☐ | बिरामीलाई भेट्न जाँदा नजिक र टाढाका मानिसहरूमा कुनै भेदभाव गरिने छैन |
| ☐ | ☐ | यात्राबाट आउने व्यक्तिको पर्खाइमा मृतकको तयारी र अन्त्येष्टिमा ढिलाइ गर्न अनुमति छ। |
| ☐ | ☐ | उत्तराधिकारी नियुक्त नभएसम्म खलीफहको अन्त्येष्टिमा ढिलाइ गर्न अनुमति छ। |
| ☐ | ☐ | मृतकलाई नुहाउँदा र विवाह गर्दा निजकको व्यक्तीलाई प्राथमिकता दिइनेछ, वरासतमा होइन। |
| ☐ | ☐ | आत्महत्या गर्ने व्यक्तिको अन्त्येष्टिको नमाज इमामले पढाइने छैन |
| ☐ | ☐ | यदि प्रदूषणको डर छैन भने, मृतकको अन्त्येष्टिको नमाज मस्जिदमा पढाइनेछ। |
| ☐ | ☐ | मृतकको लागि रुने अनुमति छ |
| ☐ | ☐ | मृतकलाई उसको लहदमा किब्लातर्फ फर्काएर राखिनेछ |
| ☐ | ☐ | कुनै पनि पुन्यको कर्म गर्ने र त्यसको इनाम जीवित वा मृत मुस्लिमलाई दिएमा त्यसको लाभ उसलाई पुग्छ। |

☐ भेट्नुपर्ने बिरामीहरू: ☐ प्रत्येक बिरामी ☐ जसलाई रोगले उसलाई बाहिर जानबाट निषेधित बनाएको छ।

मृतकको तर्फबाट ऋणको भुक्तानी: ☐ अनिवार्य छ ☐ मुस्नुन छ ☐ अनुमति छ

☐ मृत्यको स्थितिमा कुनै व्यक्तिलाई शाहादाको उपदेश दिने (शब्दहरू): ☐ अनावार्य छ ☐ मुस्तहब छ ☐ अवैध छ

☐ मृत्यको स्थितिमा रहेका व्यक्तिलाई नम्रतापूर्वक (शाहादह) भन्नु: ☐ अनिवार्य छ ☐ मुस्तहब छ ☐ अनुमति छ ☐ यसलाई तीन पटक भन्दा बढी दोहोर्याउनु मुस्तहब हो।

☐ मृत्यको स्थितिमा भएको व्यक्तिलाई फेरि उपदेश दिइनेछ: ☐ सधैं ☐ यदि यो तीन पटकको सीमा भित्र छ भने ☐ उसले पहिलो उपदेश पछि बोले पछि।

☐ मृत्यको स्थितिमा व्यक्तिलाई उपदेश दिनुको अर्थ हो: ☐ उपदेशकले उसलाई भन्ने कि: "ला इलाहा इला अल्लाह" भन्नु ☐ 'भन' नभनी शहादह पढ्ने र उसलाई 'भन' नभनी शहादह याद गराउने।

☐ मृतकलाई दफन् गर्नु : ☐ वाजिब हो ☐ सुन्नत हो ☐ फर्जे किफायह हो

☐ गर्भपतन भएको बच्चा यदि चार महिनामा पुगेको छ: ☐ उसलाई नुहाइनेछैन, नत उसको अन्त्येष्टि गरिने छ ☐ उसलाई नुहाइनेछैन, तर उसको अन्त्येष्टि गरिने छ ☐ उसलाई नुहाइने छ र अन्त्येष्टिको नमाज पनि पढिने छ।

☐ मृतकलाई नुहाउन सहयोग नगर्ने व्यक्तिको त्यहाँ उपस्थिति: ☐ अवैध हो ☐ अनुमति योग्य हो ☐ मकरुह हो

# जकात (धर्मदान) को बारेमा

## जकातका धेरै प्रकारहरू छन्:

### [१] अनिवार्य जकात: र यसका दुई प्रकारहरु छन्:

**[१] धनको जकात:**
यसको धार्मिक परिभाषा हो : (कुनै विशेष समूह वा विशेष आयामको लागि सम्पत्तिबाट अल्लाहकोको लागि धार्मिक तरिकाले अनिवार्य अंशहरु निकाल्नु)।
यो इस्लामको धाराहरू मध्ये तेस्रो धारा हो, जुन प्रत्येक स्वतन्त्र मुस्लिमको लागि अनिवार्य छ, र एक वर्ष पुगेपछि नै कुनै पनि सम्पत्तिमा जकात अनिवार्य छ। भूमिबाट निस्केका कुराहरु बाहेक, र जुन कुरा सकलको अधीनमा छ जस्तै धर्मदानको निसाब, वा व्यापारको लाभ, यसको हवल (बितेको वर्ष ) सकल हवल जस्तै हो।
र यसको चार प्रकारहरु छन:

[a] नगदहरू: जस्तै: सुन, चाँदी, र अन्य मुद्राहरू जुन तिनीहरूको विकल्प हो। सुनको निसाब २० मिषकाल (८५ ग्राम) र चाँदीको निसाब २०० दिर्हम (५९५ ग्राम) हो।

[b] साइमा: अर्थात: वर्षभरि वा धेरै जसो समय समन्य चउरहरुमा चर्ने गाईवस्तुहरु, र बहिमतुल् अनआमले ऊँट, गाई र बाख्राहरूलाई बुझाउँछ ।

[c] माटोबाट बाहिर निस्कने वस्तुहरू: जस्तै अन्न र फलहरू।

[d] व्यापारिक वस्तु: यसले खरिद र बिक्रीको लागि तयार गरिएका सबै वस्तुहरूलाई जनाउँछ।

**[२] नफल जकात:** यो त्यो जकात हो जुन कुनै व्यक्तिले आफ्नो धनबाट अल्लाहको उपासनाको लागि निकाल्छ।

**[२] शरीरको जकात:** र यसले जकात अल-फितरलाई जनाउँछ, जुन हरेक मुस्लिम माथि अनिवार्य छ, चाहे त्यो पुरुष होस्, महिला होस्, वृद्ध होस्, जवान होस्, दास वा स्वतन्त्र ।

# [सम्पत्तिको जकात सम्बन्धित अध्याय]

यो वाजिब हो,प्रत्येक :तसर्थ,जकात सानो बच्चा र पागलको सम्पत्तिमा पनि अनिवार्य छ:

| | | |
|---|---|---|
| [१] मुस्लिम | [२] स्वतन्त्र | [३] र निसाब सम्म पुगेका माथि। |

जकात कुनै पनि सम्पत्तिमा एक वर्ष नपुगेसम्म अनिवार्य छैन, बाहेक:

| | |
|---|---|
| [१] माटोबाट बाहिर निस्केका वस्तुहरु। | [२] जुन कुरा सकलको अधीनमा छ जस्तै धर्मदानको निसाब,वा व्यापारको लाभ, यसको हवल (बितेको वर्ष ) सकल हवल जस्तै हो। |

र जकात चार प्रकारका वस्तुहरूमा मात्र अनिवार्य छ:

| | | | |
|---|---|---|---|
| [१] बहिमतुल्-अनआम (पशुहरु) मध्ये समान्य चउरमा चरने जनावरहरु । | [२] माटोनबाट बाहिर निस्केको वस्तु। | [३] नगद (मूल्य) | [४] र व्यापारिक वस्तुहरु। |

- पशुहरूमा जकात अनिवार्य छ भन्ने प्रमाण अनसको हदीस हो,जुन अबूबकरले उनलाई लेखेका थिएँ: "यो जकातको त्यो कर्तव्य हो जसलाई अल्लाहका रसूलले मुस्लिमहरूका लागि अनिवार्य घोषित गरेका छन्,र अल्लाहले अल्लाहका रसूललाई यसको आदेश दिइएको छ:
- चौबीस वा त्यसभन्दा कम ऊँटहरूको संख्यमा प्रत्येक पाँच ऊँटको लागि एउटा बाख्रा जकात दिनुपर्छ।
- र जब ऊँटहरुको संख्या पच्चीस पुगोस् तब पच्चीस देखि पैंतीस संख्या सम्म बिन्त लुबुन अर्थात् एक वर्षको पोथी ऊँट्नी जकात दिनुपर्छ।
- र ऊँटहरुको संख्या छत्तीस देखि पैंतालीस सम्म पुगेमा दुई वर्षको पोथी ऊँट्नी जकात दिनुपर्छ।
- र जब संख्या छयालीस देखि ६० साठ सम्म पुगोस् तब तीन वर्षको पोथी ऊँट्नी जकात दिनुपर्छ, जुन ऊँटसित संभोग गर्नुमा सक्षम हुन्।
- र जब सङ्ख्या ६१ देखि पचहत्तर वर्षसम्म पुगोस् तब चार वर्षको पोथी ऊँट्नी जकात दिनुपर्छ ।
- र जब संख्या छहत्तर देखि नब्बे पुगोस् तब दुई वर्षको दुई पोथी ऊँट्नी जकात दिनुपर्छ।
- र जब संख्या ९१ देखि एक सय बीस पुगोस् तब तीन-तीन वर्षको पोथी ऊँट्नी जकात दिनुपर्छ, जुन ऊँटसित संभोग गर्नुमा सक्षम हुन्।
- त्यसपछि यदि संख्या एक सय बीस भन्दा पनि बढि भइहालोस् तब प्रत्येक चालीसको संख्यामा दुई वर्षको पोथी ऊँट्नी जकात दिनुपर्छ र प्रत्येक पचासको संख्यामा तीन वर्षको पोथी ऊँट्नी जकात दिनुपर्छ ।
- र यदि कसैसँग चारवटा ऊँटहरू मात्र छैन् भने उसमाथि जकात अनिवार्य छैन,यस अवस्था बाहेक कि ऊँटहरूको मालिक आफै आफ्नो इच्छाले केही दिन चाहोस्।

- र ती बाख्राहरूको जकात जुन (वर्षको अधिकांश भाग जङ्गल वा खेतहरुमा) चरिरहेका हुन्छन् ।
- यदि बाख्राहरूको संख्या चालीस पुगोस् भने चालीस देखि एक सय बीस संख्या सम्मा मात्र एक बाख्रा जकात दिनुपर्छ।
- र जब संख्या एक सय बीस देखि दुई सय सम्म पुगोस् तब दुई बाख्राहरु जकात दिनुपर्छ।
- र जब संख्या दुई सय देखि तीन सय सम्म पुगोस् तब तीन बाख्राहरु जकात दिनुपर्छ।
- र जब संख्या तीन सय भन्दा अधिक भइहालोस् तब प्रत्येक सयमा एक बाख्रा जकात दिनुपर्छ।
- यदि कसैको चरने बाख्राहरु चालीस भन्दा कम छन् भने उसमाथि जकात अनिवार्य छैन, तर बाख्राहरुको मालिकले केहि दिन चाहन्छ भने उसले दिन सक्छ।
- जकात बढी हुने डरले छुट्टाछुट्टै सम्पत्ति मिलाउनु हुँदैन र संयुक्त सम्पत्ति छुट्याउनु हुँदैन ।
- दुई साझेदारहरू छन् भने तिनीहरूले आफ्नो हिसाब बराबर गर्ने । यदि
- र जकातमा बुढो र रोगि जनावरहरू नदिनुहोस्।

□ **र चाँदीमा जकात : चालीसौं भाग अनिवार्य हुनेछ, तर यदि कसैसँग एक सय नब्बे (दिर्हम) भन्दा बढी छैन भने उसमाथि जकात अनिवार्य हुनेछैन।** तर मालिकले केहि दिन चाहन्छ भने उसले दिन सक्छ।

- यदि कसैको ऊँटको जकात जज्आ सम्म पुग्यो र ऊ संग जज्आ छैन,बरु हिक्का छ भने उसबाट हिक्का नै लिनेछ,र साथै दुईवटा बाख्रा पनि लिइनेछ यदि दिनेमा सहजता छ नत्र बीस दिर्हम लिइनेछ र यदि कसैको ऊँटको जकात हिक्का सम्म पुग्यो र ऊ संग हिक्का छैन,बरु जज्आ छ भने उसबाट जज्आ नै लिइनेछ र जकात वसुली गर्नेहरुले जकात दिनेलाई बीस दिर्हम वा दुईवटा बाख्राहरु दिनेछन्। यो बुखारी द्वारा वर्णन गरिएको छ।
- र मुआज बिन जबल् को हदीसमा छ कि पैगम्बरले तिनीहरूलाई प्रत्येक तीस गाई र गोरु को लागि एक वर्षको बाछो वा गाई र प्रत्येक चालीस गाईको लागि दुई वर्षको गाई लिन आदेश दिनुभयो। यो अहले सुनन् द्वारा वर्णन गरिएको छ।
- र जहाँसम्म नगद जकातको सवाल छ, त दुई सय दिर्हम भन्दा कममा जकात छैन, र दुई सय दिर्हममा यसको चालीसौं भाग अनिवार्य हुन्छ।

□ र जमिनबाट बाहिर निस्कने वस्तुहरू जस्तै अनाज र फलफूलहरू, त पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "पाँच वसक् भन्दा कम खजूरमा कुनै सद्कह छैन।" बुखारी व मुस्लिम।

र एक वसक् साठी साअको हुन्छ,त्यसैले अपैगम्बर सल्लल्लाहु अलैहि वसल्लम को भनाई अनुसार अनाज र फलमा जकात को निसाब तीन सय (300) साअ हुनेछ।

पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "वर्षा र इनारहरू द्वारा सिँचाइ गरिएको भूमि बाट निस्केका अनाज र फलफूलहरूमा जकात दशौं भाग (दशांश) र पानी ऊँटहरू बाट तानेर सिंचाई गरिएको भूमि बाट निस्केका अनाज र फलफूलहरूमा जकात बीसौं भाग (निस्फे उशर) छ। यो बुखारी द्वारा वर्णन गरिएको छ।

- उहाँले भन्नुभयो: "जब तपाईं अनुमान गर्नुहुन्छ,अनुमान अनुसार एक तिहाइ छोड्नुहोस् र यदि तपाईं एक तिहाइ छोड्न सक्नुहुन्न भने एक चौथाई छोड्नुहोस्।" यो अहले सुनन् द्वारा वर्णन गरिएको छ।

□ व्यापारिक सामानको सन्दर्भमा यसको अर्थ हुनेछ: नाफाको लागि बेच्ने र किन्ने सबै वस्तुहरूमा वर्ष बितिसकेपछि गरिबहरुलाई बढी फाइदाजनक हुने जुनसुकै समानको मूल्याङ्कन सुन र चाँदीको आधारमा गरिनेछ, र त्यसमा चालीसौं भाग जकात अनिवार्य हुनेछ ।

□ जससंग कसैले ऋण लिएको छ र त्यो ऋण तिर्ने सम्भावना कमै छ,जस्तै कि ढिलाइ गर्ने वा गरिब व्यक्ति जसले तिर्न नसक्ने तब त्यसमा कुनै जकात छैन, अन्यथा जकात अनिवार्य हुनेछ।

– जकातमा औसत वस्तु निकाल्नु अनिवार्य छ,र खराब र निम्न वस्तु निकाल्नु हुँदैन,त्यसैगरि राम्रो वस्तु जकातको रूपमा लिनु आवश्यक छैन,तर यदि त्यसको मालिकले आफ्नो उत्तम सम्पत्ति जकातको रूपमा दिन चाहन्छ भने दिन सक्छ।

– □अबू हुरैरा (रअ) ले वर्णन गरे कि रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "(रकाज) गाडिएको खजानामा पाँचौं भाग जकात अनिवार्य छ। बुखारी व मुस्लिम।

**यदि निम्न प्रकारको गाडिएका खजाना फेला पर्यो जुन:**

| | |
|---|---|
| [1] मुस्लिमहरूको: (इस्लाम पछि) त यो लुक्ता हो, र यसको विवरण लुक्ताको अध्यायमा आउनेछ। | [2] जाहिलियतको युगबाट: (इस्लाम भन्दा पहिले) त यो नै गाडिएको खजाना हो जसमा जकात अनिवार्य छ, यसलाई पाउनेले यसको पाँचौं भाग जकात दिनपर्छ। |

## जकात अल-फितर को अध्याय

इब्न उमरबाट वर्णित छ कि अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: फित्रको जकात अनिवार्य छ।

| | | |
|---|---|---|
| [१] एक साअ खजूर वा एक साअ जौमा। | [२] दास, स्वतन्त्र, पुरुष, महिला, जवान र वृद्ध सबै मुस्लिमहरू माथि। | [३] र यसलाई इदको नमाजको लागि बाहिर निस्कनु अघि चुक्ता गरिनु पर्ने आदेश दिइएको छ। बुखारी व मुस्लिम। |

र यो अनिवार्य छ:

| | | |
|---|---|---|
| आफ्नै तर्फबाट, र जसको खर्चको लागि उसले जिम्मेवार छ उसको तर्फबाट। | यदि त्यो वस्तु उसको एक दिन र एक रातको खाना भन्दा बढी हो। | एक साअ खजूर,वा जौ,वा पनीर,वा किशमिश वा गहुँ आदि। |

यसमा सबैभन्दा राम्रो त्यो हो जुन: सबैभन्दा लाभदायक होस्।
ईद पछि दिनु वैध छैन र अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले यसलाई अनिवार्य भन्नुभयो: "उपवास बस्ने व्यक्तिलाई अश्लीलताबाट शुद्ध पार्न र खाँचोमा परेकाहरूलाई खाना उपलब्ध गराउन:

| | |
|---|---|
| [१] तसर्थ जसले जकात ईदको नमाज अघि दियो उसको जकात मान्य छ। | [२] र जसले यसलाई ईदको नमाज पछि भुक्तान गर्यो, त यसको गणना समान्य दानहरुमा हुनेछ। यो अबू दाऊद र इब्न माजा द्वारा वर्णन गरिएको छ। |

अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो,"सात जना छन् जसलाई अल्लाहले आफ्नो छायाँले छोप्नुहुनेछ जुन दिन उहाँको छायाँ बाहेक अरू कुनै छायाँ हुनेछैन:

| | | | | | |
|---|---|---|---|---|---|
| [1] न्यायशील शासक। | [2] त्यो नवयुवा जो अल्लाहको उपासना गर्दै हुर्कन्छ। [3] यस्तो मानिस जसको हृदय सधैं मस्जिदसँग जोडिएको हुन्छ। | [4] अल्लाहको खातिर एकअर्कालाई प्रेम गर्ने दुई जना मानिस, यसरी भेट्ने र यसरी अलग हुने। | [5] त्यो व्यक्ति जसलाई एक सम्मानित र सुन्दर महिला द्वारा (दुष्ट नियतले) बोलाइयो, तर उसले भन्यो: म अल्लाहसँग डराउँछु। | [6] र एउटा यस्तो मानिस जसले लुकाएर दान दिन्छ ताकि उसको दाहिने हातले के दिन्छ भनेर उसको देब्रे हातलाई थाहा नहोस्।" | [7] यस्तो व्यक्ति जसले एकान्तमा अल्लाहलाई सम्झन्छ, र उसको आँखाबाट आँसु बग्छ। |

## जकात दिने र लिनेहरूको बारेमा अध्याय

जकात आठ प्रकारको व्यक्तिहरूलाई मात्र दिइनेछ, जसलाई अल्लाह तआलाले आफ्नो आदेशमा उल्लेख गरेका छ:
सद्का त केवल दरिद्रहरू, अभाव ग्रस्तहरू र सद्काको व्यवस्थापनमा नियुक्त व्यक्तिहरूका लागि हो, र ती व्यक्तिहरूका लागि जसका हृदयहरूलाई जोड्नु अभिष्ट होस्; (साथै यो दानकोष) दासहरूको मुक्ति, ऋणीहरू (को ऋण भुक्तानी) का लागि, अल्लाहको मार्गमा र यात्रीहरूका निम्ति हो। यो अल्लाहको तर्फबाट अनिवार्य आदेश हो। र, अल्लाह सर्वज्ञ एवं तत्वदर्शी छ।
र तिनीहरू मध्ये कुनै एक प्रकारलाई मात्र दिन पनि अनुमति छ, किनकि पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले मुआजलाई भनेका थिए: "यदि ती मानिसहरूले तपाईले भनेको कुरा स्वीकार गर्नुहुन्छ भने तिनीहरूलाई भन्नुहोस्: अल्लाहले दान दिन तिनीहरूमाथि अनिवार्य गरेको छ जुन तिनीहरूका धनी मानिसहरु बाट लिइनेछ र तिनीहरूका गरिबहरूमा बाँडिने छ"। बुखारी व मुस्लिम
र जकात निम्न प्रकारका मानिसहरुलाई दिनु अवैध छ:

| | | | | |
|---|---|---|---|---|
| [१] धनीलाई | [२] कमाउने हरूलाई | [३] मुहम्मदको परिवारलाई, र बनु हाशिम र उनीहरूले अजाद गरेका दासहरूलाई | [४] र त्यस व्यक्तिलाई जसको खर्चको जिम्मेवारी उसैको जिम्मा छ। | [५]बहुदेववादी हरुलाई |

जहाँसम्म नफ्लि दानको सम्बन्ध छ,त यो माथि उल्लेखित व्यक्तिहरू र उनीहरू बाहेक अन्य व्यक्तिहरूलाई दिन सकिन्छ।
तर यो जति धेरै लाभदायक हुन्छ -चाहे त्यो सामान्य नाफा होस् वा विशेष नाफा होस् - जति धेरै लाभदायक हुन्छ,त्यति धेरै नै मान्य हुनेछ।
र नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले धन बढाउनको लागि मानिसहरूसँग भिख माग्दछ,उसले आगोको कोइला मागिरहेको छ, चाहे उसले कम जम्मा गरोस् वा बढी।" यो मुस्लिम द्वारा वर्णन गरिएको छ।
र उहाँले सल्लल्लाहु अलैहि वसल्लमले उमरलाई भन्नुभयो: "(सुन्नुस्!) तपाईले तपाईको सम्पत्तिमा बिना लोभ र बिना सोध् जे पाउनु हुन्छ लिइहाल्नुस्, र तपाईलाई नभेट्नु भएको सम्पत्तिको पछि नलाग्नुस्।" यो मुस्लिम द्वारा वर्णन गरिएको छ।

**आठ प्रकारका मानिसहरु जकात लिन सक्छन् जसको विवरण अल्लाहले सुरह तौबामा उल्लेख गरेको छ:**

[१] गरिबहरू: यी खाँचोमा परेका मानिसहरू हुन् जसले केही पाउँदैनन् वा थोरै पाउँछन्।

[२] मिस्कीन : यी ती मानिसहरू हुन् जसले आफ्नो खर्चको धेरै वा आधा भाग पाउँछन्, र यदि हामीले उनीहरूको वार्षिक खर्च 100,000 मान्छौं भने, गरीब त्यो हो जसको 50,000 भन्दा कम आम्दानी छ र मिस्कीन त्यो हो जसको आम्दानी 50,000 वा 50,000 भन्दा बढी छ तर 100,000 छैन, त्यसैले उसलाई उसको वार्षिक खर्चको हिसाबले जकात दिइनेछ, किनकि अनिवार्य जकात वर्षमा एक पटक मात्र भुक्तानी गरिन्छ।

[३] जकातको व्यवस्थापनमा नियुक्त व्यक्तिहरू: यिनीहरू जकात वसूल गर्ने व्यक्तिहरू हुन्, यसको संरक्षकहरू र जसलाई बाँडफाँड गर्ने जिम्मेवारी सुम्पिएको छ , तिनीहरूका लागि गरिब हुनु शर्त होइन, बरु तिनीहरूलाई धनी भए पनि जकातबाट दिइनेछ।

[४] हृदयहरूलाई जोड्नु को निम्ति:एउटा यस्तो व्यक्ति जसको इस्लाम कबुल गर्ने वा यसको खराबीबाट बच्ने वा यसको कारणले आफ्नो ईमानलाई बलियो बनाउने आशा होस्।

[५] निम्न प्रकारका मानिसहरुलाई कैद बाट रिहा गराउन्।

- मुस्लिम कैदीहरू लाई कैद मुक्त गराउने।
- मुस्लिम दासलाई कैद मुक्त गराउने।
- मुस्लिम दास, यो एउटा यस्तो दास हो जसले आफ्नो मालिकबाट स्वतन्त्रता किनेको छ।

यसमा आफ्नो मालिकबाट मुक्ति पाएका दास समावेश छैनन्, यदि तिनीहरुले आफूलाई जकातको हकदार ठान्दछ भने त्यो तिनीहरुको लागि अवैध हो।

[६] ऋणकर्ताहरु निम्न प्रकारका हुन्छन्:

- उधारो आफ्नै लागि लिनेहरु
- मानिसहरू बीच मेलमिलापको लागि उधारकर्ताहरू

जकात दिने नियतले गरिब ऋणीको ऋण माफ गर्नु पर्याप्त हुँदैन।

[७] ईश्वरीय मार्गहरुमा : यसमा धार्मिक युद्ध लड्नेहरू र उनीहरूलाई आवश्यक पर्ने हतियारहरू समावेश छन्।

[८] यात्री : यसले यात्रामा फसेको यात्रीलाई बुझाउँछ जसको भोजन सकिएको छ, त्यसैले उसलाई घर सम्म पुग्न जकात बाट बाटो खर्च दिइनेछ।

# [संलग्नक]

## केही महत्त्वपूर्ण परिभाषाहरू:

| | | |
|---|---|---|
| ऊँटसँग सम्बन्धित | बिन्ते मखाज | जसले एक वर्ष पूरा गरिसकेकी छिन् र उनकी आमा गर्भवती भएकाले यो नाम राखिएको छ। |
| | बिन्ते लबून | जसले दुई वर्ष पूरा गरिसकेकी छिन् र उनकी आमा दुधले भरिएको कारण यो नाम राखिएको छ। |
| | हिक्का | जसले तीन वर्ष पूरा गरिसकेको छ, र संभोग गर्न सक्षम भएको कारण यो नाम राखिएको हो। |
| | जिज्आ | जुन बच्चा चार वर्ष पूरा गरिसकेको छ र ती बच्चाको अगाडिको दुधको दाँत झरेकोले जिज्आ भनिन्छ। |
| गाईसँग | तबिअ | जसको एक वर्ष पूरा भइसकेको छ । |
| | मुसिन्नह | जसको दुई वर्ष पूरा भइसकेको छ । |

## जकातको मात्रा:

| सम्पत्ति | बर्ष | निसाब | जकातको मात्रा |
|---|---|---|---|
| पशु | शर्त छ | विवरण चाँडै आउने छ | विवरण चाँडै आउने छ |
| माटो बाट निस्केका | शर्त छैन | 300 साअ | दशौं भाग : आकाश वा खोला वा झरनाबाट पानीले सिँचाइ गरिएको खेत।<br>बीसौं भाग : जसको सिँचाइ जनावरहरू द्वारा गरिएको हो ।<br>पन्ध्रौं भाग: जसलाई यी दुवैबाट गरिएको हो। |
| मूल्य (नगद) | शर्त छ | 85 ग्राम सुन वा 595 ग्राम चाँदी | चालीसौं भाग |
| व्यापारिक सामान | शर्त छ | गरिबको लागि सुन र चाँदीबाट के उपयोगी छ त्यस अनुसार | चालीसौं भाग |

## पशुहरूमा जकातको निसाब र यसको मात्रा:

### गाई र भैंसी

| यसको जकात | मात्रा: सम्म | मात्रा: देखि |
|---|---|---|
| एउटा तबिअ वा तबिअह | 39 | 30 |
| मुसिन्नह | 59 | 40 |
| दुईवटा तबिअह | 69 | 60 |
| त्यसपछि प्रत्येक 30 मा एउटा तबिअ र प्रत्येक 40 मा एउटा मुसिन्नह | | |

### एउटा वा दुईवटा डल्लो भएको ऊँट

| यसको जकात | मात्रा: सम्म | मात्रा: देखि |
|---|---|---|
| एउटा बाख्रा | 9 | 5 |
| दुईवटा बाख्रा | 14 | 10 |
| तीनवटा बाख्राहरु | 19 | 15 |
| चारवटा बाख्राहरु | 24 | 20 |
| बिन्ते मखाज | 35 | 25 |
| बिन्ते लबून | 45 | 36 |
| हिक्कह | 60 | 46 |
| जिज्अा | 75 | 61 |
| दुई बिन्ते लबून | 90 | 76 |
| दुई हिक्कह | 120 | 91 |
| तीनवटा बिन्ते लबून | 129 | 121 |

### गनम : भेडा र बाख्रा

| यसको जकात | मात्रा: सम्म | मात्रा: देखि |
|---|---|---|
| एउटा बाख्रा | 120 | 40 |
| दुईवटा बाख्रा | 200 | 121 |
| तीनवटा बाख्राहरु | 300 | 201 |
| त्यसपछि प्रत्येक 100 मा एउटा बाख्रा | | |

जकातमा लिइने छैन: बोका, बुढो जनावर, रोगि जनावर र हलुका माल।

जकातमा लिइने छैन:

दुबलो, पेटमा बच्चा भएको वा वधको लागि मोटो गरेको जनावरहरू र सबैभन्दा राम्रो धनसम्पत्ति।

| जकात अल-फित्रका नियमहरु: | | |
|---|---|---|
| **मुस्तहब छ** | **अनिवार्य छ:** | |
| जनीन (गर्भको बच्चा)। | र ईदको दिन र त्यसको रातिमा एक सआ उसको र उसको परिवारको खाना र आधारभूत आवश्यकताहरू भन्दा बढी होस्। | यो प्रत्येक मुस्लिमको लागि हो जसमाथि रमजानको अन्तिम दिनको सूर्यास्ताएको छ : चाहे त्यो वृद्ध होस् वा जवान,पुरुष होस् वा महिला, दास होस् वा स्वतन्त्र। |

| सद्कतुल-फित्रको वैधताको हिकमत: | |
|---|---|
| **यसले गरिब र खाँचोमा परेकाहरूलाई ईदको लागि केही माग्न बाट बचाउदैछ।** | **उपवास बस्नेलाई अभद्रता र अश्लीलताबाट शुद्ध पार्न को लागि।** |

| जकात अल-फितरका नियमहरु: | | |
|---|---|---|
| **निषेधित समय:**<br>ईदको नमाज पछि | **मनपराएको समय:**<br>फजर पछि र ईदको नमाज अघि | **वैधता को समय:**<br>ईदभन्दा एक दुई दिन अगाडि |

| जकात अल-फित्रमा के तिर्न पर्याप्त हुनेछ: | |
|---|---|
| नगद तिर्नु पर्याप्त हुनेछैन। | खाने कुराहरु मध्ये एक साअ तिर्नु र एक साअ गहुँको तौल दुई किलो ४० ग्राम हुन्छ र प्रत्येक अनाजको तौल कम वा सोही अनुसार पढि हुन्छ। |

| वजनको हिसाबले समान्य खानाहरूको जकात-ए-फित्रको मात्रा: | | |
|---|---|---|
| चामल: 2300 ग्राम। | सूजी: 2000 ग्राम। | पीठो: 1400 ग्राम। |
| चना: 2000 ग्राम। | दाल: 2100 ग्राम। | गहुँ: 2040 ग्राम। |
| किशमिश: 1640 ग्राम। | खजूर: 1800 ग्राम। | बीन्स: 2060 ग्राम। |

# किताबुज् जकात बाट केही

| बेठीक | ठीक | प्रश्न: |
|---|---|---|
| ☐ | ☐ | ☐यदि कुनै व्यक्तिको मृत्यु भयो र उसमाथि जकात अनिवार्य छ भने,उसको सम्पत्तिबाट वरासत बाँडफाँड हुनु अघि नै जकात लिइनेछ। |
| ☐ | ☐ | ☐ बाख्राको निसाब एक सय बीस हो |
| ☐ | ☐ | ☐ छहत्तरमा (७६) बिन्ते लबून अनिवार्य हुन्छ |
| ☐ | ☐ | ☐ प्रयोगको लागि बनाइएका गहनाहरूमा जकात छैन |
| ☐ | ☐ | ☐गरिबहरूका लागि बढी लाभदायक हुने व्यापारिक सुन र चाँदीहरु मध्य एक वर्ष बितिसकेपछि जकात निकाल्नु पर्छ। |
| ☐ | ☐ | ☐ बहिमतुल्-अनाममा ऊँट, गाई, भैंसी र बाख्राहरू समावेश छन्। |
| ☐ | ☐ | ☐ फलफूलहरुमा जकात लाग्दैन |
| ☐ | ☐ | ☐ फकीरको उल्लेख गर्दा मिसकीनहरू समावेश हुन्छन् |
| ☐ | ☐ | तालिफे कलबमा त्यो बहुदेववादी पनि समावेश छ जसको इस्लाम कबुल गर्ने कुनै सम्भावना नै छैन। |
| ☐ | ☐ | ☐ यदि मालिकले आफ्नो दासलाई दासमुक्त गर्छ भने उसलाई पनि जकातबाट दिइनेछ। |
| ☐ | ☐ | ☐यदि कुनै धनी व्यक्तिले गरिब व्यक्तिसँग पैसा माग्छ र त्यो नतिरिकन त्यसलाई जकातको रूपमा गणना गर्छ भने, त्यसो गर्नु उसको लागि सही हो। |
| ☐ | ☐ | ☐"फि सबिलिल्लाह" मा सबै असल कामहरू समावेश छन् जस्तै मस्जिदको निर्माण गर्ने आदि |
| ☐ | ☐ | ☐ सुन र चाँदीको जकातलाई चालीसले भाग गरेर गणना गरिन्छ। |
| ☐ | ☐ | ☐ साधारण चउरमा चर्ने जनावरहरूमा जकात अनिवार्य छ, जबकि घरमा कामको लागि राखिएको वा घरमा खुवाउने जनावरहरूमा जकात अनिवार्य छैन। |
| ☐ | ☐ | ☐ अन्न र फलहरूमा जकात तब अनिवार्य हुन्छ जब तिनीहरू निसाबमा पुग्छन्, र यो तब हुनेछ जब अन्न कडा र बलियो हुन्छ र फल पाक्छ। |
| ☐ | ☐ | ☐ सिँचाइको लागि मेहनत चाहिने अन्न र फलफूलको बीसौं भाग वाजिब हुन्छ। |
| ☐ | ☐ | ☐ सुन निसाब सम्म पुगेपछि त्यसमा जकात अनिवार्य हुन्छ र यसको मात्रा २० मषकाल हो। |
| ☐ | ☐ | ☐ तबीअले दुई वर्ष उमेर पुगेका गाईलाई बुझाउँछ |
| ☐ | ☐ | ☐ बसोबासको लागि तयार गरिएको घरमा जकात अनिवार्य छ |
| ☐ | ☐ | ☐ प्रत्येक यात्रीलाई जकात दिइनेछ किनभने उनी "इब्न अल-सबिल" मा समावेश छन्। |
| ☐ | ☐ | ☐ जकात दिनेले आफ्नो जकात आफै बाँड्नु राम्रो हुन्छ |

यदि कुनै व्यक्तिले वर्षको अन्त्य हुनु अघि आफ्नो सम्पत्ति खत्म पार्छ ताकि उसमाथि जकात अनिवार्य नहोस: ☐ उसलाई उसको नियतको विपरीत चीजबाट सजाय दिइनेछ र जकात उसबाट लिइनेछ। उसले यसो गर्नु वैध छ।

☐ कुनै व्यक्तिले साइमा (चर्ने जनावर) को सट्टामा सामान किन्छ र एक वर्ष बितिसक्दा पनि उसको जकात तिर्दैन: ☐ त्यसो गर्नु उसको लागि सही हो ☐ त्यसो गर्नु उसको लागि बेठीक हो।

☐ व्यक्तिगत प्रयोगको लागि कुनै चीजको मालिक थियो, तर पछि गएर त्यसमा व्यापार गर्ने इरादा गर्यो: ☐ यसमा जकात छ ☐ यसमा जकात छैन।

☐ कनै महिलाले सुनको ओछ्यान बनाइन्: ☐ यसमा जकात छ ☐ यसमा जकात छैन।

☐ कसै सँग सय साउदी रियाल छ: ☐ यसमा जकात छ ☐ यसमा जकात छैन

☐ कसैले इस्लामिक प्रतीकहरू भएको गाडिएका खजाना भेट्टायो: ☐ यसमा जकात छ ☐ यसमा जकात छैन।

☐ कुनै पनि सम्पत्तिमा एक वर्ष नपुग्दासम्म जकात लाग्दैन, र वर्ष मान्य हुनेछ: ☐ हिजरी संवत्☐ इस्वी संवत् ☐ दुवै बराबर छन्।

☐ वर्ष बित्ने जरुरी छैन : ☐ गाडिएको खजानाको लागि ☐ माटो बाट निस्कने वस्तुहरुको लागि ☐ माथिका सबै कुराहरू।

☐ सुनको निसाब हो: ☐ 85 ग्राम ☐ 595 ग्राम ☐ 95 ग्राम

☐ चाँदीको निसाब हो: ☐ 200 दिर्हम ☐ 595 ग्राम ☐ दुबै

☐ सायमा भनेको त्यो जनावर हो : ☐ जसको मूल्य उच्च होस् ☐ जुन वर्षभर वा वर्षको धेरैजसो महिना बाहिर चरोस्।

☐ जो वैध रूपमा चर्छन्, अर्थात्: ☐ शुद्ध वस्तु खानेहरू ☐ जस्को कुनै मालिक छैन।

☐ फकीरलाई यति दिइनेछ, जुन : ☐ वर्षभरको लागि पर्याप्त होस् ☐ एक महिनाको लागि पर्याप्त होस्।

☐ जकात असुल्नेहरु मध्येको हुन्: ☐ जकात असुल्ने प्रत्येक व्यक्ति ☐ केवल सरकारले नियुक्त गरेको व्यक्ति।

☐ मुद्राहरूको निसाबको अनुमान गरिने छ: ☐ व्यापारिक वस्तु अनुसार ☐ सुन अथवा चाँदी अनुसार ☐ सुन र चाँदी दुवै अनुसार।

☐ मुद्राहरूमा जकातको मात्रा हो: ☐ बीस प्रतिशत ☐ चालीस प्रतिशत।

☐ अस्सी ग्राम सुनमा जकात हुनेछ: ☐ दुई ग्राम ☐ चार ग्राम ☐ यसमा जकात छैन।

☐ मैले एउटा व्यक्तिलाई मेरो हजार रुपैयाँ मागेँ, त्यसपछि मैले जकातको नियतले त्यो रुपैयाँ माफ गरें: ☐ यसो गर्नु सही हो ☐ यसो गर्नु सही होइन किनभने जकातमा लेनदेन अनिवार्य हुनुपर्ने छ।

☐ सडक मर्मत गर्नको लागि जकात [फि सबिल अल्लाह बाट] दिनु सही हो, : ☐ सही ☐ गलत।

**जकात अनिवार्य भएकाहरूको अगाडि (√) चिन्ह लगाउनुहोस्:**

| | | | | | |
|---|---|---|---|---|---|
| घरेलु बाख्राहरु | | व्यापारिक केन्द्र | | कुखुरा | |
| बाहिर चर्ने ऊँटहरू | | मिसकाल सुन 25 | | खजूरको बगैँचा | |

| निम्नबाट जकातको मात्रा र वकसको मात्रा निर्धारण गर्नुहोस्: | | |
|---|---|---|
| **सम्पत्ति** | **जकातको मात्रा** | **वकस भेटिएमा** |
| 100 दिर्हम | | |
| 300 दिनार | | |
| 400 दिर्हम | | |
| 80 ग्राम सुन | | |
| पाँच सय ग्राम चाँदी | | |
| 30 बाख्राहरु | | |
| 60 बाख्राहरु | | |
| 565 बाख्राहरु | | |
| 4 ऊँटहरु | | |
| 17 ऊँटहरु | | |
| 449 ऊँटहरु | | |
| 30 गाईहरु | | |
| 49 गाईहरु | | |
| 77 गाईहरु | | |
| 99 गाईहरु | | |
| 20 मिलियन रियाल | | |
| 40 रियाल | | |
| 45679 रियाल | | |
| 255 साअ गहुँ | | |

# उपवासका बारमा

सियाम (उपवास) अर्थात : (अल्लाहको उपासनाको लागि सूर्योदयदेखि सूर्यास्तसम्म खाना र पेय पदार्थ बाट र उपवास तोड्ने अन्य सबै चीजहरूबाट अलग रहनु)।

यस सम्बन्धमा अल्लाह तआलाको भनाई छ : हे आस्थावानहरू हो ! तिमीहरूमाथि सियाम (उपवास) अनिवार्य गरिएको छ जसरी तिमीहरूभन्दा अघिका मानिसहरूमाथि अनिवार्य गरिएको थियो । र उपवास अनिवार्य छ:

| | | | | |
|---|---|---|---|---|
| [1] मुस्लिम | [2] बालिग | [3] बुद्धिमान् | [4] उपवास बस्न सक्ने व्यक्तिमाथि | [5] रमजान महिनाको चन्द्रमा देखेपछि वा तीस शबान पूरा गरेपछि। |

पैगम्बरले भन्नुभयो: "रमजानको चन्द्रमा हेरेपछि उपवास बस्न सुरु गर्नुहोस्,र शव्वालको चन्द्रमा हेरेपछि उपवास तोड्नुहोस्,(अर्थात उपवासलाई विराम दिनुहोस्) र यदि बादल छाएको छ भने त्यसको गणना पूरा गर्नुहोस्"। एउटा हदीसमा यस प्रकार छ "तीसको गणना पूरा गर्नुहोस्" एउटा अरु हदीसमा यस प्रकार छ "शाबान महिनाका तीस दिन पूरा गर्नुहोस्"। बुखारी

यदि एउटा न्यायी साक्षीले पनि रमजानको चन्द्रमा देखेको गवाही दिन्छ भने,उपवास बस्नेछ,जबकि बाँकी महिनामा दुई भन्दा कम न्यायीको गवाही मान्य छैन।

अनिवार्य उपवासको नियत रातीमा नै गर्नु अनिवार्य छ, जबकि नफिल उपवासको नियत दिनमा पनि गर्न सकिन्छ ।

| | | | |
|---|---|---|---|
| बुढेसकाल वा निको नहुने रोगले उपवास बस्न नसक्ने व्यक्तिहरुलाई प्रतिदिन एकजना गरिबलाई खाना खुवाउनु पर्ने छ। | र गर्भवती र स्तनपान गराउने महिलाहरूलाई उपवास नबस्न अनुमति छ,तर पछि गएर यसको पूर्ति गर्नुपर्ने छ,र प्रत्येक दिनको सट्टामा एउटा गरिबलाई खाना खुवाउनु पर्नेछ। | महिनावारी र सुत्केरी महिलाहरुका लागि उपवास बस्न निषेध गरिएको छ,तिनीहरुले पछि त्यसको पूर्ति गर्नेछिन् । | उपवास बस्दा हानि हुन सक्ने बिरामी र यात्रीलाई उपवास बस्ने वा नबस्ने अधिकार छ। |

यदि कसैले खाएर, पिएर, उल्टी गरेर वा हजामह गराएर [रक्तपात जस्तै एउटा विधि] अथवा हस्तमैथुन आदिले वीर्य निकाल्यो र उपवास भङ्ग गर्यो भने उसले मात्र उपवासको पूर्ति गर्नुपर्ने छ, तर यदि कसैले यौनसम्पर्क गरेर उपवास भङग गर्यो भने उसले:

| | | |
|---|---|---|
| [१] उसले उपवासको पूर्ति गर्नुपर्नेछ र एउटा दासलाई पनि मुक्त गर्नुपर्नेछ। | [२] यदि यसको शक्ति छैन भने उसले लगातार दुई महिना उपवास बस्नु पर्नेछ। | [३] र यदि यसको पनि तागत छैन भने,उसले ६० जना गरिबहरूलाई खाना खुवाउनु पर्नेछ। |

अल्लाह को रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जसले उपवासिय अवस्थामा भूलवश केहि खायो र पियो तब उसले उसको उपवास पूरा गरियोस्।" बुखारी र मुस्लिम।

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो,"जबसम्म तिनीहरूले सउम (उपवास) तोड्न (इफ्तार गर्न) हतार गर्छन् तबसम्म तिनीहरू असल कुरामा लागिरहनेछन्।" बुखारी र मुस्लिम ।

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "सही गर, किनकि सहीमा आशिष छ।" बुखारी र मुस्लिम ।

जब कसैले इफ्तार गरोस् , तब उसले सुक्खा खजूरले इफ्तार गरोस् , यदि खजूर उपलब्ध छैन भने, उसले पानीले इफ्तार गरोस्, किनकि यो शुद्ध हुन्छ।" यो पाँचौं (अहमद, अबू दाउद, नस्ई, तिर्मिजि र इब्न माजा) द्वारा वर्णन गरिएको छ।

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:"यदि कसैले असत्य र त्यस अनुसारको कर्म त्याग्दैन भने,उसले आफ्नो खाना र पेय त्याग्नुपर्ने कुनै आवश्यकता थिएन।"

)रमजानका दिनहरूका लागि केही उपवासहरू राख्न बाँकी रहेको अवस्थामा कसैको मृत्यु भयो भने उसको उत्तराधिकारीहरुले उसको तर्फबाट उपवास बस्नुपर्छ ।" बुखारी र मुसलिम। [यसको मतलब यो हो कि जस्ले उपवास बस्न सक्थियो तर मृत्यु अघि उपवास बसेन भने उसको वारिसेहरुले उसको तर्फबाट उपवास बस्नुपर्छ, र वारिस को अर्थ हो: उत्तराधिकारी]।

अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई अराफह्को दिन (जुल् हिज्जह महिनाको ९ तारिख) को उपवासको बारेमा सोधिएको थियो। उहाँ सल्लल्लाहु अलैहि वसल्लमले जवाफ दिनुभयो, "अराफह्को दिनको रोजा अघिल्लो वर्ष र अर्को वर्षको लागि प्रायश्चित हो।" उहाँलाई आशुरह्को दिन (मुहर्रम महिनाको १० तारिख) को उपवासको बारेमा पनि सोधिएको थियो। उहाँ सल्लल्लाहु अलैहि वसल्लमले जवाफ दिए,"अशुरह्को दिनको उपवास अघिल्लो वर्षको लागि प्रायश्चित हो।" अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई सोमबारको उपवासको बारेमा पनि सोधिएको थियो,र उहाँले जवाफ दिनुभयो,"यो त्यो दिन हो जुन दिन म जन्मेको थिएँ र जुन दिन मलाई (इस्लामको सन्देश सहित) पठाइएको थियो र जुन दिन म माथि कुरान अवतरण गरियो।" मुस्लिम

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो "यदि कसैले रमजान महिनाको उपवास बस्छ,र त्यसपछि शव्वाल महिनाको छ दिन पनि उपवास बस्छ  यो उसको लागि एउटा अनन्त उपवास जस्तै हुनेछ।" मुस्लिम

अबू जरले भनाई छ कि र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले " हामीलाई प्रत्येक महिनाको तेह्रौं,चौधौं र पन्ध्रौं तारीखमा उपवास बस्न आदेश दिनुभयो ।" तिर्मिजि

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले : " दुई दिनमा उपवास बस्न निषेध गर्नुभयो:  ईद अल-फित्रको दिन र ईद अल-अज्हाको दिन।" बुखारी र मुस्लिम।

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो  "अत-तशरीक* दिनहरू खाने, पिउने र ईश्वरको सम्झनाका दिनहरू हुन्।" मुस्लिम

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो  : "कसैले पनि शुक्रबार मात्र उपवास गर्नु हुँदैन,तर त्यस संग त्यसको अघिल्लो दिन वा पछिको दिन मिलाएर उपवास बस्ने।" बुखारी व मुस्लिम।

र पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो,"जसले अल्लाहसँग इनामको अपेक्षा गर्दै रमजानको महिनामा ईमानको साथ रोजा राख्छ,उसको विगतका पापहरू क्षमा हुनेछन्।" बुखारी व मुस्लिम।

र पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) मस्जिदमा रमजानको अन्तिम दश रातहरूमा इतिकाफ (नमाजको लागि एकान्त) मा व्यस्त रहनुहुन्थ्यो,यहाँसम्म कि उहाँको मृत्यु भयो,र त्यसपछि उहाँको श्रीमतीहरूले उहाँको पछि यो प्रथा पछ्याए। "बुखारी व मुस्लिम।

र अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो "पशुहरूमा केवल तीन मस्जिदहरूमा प्रार्थनाको लागि काठी राखिन्छन्: पवित्र मस्जिद काबा , अक्सा मस्जिद, र मेरो यो मस्जिद नब्वि।" "बुखारी व मुस्लिम।

# [संलग्नक]

| उपवास दुई प्रकारका हुन्छन्: | |
|---|---|
| अनिवार्य: रमजानको उपवास, प्रायश्चितको उपवास, कसम,र प्रणको उपवास। | नफल: अनिवार्य उपवास बाहेक सबै उपवासहरु। |

**उपवासका दुई भाग छन्:**

| [१] इरादा | | [२] उपवास तोड्ने चीजहरूबाट टाढा रहने। |
|---|---|---|
| उपवास बस्ने नियत: दिनको जुनसुकै भागमा नियत गर्नु सहि छ, जब सम्मा उपवास तोड्ने कुराहरुबाट बच्नि रहोस् तर उपवासको नियत गरेदेखि नै प्रतिफल गनिनेछ। | अनिवार्य उपवासको इरादा: अनिवार्य उपवासको इरादा रातीमा गर्नु आवश्यक हुन्छ, अर्थात् फज्र भन्दा पहिले- र रमजानको सुरुमा सबै रोजाहरूको इरादा गर्नेले पर्याप्त हुन्छ, र इरादाको स्थान हृदय हो, र बोलेर इरादा गर्नु | |

उपवास अनिवार्य गर्ने छवटा सर्तहरू निम्न छन्:

| | | |
|---|---|---|
| [१] इस्लाम। | [२] बुद्धि। | [३] बालिग हुनु, तर नाबालिगलाई उसको अभिभावकद्वारा प्रोत्साहित गरिनेछ र उपवास बस्न आग्रह गरिनेछ। |

| | | |
|---|---|---|
| [४] बसोबासी हुनु: किनकि यात्रीलाई उपवास बस्नु अनिवार्य छैन, र यदि उपवास बस्न कुनै कठिनाइ छैन भने, उपवास बस्नु राम्रो हो, किनकि पैगम्बरले त्यसो गर्नुभएका थियो, र त्यसो गर्दा ऊ चाँडो उपवास मुक्त हुनेछ, र त्यस्तो समयमा उपवास बस्न सजिलो हुन्छ, र उसले रमजान महिनाको पुण्य पनि प्राप्त गर्नेछ। | [५] स्वस्थ हुनु। | [६] महिनावारी र निफासको अपवित्रताबाट मुक्त हुने। |

उपवास बस्ने सम्बन्धित रोग र रोगका प्रकारहरू:

| | |
|---|---|
| [१] यस्तो रोग जसबाट निको हुने आशा छैन : र यसैमा उपवास बस्न नसक्ने बृद्ध व्यक्तिलाई पनि मानिनेछ, त्यसैले तिनीहरूलाई उपवास बस्नु आवश्यक छैन, तर हरेक दिन एकजना गरिबलाई खुवाउनुपर्नेछ, अथवा दिनको हिसाबले गरिबहरुलाई जम्मा गर्ने र तिनीहरूलाई एकैसाथ खुवाउने, वा पैगम्बरको साअ अनुसार प्रत्येक गरीबलाई एक चौथाइ बाँडिने, अर्थात् जसको वजन राम्रो गहुँको आधारमा पाँच सय दश ग्राम होस्, र मासु वा बोसो इत्यादि दिइयो भने राम्रो हुन्छ। | [२] एउटा यस्तो रोग जसको निको हुने आशा होस्, तर उपवास बस्न गाह्रो होस्, र यसैमा महिनावारी, सुत्केरी,स्तनपान गराउने महिला, र यात्रीहरूलाई पनि गणना गरिने छ, त्यसैले तिनिहरूले निको भएपछि तोडेको उपवास बस्नुपर्ने छ।र त्यो भन्दा पहिले यदि तिनिहरूको मृत्यु भईहालोस् त त्यो तिनिहरू बाट क्षमा गरिने छ। |

**रमजान महिनाको प्रवेश कसरी प्रमाणित हुनेछ?**

| | |
|---|---|
| शाबान को तीस दिन पूरा गरेपछि | रमजानको चन्द्रमा देखेर |

**उपवास तोड्ने चीजहरू**

| | | |
|---|---|---|
| [१] जानीजानी खाने वा पिउने तर भुलेर खाने र पिउनेले उपवास भङ्ग हुँदैन। | [२] यौनसम्पर्क गर्नु : यदि यस्तो कार्य रमजानको महिनामा होस् र निजमाथि रोजा पनि अनिवार्य होस् भने उसमाथि कफ्फारा मुगल्लजह अनिवार्य हुनेछ, जसको अर्थ हो: एउटा दास स्वतन्त्र गर्ने, र यदि त्यसो गर्न नसकेमा लगातार दुई महिनाको उपवास बस्ने, र यदि ऊसँग यस्को पनि शक्ति छैन भने, उसले ६० वटा गरिबहरुलाई खुवाउनुपर्नेछ। | [३] वीर्य निकाल्ने: यौनसम्पर्क गरेर, चुम्बन गरेर,हस्तमैथुन, वा अन्य कुनै माध्यमबाट। |

| | | | |
|---|---|---|---|
| [४] खाने र पिउने वस्तुहरु: जस्तै बलको लागि सुई लिनु , तर यदि बलको लागि नभएको सुई लगाउनुमा केही खराबी छैन। | [५] रगत बगाउने , हिजामह् कपिङ्गले गर्दा, तर जाँच आदिको लागि थोरै रगत निकाल्ने अनुमति छ। | [६] जानाजानी उल्टी गर्नु। | [७] महिनावारी वा प्रसवपछिको रक्तस्राव। |

**उपवास बस्नेलाई केही चीजहरू अनमति छन:**

| | | | | | |
|---|---|---|---|---|---|
| थुक निल्ने | आवश्यकता अनुसार खानाको स्वाद पता लगाउने | नुहाउन | ब्रश गर्ने | चिसो लिने | अत्तरको सुगन्ध लिने |

**उपवासको हालतमा गर्ने केही राम्रो कार्यहरु:**

| | | | |
|---|---|---|---|
| [१] सेही खाने। | [२] ढिलो गरेर सेही खाने। | [३] इफ्तार गर्न हतार गर्ने। | [४] खजूरले इफ्तार गर्ने : खजूर नपाएमा सुक्खा खजूर खाएर इफ्तार गर्ने,र यो पनि उपलब्ध नभएमा पानी पिएर इफ्तार गर्ने,र केही नभएको हालतमा इफ्तार गर्न नियत गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| [५] इफ्तारको समय र उपवासको हालतमा बिन्ति गर्ने। | [६] बारम्बार दान दिने। | [७] रातको नमाज धेरै पढ्ने। | [८] कुरान पढ्ने। | [९] लडाई झगडाको अवस्थामा गाली गर्नेहरुलाई : (म उपवास बसेको छु भन्ने)। |

| | | |
|---|---|---|
| [१०] उमरह् गर्ने। | [११] आखिरको दश दिनमा एतकाफ बस्ने। | [१२] शबे कदर खोज्ने। |

## उपवासको हालतमा नगर्ने कार्यहरू:

| | |
|---|---|
| [१] कुल्ला गर्ने र नाकमा पानि भित्र सम्मा नहाल्ने। | [२] अनावश्यक रूपमा खानाको स्वाद पत्ता |

## उपवास बस्ने व्यक्तिहरुको लागि निषेधित छ:

| | | | | |
|---|---|---|---|---|
| [१] खकार निल्ने : तर यस्तो उपवास भङ्ग हुँदैन। | [२] चुम्बन गर्ने: सहन शक्ति नभएको व्यक्तिको लागि। | [३] जूर: यसले हरेक निषेधित कार्यलाई जनाउँछ। | [४] अज्ञानता: यसले मूर्खता र नम्रताको कमीलाई जनाउँछ। | [५] विसाल : यसको अर्थ लगातार दुई दिनसम्म इफ्तार नगरी उपवास बस्नु हो। |

## छुटेको उपवासको पूर्तिको बारेमा

| | | | |
|---|---|---|---|
| बिना कुनै बहाना छुटेको उपवास बस्न आवश्यक हुन्छ, ढिलाइ गर्यो भने ऊ दोषी हुनेछ। | छुटेको उपवासलाई दोस्रो रमजान सम्म ढिलाइ गर्न अनुमति छैन। | छुटेको उपवास बस्नेमा हतार गरिनुपर्छ। | निरन्तरताका साथ उपवास बस्नु मुस्तहब हो। |

## नफल उपवास:

| | | | |
|---|---|---|---|
| [१] जसले रमजानको रोजा राखेको छ उसले शव्वालको छ दिनको रोजा राख्ने, र दोस्रो दिनदेखि लगातार रोजा राख्नु राम्रो हो। | [२] हजयात्रीहरू बाहेक सबैले अराफहको उपवास बस्ने। | [३] आशुरहको दिन उपवास बस्ने, र यसका साथै ९ वा ११ को पनि उपवास बस्ने। | [४] सोमबार र बिहीबारको उपवास बस्ने, र सोमबारको उपवास बस्न धैरै मस्तहब हो। |

| | | | | |
|---|---|---|---|---|
| [५] प्रत्येक महिनामा तीन दिन उपवास बस्ने र (१३,१४ र १५ गते) उपवास बस्नु उत्तम हुन्छ। | [६] एक दिन उपवास बस्नु र अर्को दिन उपवास नबस्नु। | [७] मोहर्रम महिनाको उपवास बस्ने। | [८] जिल्-हिज्जाको नौ तारीखको उपवास बस्ने। | [९] शाबान महिनाको उपवास बस्ने,तर पूरै महिना बस्ने होइन। |

## घृणित उपवास:

| | |
|---|---|
| तर कुनै कारणवश त्यस दिन उपवास बसेमा कुनै समस्या छैन जस्तै अराफहको उपवास । | शुक्रबार, शनिबार र आइतबार मात्र उपवास बस्ने। |

## निषेधित उपवासहरु:

| | | | | |
|---|---|---|---|---|
| [१] रजबको महिनामा विशेष रुपमा उपवास बस्ने। | [२] ईदको दिन उपवास बस्ने। | [३] शङ्काको दिन उपवास बस्ने तर यदि कसैले पहिले देखि नै उपवास बसि रहेको छ भने कुनै समस्या छैन। | [४] हदी कुर्बानीको पशु नभएको व्यक्तिहरु बाहेक तश्रीकका दिनहरूमा रोजा राख्ने अनुमति छ। | [५] सधैं उपवास बस्ने। |

## उपवासको बारेमा प्रश्नहरू

| बेठिक | ठिक | प्रश्न: |
| --- | --- | --- |
| ☐ | ☐ | ☐ यदि हामीलाई कुनै कुराले उपवास तोड्ने कुरामा शङ्का होस् भने तथ्य यो हो कि यसले उपवास भङ्क गर्दैन। |
| ☐ | ☐ | ☐ जसले सहरि गर्यो उसले सुन्नतको पालना गर्यो चाहे त्यसले मध्यरातीमा गरेको हो । |
| ☐ | ☐ | ☐ अराफहको रोजा राख्नु मुस्तहब हो । |
| ☐ | ☐ | ☐ नफल रोजा राख्ने व्यक्तिहरुको लागि रोजा पूरा गर्नु वाजिब हो। |
| ☐ | ☐ | ☐ हरेक रोगले उपवास बस्नेमा बाधा पार्छ। |
| ☐ | ☐ | ☐ अध्यायहरूको नामकरण गर्दा विद्वानहरूले विभिन्न शैलीहरू अपनाउछन्, जसका शब्दहरू फरक-फरक हुन्छन् तर अर्थ एउटै हुन्छ, त्यसैले वज़ु भङ्ग गर्ने कुराहरूलाई नवाकिज,शुद्धता र पवित्रता अनिवार्य बनाउने कुराहरूलाई वाजिबात,नमाज भङ्ग गर्ने कुराहरूलाई मुब्तिलात, उपवास भङ्ग गर्ने कुराहरूलाई मुफ्तिरात, र इहरामका लागि महजुरात जस्ता शब्दहरूको प्रयोग गर्दैछन । |

उपवासका स्तम्भहरु हुन्: ☐ दुई ☐ तीन ☐ चार

उपवास कसमाथि आनिवार्य छ?

1- ..........................................................................

2- ..........................................................................

3- ..........................................................................

4- ..........................................................................

☐ सहरी खाने समय कुन हो?

..........................................................................

☐ सहरीमा के खान राम्रो हुन्छ?

..........................................................................

☐ इफ्तार के ले गर्दा राम्रो हुन्छ ।

................................यदि यो उपलब्ध छैन

भने ..............................यदि यो उपलब्ध छैन भने

....................................यदि यो उपलब्ध छैन भने

........................................

| निम्न प्रकारका उपवासक को लागि आदेशहरुको व्याख्या गर्नुहोस्: | |
|---|---|
| निफास (प्रसव पछि बग्ने रगतिए अवस्थामा ) उपवास बस्ने: | ...................................................... |
| थाकित मानिसले उपवास बस्ने: | ...................................................... |
| उपवास बस्दा केही खाने: | ...................................................... |
| शक्तिको लागि इंजेक्शन लिने: | ...................................................... |
| आँखामा आँखाको थोपा हाल्ने: | ...................................................... |
| स्वस्थ हुनको निम्ति इंजेक्शन लिने: | ...................................................... |
| कपिंग गराउनु: | ...................................................... |
| उल्टी गर्ने: | ...................................................... |
| राल निल्ने: | ...................................................... |
| स्वाद लिनु: | ...................................................... |
| निद्रा आउनु: | ...................................................... |
| नुहाउन: | ...................................................... |
| यात्रीले उपवास बस्नु: | ...................................................... |
| ब्रश गर्न: | ...................................................... |
| सुगन्ध: | ...................................................... |
| तरावीहको नमाज पढ्ने: | ...................................................... |

| निम्न प्रकारका उपवासक को लागि आदेशहरुको व्याख्या गर्नुहोस्: | |
|---|---|
| रमजानमा उमरह गर्ने: | .................................................... |
| भित्र सम्म कुल्ला गर्ने | .................................................... |
| चुम्बन: | .................................................... |
| लगातार दुई दिन उपवास बस्ने: | .................................................... |
| शव्वालको छ दिनहरुका उपवास बस्ने: | .................................................... |
| अराफहको दिन उपवास बस्ने: | .................................................... |
| शंकाको दिनमा उपवास: | .................................................... |
| ईदको दिन उपवास: | .................................................... |
| तश्रीकको दिनहरूमा उपवास: | .................................................... |
| मुर्हरम महिनाको उपवास बस्ने: | .................................................... |
| रजब महिनाको उपवास बस्ने: | .................................................... |
| सधैंभरि उपवास बस्ने: | .................................................... |
| शुक्रबार उपवास बस्ने: | .................................................... |
| छुटेका उपवासहरुलाई रम्जान सम्म स्थगित गर्ने: | .................................................... |
| फजर पछि उपवास बस्ने नियत गर्नु: | .................................................... |
| बिना नियत उपवास बस्ने: | .................................................... |
| बच्चाहरुले उपवास बस्नु: | .................................................... |

# हज को बारेमा

**हजको अर्थ हुन्छ:** अल्लाहको उपासनाको लागि रसूल सल्लल्लाहु अलैहि वसल्लमको तरिका अनुसार मनासिकेहज गर्नु।

**उमराह भन्छन्:** अल्लाहको उपासनाको खातिर,काबा को चक्कर लगाउनु र सफा र मर्वहको बिचमा पनि चक्कर लगाउनु र मुण्डन गराउनु।

नुसुक् मूल रूपमा बलिलाई भनिन्छ,र हज र उमरहलाई मानासिक यस कारणले भनिन्छ किनभने यसमा बलिदान र दंड राशी दिन्छन्।

## पैगम्बर को हज बारे जबीर द्वारा वर्णित हदीस

यस सम्बन्धमा अल्लाह सर्वशक्तिमान को महत्त्वपूर्ण भनाइ यस प्रकार छ : मानवजातिमाथि अल्लाहको यो हक रहेको छ कि जो त्यहाँसम्म पुग्न समर्थ छ उसले त्यस घरको हज (तीर्थ) गरोस् ।

**हज अनिवार्य हुनको लागि छवटा सर्तहरू छन्:**

| | | | | | |
|---|---|---|---|---|---|
| [१] इस्लाम | [२] बुद्धि | [३] बालिग | [४] स्वतन्त्रता | [५] क्षमता | [६] यदि कुनै महिलाले हजको लागि यात्रा गर्न चाहन्छन् भने, उनीसँग उनको मोहरिम् हुनुपर्छ। |

**र क्षमतावान: हज यात्राको सबैभन्दा ठूलो अवस्था मध्ये एक हो, जुन निम्नानुसार छन्:**

सवारी- र सवारी हुनु भनेको व्यक्तिको एउटा यस्तो आवश्यकता हो जसबाट अलग हुनै सक्दैन, र आवश्यकता भन्दा बढी सम्पत्ति हुनु ।

क्षमतामा यो पनि समावेश छ कि यदि महिलाहरुले हजको लागि यात्रा गर्ने मनसाय राखेका छन् भने उनिहरुको साथमा मोहरिम हुनु आवश्यक हुन्छ [र मुहरिमको लागि मुस्लिम पुरुष हुनु पर्ने छ] ।

- जाबिरले पैगम्बरको हजको बारेमा वर्णन गरेको हदीसमा हजका धेरै आदेशहरू समावेश छन् ,
- अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) नौ वर्ष हज गरेनन्,त्यसपछि मानिसहरूलाई यो घोषणा गरियो कि अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) यस वर्ष हज गर्न जाँदै हुनुहुन्छ। धेरै मानिसहरू अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट सिक्ने र उहाँले गर्नुभए जस्तै गर्ने आशामा मदीना आए [क्षमतावान माथि तत्काल हज गर्नु अनिवार्य छ] ।

अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लम हिड्नु भयो,र हामी पनि उहाँसँग निस्कियौं , यहाँसम्म कि हामी जुल-हुलैफहमा आइपुगियौं, त्यहाँ अस्मा बिन्ते 'उमैसले मोहम्मद बिन अबु बकरलाई जन्म दिइन्, र उनले अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई के गर्ने भनेर सोधिन्, र उहाँले भन्नुभयो: 'स्नान गर, कपडाले बाँधेर (इहरामको लागि तलबिया) सुरु गर।' [र आयशाको हदीसमा छ कि जब उनलाई महिनावारी आयो, त पैगम्बर ( सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई भन्नुभयो: "हजयात्रीहरूले जे गर्छन् त्यही गर, र तिमी शुद्ध नहुन्जेल सम्म तिमीले अल्लाहको घरको परिक्रमा नगर। ] तब पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले मस्जिदमा नमाज पढ्नुभयो र आफ्नो कसवा नामक सवारी माथि सवार हुनुभयो, र उहाँले एकेश्वरिएबादको तल्बिया भन्नुभयो: लब्बैका अल्लाहुम्मा लब्बैक, लब्बैका ला शरीका लका लब्बैक, ईन्नल-ह़म्दा वन्नेअ़-मता लका वल-मुल्क, ला शरीका लक ।

□ र सबैले आज जुन तलबिया पुकार्छन्, त्यही तालबिया पुकारे, उहाँले तिनीहरूको तलबियामा कुनै कुरालाई अस्वीकार गर्नुभएन।

र अल्लाहका रसूल, उहाँमाथि दया र शान्ति होस्, उहाँले पुकार्नु भएको उही तलबियाहलाई पुकार्न जारी राख्नुभयो।

जाबिर भन्छन्: हाम्रो मनसाय हज बाहेक अरू केही थिएन, (हजका महिनाहरूमा) हामीलाई उमरह् भनेको के हो थाहा थिएन।

जब हामी उहाँसँग अल्लाहको घर [काबा]पुग्यौं,उहाँले हज्रे अस्वद [पत्थर] लाई इस्तेलाम गर्नुभयो।

त्यसपछि तवाफ सुरु गर्नुभयो, पहिलो तीन चक्रमा रमल् गर्नुभयो र बाँकी चार चक्रमा सामान्य चाल हिड्नु भयो।

□ त्यसपछि उहाँ मकामे इब्राहिमतर्फ अघि बढ्नु र कुर्आनको यो स्लोक पढ्नु भयो: हिल्लुल्लकुम वतआमुकुम् हिल्लुल्लहुम् ।

र उहाँले माकमे इब्राहिमलाई आफू र काबाको बीचमा गरेर दुई रकत नमाज पढ्नुभयो। र हदीसमा यो पनि उल्लेख गरिएको छ कि, पहिलो रकतमा उहाँले [सुरह इख्लास] र दोस्रो रकतमा [सुरह काफिरुन] पढ्नुभयो,:

त्यसपछि उहाँले हज्रे अस्वदलाई इस्तेलाम गर्नुभयो ।

त्यसपछि उहाँ सफा पहाड तर्फ लागे र जब उहाँ सफाको नजिक पुगे, उहाँले यो स्लोक पढ्नुभयो :इन्नस सफा वल् मर्वता मिन शआइरिल्लाह-

उहाँ (सं) सफा पहाड माथि चढ्नुभयो र काबालाई देख्नुभयो र त्यसपछि किब्ला तर्फ अनुहार गर्नुभयो।

र उहाँले अल्लाहको एकता र महानताको बखान गर्नुभयो, र भन्नुभयो:ला इलाह इल्लल्लाहु वहदहु ला शरीक लहु, लहुल मुल्कु वलहुल हम्दु वहुव अला कुल्लि शैइन क़दीर ला इलाह इल्लल्लाहु वहदहु अन्जजा वअदहु वनसर अब्दहु वहजमल् अहजाब वहदहु ‹त्यसपछि उहाँले तिनको बीचमा प्रार्थना गर्नुभयो, र त्यसो उहाँले तीन चोटी गर्नुभयो।

त्यसपछि उहाँ तल ओर्लनुभयो र मारवा तर्फ हिँड्नुभयो, यहाँसम्म कि उहाँ

तल आउनुभयो, र उहाँले सई (अर्थात छिटो हिँड्नु भयो), र जब उहाँ पहाड (मर्वा) चढ्न थाल्नुभयो, उहाँ सामान्य गतिमा हिँड्नुभयो। यहाँसम्म कि उहाँ मर्वा पहाड सम्म पुग्नुभयो, र उहाँले सफा जस्तै मर्वामा पनि गर्नुभयो।

र मर्वाको अन्तिम चक्करमा उहाँले भन्नुभयो: "मेरो सामु जुन कुरा छ यदि त्यो पहिले आएको भए, म बलिदानको जनावरलाई साथमा ल्याउने थिएन, र म यस (मन्सक्) लाई उम्रहमा बदलि हाल्थे, त्यसैले तिमीहरू मध्ये जो कोहीसँग बलिदानको जनावर छैन भने, त्यो हलाल होओस्, र यस (मन्सक्) लाई उम्रह स्वरूप बुझोस्।

- ☐ यसैबीच सुराकह् बिन मलिक बिन जुशुम उठे र भने: हे अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लम ! यो हाम्रो लागि मात्र हो कि सदाको लागि हो ? तब उहाँ सल्लल्लाहु अलैहि वसल्लमले आफ्ना औंलाहरूलाई जोडेर भन्नुभयो: "उम्राह हजमा प्रवेश गरेको छ" - दुई पटक उहाँले यसो गर्नुभयो - र भन्नुभयो: 'यो यस वर्षको लागि मात्र होइन सदा सदाको लागि हो।
- ☐ अलीले यमनबाट पैगम्बरका ऊँटहरू ल्याए, उनले फातिमालाई देखे जो इहाम पूरा गरेका मध्ये थिइन्, उनले रंगीन कपडा र आँखामा सुरमा (गाजल) पनि लगाएका थिइन्,अलीले उनलाई यसो गर्न उचित छैन भन्नुभयो,तब उनले भनिन्: मेरो बुबाले मलाई यसो गर्न आदेश दिनुभएको छ,जबीरले भन्नुभयो: अली इराकमा भन्ने गर्थे, म अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई फातिमाले गरेको कामको कारण उनको विरुद्धमा उक्साउन र अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई उहाँले उनको बारेमा के भन्नुभएको थियो भनी सोध्न गएँ, मैले अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई भनें कि मैले उनको (इहराम खोल्ने) गरेकोमा आपत्ति जनाएको छु,तब नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "फातिमाले सत्य बोलिन्, उनले पूर्ण सत्य बोलिन्, र तपाईंले हज गर्न चाहनुहुँदा के भन्नुभएको थियो ?" मैले जवाफ दिएँ कि मैले भनेको थिएँ: हे अल्लाह, म पनि त्यसैको (मन्स्क) लागि तलबियह पुकार्छु, जसको लागि तेरो पैगम्बरले तलबियह पुकारेका छन्,पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "मसँग बलिको जनावर छ, त्यसैले उमरा पूरा गरेपछि इहराम नखोल्नु।

☐ “जाबिरले भने: अलीले यमनबाट ल्याएका र पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले ल्याएका जनावरहरूको कुल संख्या एक सय थियो।

☐ जाबिर भन्छन्: तब सबै मानिसहरूले आफ्नो इहराम खोलिदिए र कपाल काटे, पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम र कुर्बानी गर्नेहरू बाहेक।

☐ जब तर्वियह (आठौं जुल हिज्जा ) को दिन आयो, सबैजना इहराम बाँधेर हजको तल्बियह पुकार्दै मिनातिर लागे।

☐ पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम आफ्नो सवारीमा सवार हुनुभयो र त्यहाँ (मिनामा) जुहर, अस्र, मग्रिब, इशा र फजरको नमाज पढ्नुभयो।

☐ त्यसपछि घाम नउदाउन्जेल केही बेर रुकी रहे।

☐ पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले निम्रामा उनको लागि कपालले बनेको पाल खडा गर्ने आदेश दिनुभयो, त्यसपछि उहाँ प्रस्थान गर्नुभयो, कुरैशवालाहरूको अनुमा थियो कि उहाँ मशअरे हरम्मा जानेछन् र बस्नेछन्, जसरी कुरैशहरूले जाहिलियतमा गर्नुहुन्थे, तर अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लम त्यहाँबाट हिँड्नुभयो, र अराफात सम्म पुग्नुभयो,र त्यहाँ निम्रहमा उनले आफ्नो लागि पाल लगाइएको भेट्टायो र उहाँले त्यहाँ आराम गर्नु भयो।

☐ दिउँसोको बेला उहाँ सल्लल्लाहु अलैहि वसल्लमले कस्वा (आफ्नो ऊँटनी) ल्याउन आदेश दिनुभयो, जसमा उनको लागि काठी लगाइएको थियो।

☐ त्यसपछि उहाँ मानिसहरु माझ गए र मानिसहरूलाई सम्बोधन गर्दै भने,: “तिमीहरूका रगत र धन-सम्पत्ति एक-अर्कालाई निषेध गरिएको छ, जसरी यस महिना र यस शहरमा आजको दिनको पवित्रता छ, र इस्लामिक काल भन्दा पूर्व कालसँग सम्बन्धित सबै कुरा मेरो खुट्टामुनि राखिएको छ, (अर्थात यी कुराहरू अब भरपर्दो रहेनन्) र इस्लामिक काल भन्दा पूर्व कालसँग सम्बन्धित रगत-बदलाको दावीहरू खारेज गरिएको छ, र हामी माझ हत्या गरिएका मध्ये पहिलो जसको रगतको बदला म माफ गर्दै छु इब्न रबिआहको रगत हो, कि उनी बानु सादको दुध पिउँदो बच्चा थिए, र हुजैलले उनलाई मारेका थिए, र त्यसैगरी इस्लामिक काल भन्दा पूर्व कालको ब्याज खारेज गरिएको छ, र हामीले खारेज गरेका हाम्रो पहिलो ब्याज अब्बास इब्न अब्दुल मुत्तलिबको ब्याज हो, किनकि यो सबै खारेज गरिएको छ,  महिलाहरूको सम्बन्धमा अल्लाहसँग डराउनुहोस्, किनकि तपाईंहरुले तिनीहरूलाई अल्लाहको सुरक्षामा पाएका छौ, र अल्लाहको वचनद्वारा तिनीहरूसँग यौनसम्बन्ध राख्ने अधिकार पाएका छौ, र तिनीहरूमाथि तपाईंहरुको यो अधिकार छ कि तपाईँहरुलाई मन नपर्ने कसैलाई आफ्नो घरमा आउन नदिइन्, तर यदि तिनीहरूले त्यसो गरे भने, तिनीहरूलाई यस्तो तरिकाले पिट्नुहोस् कि तिनीहरूलाई गम्भीर चोट नपरोस्, तपाईहरु तिनीहरूलाई उपयुक्त तरिकामा खाना र कपडा उपलब्ध गराउन जिम्मेवार हुनुहुन्छ, र म तिमीहरु माझ यस्तो कुराहरु छोड्दै छु कि यदि तिमीहरुले यसलाई दृढतापूर्वक धारण गर्यौ भने तिमीहरु कहिल्यै पथभ्रष्ट हुनेछैनौ, त्यो अल्लाहको ग्रन्थ हो, र तिमीहरुलाई मेरो बारेमा सोधिनेछ, तब तिमीहरु के भन्ने छौ ? तिनीहरूले जवाफ दिए, “हामी गवाही दिन्छौं कि वास्तवमा तपाईंले अल्लाहको सन्देश पुर्‍याउनु भयो, अवतरको अधिकार पूरा गर्नुभयो, र समुदायको हितमा काम गर्नुभयो, त्यसपछि उहाँले आफ्नो शहादतको ओंलालाई आकाश तर्फ उठाउदै र तिनीहरू तर्फ झुकाउदै भन्नथाले: "हे अल्लाह ! साक्षी रहनुहोस्, "हे अल्लाह ! साक्षी रहनुहोस्, "हे अल्लाह ! साक्षी रहनुहोस्, तीन पटक यस्तै भन्नुभयो।

– त्यसपछि बिलालले प्रार्थनाको लागि आह्वान गरे, र इक्माह भने र अगमवक्ता सल्लल्लाहु अलैहि वसल्लमले जुहरको नमाज पढ्यो, त्यसपछि बिलालले फेरि इकामह भने र अगमवक्ता सल्लल्लाहु अलैहि वसल्लमले असरको नमाज पढ्यो
ती दुईबीच कुनै नमाज नराखी।
त्यसपछि उहाँ आफ्नो ऊँटमा चढ्नुभयो र उभिने ठाउँमा आइपुग्यो

☐ उहाँले ऊँटको पेटलाई चट्टान तर्फ फर्कायो र आफ्नो अगाडिको बाटो लियो, र किब्ला तर्फ फर्कियो।

☐ अनि सूर्यास्तसम्म त्यहीँ उभियो।

☐ (त्यसपछि उहाँ सवार भए र) उसामा बिन जायदलाई आफ्नो पछाडि लगे र (मुज्दालिफा) फर्के र अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले कस्वाको लगाम यति तान्नुभयो कि उसको टाउको काठीलाई छुइ राखेको थियो।

☐ अनि उहाँले आफ्नो सीधा हातले इशारा गर्दै भनिरहेका थिए, "हे मानिसहरु ! बिस्तारै बिस्तारै हिँड्नुहोस्', र जब उहाँ बालुवाको किनारमा आइपुग्थियो त्हाँ ऊँटनीको लगाम ढिलो गर्थे।

☐ यहाँसम्म उहाँ मुजदलिफामा पुग्नुभयो, र त्यहाँ उहाँले मगरिब र ईशालाई एउटा अजान र दुईवटा तकबिरहरूले पढ्नुभयो, र ती दुई नमाजहरूको बीचमा कुनै नफल पढेनन्।

– ☐ त्यसपछि उहाँ सल्लल्लाहु अलैहि वसल्लम सुत्नु भयो,यहाँसम्म कि बिहान देखा पऱ्यो, तब उहाँले एउटा अजान र एउटै इकामतको साथ फजरको नमाज पढ्नुभयो।

– ☐ त्यसपछि आफ्नो ऊँटनी कास्वामा चढ्नुभयो र मशरे अल-हरम पुग्नुभयो।

– ☐ र त्यहाँ उहाँले किब्लातिर फर्केर अल्लाह संग बिन्ति गर्यो र अल्लाह अकबर भन्यो, र ला इलाहा इल अल्लाह भन्यो र आफ्नो एकेश्वरवादको बखान गर्नुभयो र स्पष्ट उज्यालो नभएसम्म त्यहाँ बस्यो।

– ☐ अनि उहाँ सूर्योदय भन्दा पहिले त्यहाँबाट फर्कनुभयो र फजल बिन अब्बासलाई आफ्नो पछाडि बसाल्नुभयो ... यहाँसम्म कि उहाँ बत्ने महसरमा पुग्नुभयो, त्यसपछि उहाँले आफ्नो ऊँटनीलाई अलिकति छिटो चलायो र जमरह अल-कुबरा जाने बीचको बाटो लियो।

– ☐ रुखको छेउमा रहेको जमरह उकबहमा आउनुभयो र सातवटा ढुङ्गाले प्रहार गर्नुभयो।

– ☐ प्रत्येक ढुङ्गा हान्दा अल्लाहु अकबर भन्नुभयो, (औंलाले प्रहार गर्न सक्ने मसिनो ढुङ्गाहरू,) र मैदानको बीचमा उभिएर ढुङ्गाहरू प्रहार गर्नुभयो।

– ☐ त्यसपछि उहाँले नहर (बलि) दिने ठाउँमा आउनुभयो र आफ्नो हातले ६३ (६३) ऊँटको बलि दिनुभयो।

– ☐ त्यसपछि उहाँले बाँचेका बाँकी ऊँट अलीलाई दिनुभयो र अलिलाई उहाँले आफ्नो बलिदानमा शामेल गर्नुभयो।

– ☐ त्यसपछि उहाँले प्रत्येक ऊँटबाट मासुको टुक्रा लिन आदेश दिनुभयो, जसलाई भाँडोमा राखेर पकाइयो, र नबी सल्लल्लाहु अलैहि वसल्लम र अलीले यो मासु खानुभयो र यसको शूप पिनुभयो।

– ☐ त्यसपछि उहाँ (सं) सवार हुनुभयो र बैतुल्लाह पुग्नुभयो र तवाफे इफाजा गर्नुभयो।

– ☐ र मक्कहमा जुहरको नमाज पढ्नुभयो।

☐ त्यसपछि उहाँ बनु अब्दुल-मुत्तलिबकहाँ आए, तिनीहरुले मानिसहरूलाई जम्जम दिइरहेका थिए,उहाँले भन्नुभयो हे ! अब्दुल-मुत्तलिबका छोराहरु पनि भर, यदि मान्छेहरुको भीड हुँदैनथ्यो भने त म पनि तिमीसँग मिलेर पानी निकाल्थे, त्यसपछि तिनीहरूले उहाँलाई पानी दिए र उहाँले त्यसबाट पानी खानुभयो। यो मुस्लिम द्वारा वर्णन गरिएको हो।

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले मनासिकहरू गरिरहनु भएको थियो र मानिसहरूलाई भनिरहनुभएको थियो: "मबाट आफ्नो मनासिकको तरिकाहरू सिक" र सबैभन्दा पूर्ण हज त्यो हुनेछ: जसमा पैगम्बर र उहाँका साथीहरूको पूर्ण रूपमा पालन हुनेछ।

## हजका स्तम्भ र अनिवार्यता

| यदि हाजीले निम्न कुराहरू मात्र गर्यो भने: | | |
|---|---|---|
| चार वटा स्तम्भहरु जुन यस प्रकार छन्: | [१] इहराम। | [२] वकुफे अरफह (अरफहमा रुक्नु)। |
| | [३] काबाको तवाफ (परिक्रमा)। | [४] सई (चक्कर)। |
| र अनिवार्यताहरु यस प्रकार छन्: | [१] मिकातबाट इहराम लगाउने। | [२] सूर्यास्त सम्म अराफहमा बस्नु। |
| | [३] नहरको रात मुजदलिफामा बिताउनु। | [4]तश्रीकका रातहरु मीनामा बिताउने। |
| | [५] जमरातलाई ढुङ्गा हान्ने। | [६] मुण्डन गराउनु वा कपाल छोटो काट्नु। |

त यो तिनीहरूको लागि काफी हुनेछ।

हजका स्तम्भहरु छोड्नु र अनिवार्यताहरु छोड्नुको बीच अन्तर:

| | |
|---|---|
| अनिवार्यता त्याग्दा हज मान्य हुनेछ तर यस्तो गर्दा पाप लाग्ने छ र बलि दिनुपर्नेछ। | रुकन त्याग्दा हज रद्द हुनेछ र यसलाई समान धार्मिक तरिकाले फेरि गरियोस्। |

हजका चार स्तम्भहरूको विवरण:

| **[१] इहराम:** | **[२] वकुफे अराफह:** | **[३] तवाफे इफाजह:** | **[४] सई:** |
|---|---|---|---|
| अर्थात्, नोसुक्को इरादा होस्, र यो (मौखिक) तलबियह भन्नु भन्दा अर्को कुरा हो, त्यसैगरी यो समान्य लुगा लगाउनु भन्दा फरक कुरा हो। | जुल-हिज्जहको नवौं तारिखको दिउँसो देखि ईदको दिनको बिहानसम्म त्यहाँ बस्ने, पैगम्बर सल्लमले भन्नुभयो: “अराफह नै हज हो”। | (यसलाई तवाफे जियारह पनि भनिन्छ), यो वकुफे अराफह पछि हुनेछ, र यो तवाफे कदुमबाट अलग कुरा हो। | सफा र मारवाको बीचमा: अल्लाहको भनाई छ: (सफा र मारवा अल्लाहका निशानीहरू मध्येका हुन्)। |

## हजका सातवटा अनिवार्यताहरू छन्:

| | | | |
|---|---|---|---|
| [१] मिकातबाट इहराम लगाउने। | [२] जस्ले दिनमा अराफहमा बसेको थियो उसले सूर्यास्त सम्म त्यहिँ | [३] मुजदलिफामा | [४] तश्रीकका रातहरू मीनामा बिताउने। |
| [५] जमरातलाई ढुङ्गा हान्ने। | [६] मुण्डन गराउनु वा कपाल छोटो काट्नु। | [७] मक्का छोड्न चाहनेलाई तवाफ वेदा गर्नु - महिनावारी भएकी र बच्चा जन्माएकी महिलाहरू बाहेक - चाहे यसो हजको महिना पछि किन नहोस् (लेखकले यो उल्लेख गरेको छैन)। | |

## हज र उमरा को समय:

| [2] मितिगत: | | [2] मकानी (हज र उमरा एकैसाथ) | | |
|---|---|---|---|---|
| [ए] हज: हजको महिना: शव्वाल, जुल-कादह र जुल-हिज्जा हो। | [ब] उमरह: यसको कुनै निश्चित समय र अवधि छैन। | [ए] जुल-हुलैफह: मदीना बासीहरू र यस मार्गबाट गुज्रनेहरू का लागि। | [ब] जोफ्फह: सिरिया, इजिप्ट र मोरक्को बासीहरूका लागि। | [सी] कर्ने मनाजिल: नजद बासीहरूका लागि।<br>[डी] यलम्लम्: यमन बासीहरूका लागि।<br>[एच] जाते इर्क: इराक बासीहरुको लागी। |

## हजमा मनपर्दो कार्यहरु:

| | | |
|---|---|---|
| [१] इहरामको लागि नुहाउने र अत्तर लगाउने। | [२] पुरुषहरूले सेतो लुङ्गि र चादर लगाउने। | [३] इहरामको नियत गर्नु अघि: नङ काट्नु र अनिवार्य काट्नुपर्ने कपालहरु काट्नु। |
| [४] इहराम बाँध्नेदेखि जम्रएह अकाबहलाई ढुङ्गा हान्ने सम्म तलबियह पकार्ने। | [५] हज्जे मुफ्रद् र हज्जे केरान गर्नेहरुले तवाफे कोदुम गर्नु। | [६] तवाफे कदुम र हज्जे तमत्तो गर्नेहरुको तवाफ उमराहको लागि पहिलो तीन चक्रमा रमल गर्ने। र रमल भनेको– छिटो हिँड्ने हो। |
| [७] कदुमको तवाफ र हज्जे तमत्तो गर्नेहरु उमराहमा दाहिने काँध खुला राख्ने। | [८] मुजदलिफामा पुगेपछि मगरिब र ईशाको नमाज जमा तकदीम गरेर पढ्ने। | [९] अराफाहको रातीमा मिनामा बस्नु। |
| [१०] हज्रे अस्वदलाई चुम्बने। | [११] मुजदलिफामा फजरको नमाज पछि देखि सूर्योदय भन्दा पहिला मश्अरेहरममा बस्नु, र सम्पुर्ण मुजदलिफा बस्ने ठाउँ हो। | |

## [ नुसुके हजको बारे]

इहराम लगाउने हरुलाई हज्जे तमत्तो (सबैभन्दा उत्तम हज) हज्जे केरान र हज्जे इफ्रादबाट कुनै पनि हजको इरादा गर्ने अधिकार छ।

[१] तमत्तो भनेको: हजको महिनाहरूमा उमराहको इहराम लगाउने, र त्यसलाई पूरा गर्ने, त्यसपछि सोही वर्षमा हज गर्ने इरादा गर्ने, र यदि मस्जिदे हरामका बासिन्दा होइनन भने बलिदान दिने।

[२] हज्जे इफ्राद भनेको : केवल हजको लागि इहराम लगाउने [र हजका कार्यहरू मात्र गर्ने]।

[३] हज्जे केरान:

- हज र उम्रह दुबैको नियत एकैसाथ गर्ने ।
- वा केवल उम्रहको इरादा गर्ने, र त्यसपछि तवाफ सुरु गर्नु अघि हजको पनि इरादा गर्ने।

हज्जे तमत्तो गर्नेहरु यसो गर्न बाध्य हुन्छन्:

[१] जब: उसलाई डर होस् कि यदि उसले उम्रह गर्न व्यस्त भयो भने, उसको वकुफे अराफह छुटिने छ।

[२] जब: कुनै महिलालाई महिनावारी आयो वा निफासको रगत बग्यो, र उनीलाई थाहा होस् कि उनी वकुफे अराफहको समय भन्दा पहिले शुद्ध हुन सक्दैनन्।

मुफरद् र केरान दुवैका कार्यहरू समान छन्, तर केरानमा हदी (बलि) दिनुपर्छ, र मुफरद्मा पर्दैन।

## [इहरामको हालतमा निषेधित कार्यहरु]

इहराम लगाएकाहरुले इहरामको हालतमा निम्न कुराहरूबाट बच्नुपर्छ:

[१] मुण्डन गराउन ।

[२] नङ काट्ने।

[३] पुरुषले सिलिएको कपडा लगाउने ।

[४] पुरुषले टाउको छोप्ने ।

[५] पुरुष र महिला दुवैले अत्तर लगाउने ।

[६] त्यसैगरी: जमिनमा बस्ने जिवजन्तुको शिकार गर्नु, शिकार गर्नेहरुको सहयोग गर्नु, मोहरिमको लागि निषेध गरिएको छ।

[७] इहरामको हालतमा निषेधित कार्यहरू मध्ये सबैभन्दा गम्भीर कार्य : यौन सम्बन्ध हो, किनभने यसले नोसुकलाई भङ्ग गर्दछ, र यसको जरिवाना स्वरूप बुदना (ऊँट वा गाई) को बलि अनिवार्य गर्नुपर्छ ।

<table>
<tr><th colspan="4">इहरामको हालतमा नौवटा (९) निषेधित कुराहरू छन्:</th></tr>
<tr><td colspan="4">जसले बिर्सेर, वा अज्ञानताको कारण, वा बाध्य गरिएको अवस्था गर्नुभयो तब<br>त्यस सम्बन्धमा कुनै जरिवाना छैन।<br>तर शिकार गर्नेहरु माथि जरिवाना छ।<br>यी कार्यहरू जानीबुझी गर्नेहरु चार प्रकारका हुन्छन्:</td></tr>
<tr><td rowspan="2">[क] जसमा कुनै जरिवाना छैन:</td><td colspan="2">[१] विवाह : चाहे त्यो आफ्नो होस् वा अर्काको।</td><td rowspan="2">त यसमा कुनै प्रायश्चित छैन, तर यसको लागि पश्चात्ताप आवश्यक छ।</td></tr>
<tr><td colspan="2">[२] संभोग: गुप्तअंग बाहेकमा वीर्यपात बिना।</td></tr>
<tr><td>[ख] जसको जरिवाना उस्तै हो।</td><td colspan="3">[३] जमिनमा बस्ने जनावरहरुको शिकार गर्ने: जसले ती जनावरहरुको शिकार गरियो उसमाथि दुई जना सक्षम व्यक्तिहरूको निर्णय अनुसार मारिएको जनावर जस्तै जरिवाना दिनुपर्ने छ।</td></tr>
<tr><td rowspan="2">[ग] जसको कडा जरिवाना छ:</td><td rowspan="2">[४] योनसम्पर्क:</td><td colspan="2">[अ] तहल्लुले अव्वल भन्दा अघि: यसले चार चीजहरू आवश्य हुनेछन्: 1- उसको हज भ्रष्ट हुन्छ, 2- उसले पथभ्रष्टमा परेको छ, 3- यसलाई दोहोर्याउनु आवश्यक छ, 4- र (ऊँट वा गाई) को बलिदान उसमाथि अनिवार्य हुन्छ।</td></tr>
<tr><td colspan="2">[ख] तहल्लुले अव्वल पछि: र तवाफे एफाजह अघि, यसले पनि चार चीजहरू आवश्यक हुनेछन्: 1- पाप, 2- उसको इहराम अमान्य हुनेछ, 3- फेरि इहराम लगाउनको लागि हलाल हुनु वाजिब हुनेछ 4- र फिदयह दिनु उहाँमाथि अनिवार्य हुनेछ।</td></tr>
<tr><td rowspan="5">[द] जसको जरिवाना हलुका छ:</td><td colspan="2">[५] कपाल काट्नु: टाउको वा शरीरको।</td><td rowspan="5">उसको जरिवाना को केही विकल्पहरु छन्, या त: १- तीन दिन उपवास बस्ने, २- छ जना गरिबलाई खुवाउने, प्रत्येक गरिबलाई आधा साअ दिने, ३- बाख्रा काट्ने जुन मस्जिदे हरामका गरिबहरूलाई बाँडियोस्।</td></tr>
<tr><td colspan="2">[६] नङ काट्ने।</td></tr>
<tr><td colspan="2">[७] टाउको ढाक्ने: पुरुषले जोडिएको केहि चिजहरु द्वारा।</td></tr>
<tr><td colspan="2">[८] सिलिएको लुगा लगाउनु: पुरुषहरूका लागि, यसले शरीर वा अंगको आकारअनुसार सिलिएको कपडालाई जनाउँछ।</td></tr>
<tr><td colspan="2">[९] नकाब र पन्जा लगाउने: महिलाहरूको लागि।</td></tr>
</table>

जहाँसम्म फिद्या तुल-अजा (पीडाको जरिवाना) को कुरा हो भने त यो तब हुनेछ जब:

[१] आफ्नो टाउको छोपोस्, वा सिलाएको कपडा लगाओस्, वा महिलाले आफ्नो अनुहार छोपोस्, वा पन्जा लगाओस्, वा अत्तर लगाओस् भने, उसलाई दुई कुराको विकल्प दिइनेछ:

| | | |
|---|---|---|
| [क] तीन दिन उपवास बस्ने। | [ख] वा छ जना गरिबहरू लाई खुवाउने। | [ग] वा बाख्रा बलिदान गर्ने। |

[२] यदि उसले कुनै जनावरको शिकार गर्यो भने, उसलाई दुई

| | | |
|---|---|---|
| [क] उस्तै मिल्दोजुल्दो जनावर बलिदान दिनु। | [ख] नोक्सान भएको ठाउँमा नोक्सानीको अनुमान लगाएपछि त्यसै मूल्यमा खाद्यान्न किनेर प्रत्येक गरिबलाई खुवाउने, वा एक एक मुद् गहुँ प्रत्येक गरिबलाई दिने, गहुँ बाहेक अन्य वस्तुमा आधा साअ'। | [ग] अथवा गरिबलाई खाना नखुवाई प्रत्येक गरिबको सट्टामा एक उपवास बस्ने। |

हज्जे तमत्तो र हज्जे केरानको बलिदान इदुल्-अजहामा बलिदान दिने जनावर जस्तै जनावर अनिवार्य छ।
यदि बलिको पशु भेटेन भने, दस दिनसम्म उपवास बस्ने:
☐ हजमा तीन दिन [यो उपवास हज वा उमराहको इहराम लगाएपछि सुरु हुन्छ, र यसको अन्तिम दिन अय्यमे तश्रीकको अन्तिम दिन हो ], र अय्यमे तश्रीकका दिनहरूमा पनि यो उपवास बस्न अनुमति छ।
अनि सात दिन घर फर्केपछि ।
[हज पूरा गरेपछि सबै रोजा राखियो भने कुनै आपत्ति छैन।]
त्यस्तै, यसको आदेश:

[१] जसले अनिवार्य छोड्यो।

[२] वा जसमाथि संभोगको कारणले फिदिया अनिवार्य छ।

हरम वा इहरामको प्रत्येक जनावरलाई मार्ने वा खुवाउने, यो सबै हरमका गरिबहरूको अधिकार हो, चाहे तिनीहरू निवासी हुन् वा गैर निवासी।
उपवास जहाँ भए पनि बस्न सकिन्छ।
नुसुक को दम् (जनावर) को सम्बन्धमा - जस्तै हज्जे तमत्तो वा किरान वा हदी (बलिको जनावर) को मासुको बारेमा राम्रो हुन्छ आफैं खाने उपहार दिने र दान दिने आदि।
यद्यपि, अनिवार्य दम: जुन निषेध गरिएको कामको कारण, वा अनिवार्य चीज त्याग्दा - जसलाई दम-ए-जब्रान भनिन्छ - त्यसबाट केही पनि नखाने, बरु यो सबैलाई उपहारको रूपमा दिने, किनकि यो प्रायश्चित जस्तै हो।

# [परिक्रमा र सईका सर्तहरू]

☐ परिक्रमाका पूर्ण शर्तहरू:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| [१] इरादा गर्ने | [२] हज्रे अस्वदबाट सुरु गर्ने। | | | [३] काबालाई आफ्नो बायाँ तर्फ राख्ने। | [४] सात चक्कर पूरा गर्ने। | [५] हदस् र खबस् (अपवित्रता) बाट शुद्धता प्राप्त गर्ने। |
| | र त्यो बेला यो दुआ पढ्ने। : «بِاسْمِ اللهِ، اللهُ أَكْبَرُ، اللَّهُمَّ إِيمَانًا بِكَ، وَتَصْدِيقًا بِكِتَابِكَ، وَوَفَاءً بِعَهْدِكَ، وَاتِّبَاعًا لِسُنَّةِ نَبِيِّكَ مُحَمَّدٍ ﷺ». | सुन्नत यो हो कि उसलाई छुनु र चुम्बन गर्नु। | यदि यसो सम्भव छैन भने इशारा गर्ने। | | | |

तवाफ बाहेक सबै नुसुकहरूमा - शुद्धता सुन्नत हो वाजिब होइन।
र हदीसमा उल्लेख गरिएको छ कि: "अल्लाह को घर को परिक्रमा गर्नु नमाज जस्तै हो, तर अल्लाहले यसमा कुरा गर्न अनुमति दिएको छ।
"र यस सन्दर्भमा मस्नून यो छ कि:

| | |
|---|---|
| [१] तवाफे कोदुममा इज्तेबा गर्ने : अर्थात् लुगाको बीचको भागलाई दाहिने काँधको मुनि र यसको किनारलाई देब्रे काँधमा राख्ने। | [२] पहिलो तीन चक्रमा रमल (छिटो हिंड्ने) र बाँकीमा सामान्य रूपमा हिंडने। |

यस बाहेक अन्य परिक्रमामा न त रमल गर्ने मस्नून छ र न तइज्तेबा गर्न।
सईका सर्तहरू निम्न हुन्:

| | | |
|---|---|---|
| [१] इरादा गर्ने | [2] सात चक्कर पूरा गर्ने। | [३] सफाबाट सुरु गर्ने। |

र राम्रो हुन्छ कि: एक व्यक्तिले आफ्नो तवाफ, साई र सबै नुसुकहरूमा अल्लाह सर्वशक्तिमानलाई सम्झना र बिन्ती गरोस्, किनभने पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "अल्लाहको घरको तवाफ, सफा र मारवाको साई र रमी जम्रात अल्लाह सर्वशक्तिमानको सम्झनालाई जीवित बनाउन को निम्ति ब्याख्या गरिएको हो।
अबू हुरैराहले भन्नुभयो: "जब अल्लाहले आफ्नो रसूललाई मक्काको विजय प्रदान गर्नुभयो, पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम तिनीहरूका बीचमा उभिएर अल्लाहको प्रशंसा गर्नुभयो र भन्नुभयो : "निश्चय नै अल्लाहले हात्तीहरुलाई मक्काबाट रोकेको थियो, तर आफ्नो रसूल र आस्थावानहरूलाई त्यसमाथि शासन दिनुभयो, हेर! यो मेरो लागि एक दिनमा एक घण्टाको लागि मात्र वैध गरिएको छ,त्यसपछि यो पुनरुत्थानको दिनसम्म पवित्र रहनेछ।

| | | | | |
|---|---|---|---|---|
| [१] त्यसैले यसको शिकार गर्ने होइन। | [२] यसका रुखहरू काट्नुपर्ने होइन। | [३] यहाँ झरेको कुरा सार्वजनिक रूपमा घोषणा गर्नेको लागि मात्र वैध हुनेछ। | [४] जसको कुनै मानिस मारिएको छ उससँग दुईवटा कुराको अधिकार हुन्छ। | अब्बासले सुझाव दिए: "अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लम (इज्खिर) बाहेक किनकि यो हाम्रो चिहान र घरहरूको लागि उपयोगी हुन्छ। अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो "इज्खिर बाहेक।" |

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "ईर र सोर बीचको मदीना हरम हो।" यो मुस्लिम द्वारा वर्णन गरिएको छ।
पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "पाँच चीजहरू यति खराब छन् कि तिनी हिल र हरममा सबै ठाउँमा मारिनेछन्:

| | | | | |
|---|---|---|---|---|
| [१] काग। | [२] चील | [३] बिच्छी | [४] मुसा | [५] रटोक्ने कुकुर। बुखारि व मुस्लिम |

तीन प्रकारका कुकुरहरूको आदेश:

| | | |
|---|---|---|
| [१] टोक्ने कुकुर: यसलाई मार्नु अनिवार्य छ। | [२] कालो कुकुर: यसलाई मार्ने अनुमति छ। | [३] यी दुबै बाहेकलाई मार्नु मनाही छ, जबसम्म उसले पीडा नदियोस्। |

## हदी, अज्हिया र अकीकहको बारेमा

अनिवार्य हदी (बलिदान)को बारेमा माथि उल्लेख भईसकेको छ, ती बाहेक जे सुकै छ सबै सुन्नत हो, त्यस्तै गरी: उज्हिया र अकीकह पनि।

बलिदान दिन सक्ने मुस्लिमहरुको लागि यसलाई छोड्ने अनुपयुक्त हो, किनकि पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जो धन भएको भए पनि कुर्बानी गर्दैन उसले मेरो ईद स्थल नजिक नआओस्।
र नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "तिमीहरू मध्ये कसैले बलिदान गर्ने मनसाय राखेका छन् भने उनले सुरुका दश दिनहरुमा कुर्बानी नगरेसम्म आफ्नो कपाल र नङ काटिनु हुँदैन।" यो मुस्लिम द्वारा वर्णन गरिएको छ, र उहाँ बाट एउटा अर्को वर्णनमा छ कि : "न त आफ्नो छालाबाट "।

र कुर्बानिको लागि चौपायालाई मात्र बलि गर्ने अनुमति र उमेरको अधारमा बलि गर्ने अनुमति छैन तर:

| [१] जिज्आ: दुन्बाहरु मध्ये जसको उमेर छ महिना पूरा भईसकेको छ। | [२] र सनिअ: | | |
|---|---|---|---|
| | [क] ऊँटहरु मध्ये: जुन पाँच वर्षको हो। | [ख] बाख्राहरु मध्ये: जसको उमेर एक वर्ष हो। | [ख] गाईहरु मध्ये: जसको उमेर दुई वर्ष होस्। |

कुर्बानिको जनावरहरू ऐब मुक्त हुनुपर्छ किनकि पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "चार प्रकारका जनावरहरूको बलिदान वैध छैन:

| | | | |
|---|---|---|---|
| [१] स्पष्ट रूपमा हेर्न नसक्ने जनावर। | [२] रोगी जनावर जो स्पष्ट रूपमा बिरामी छ,। | [३] लङ्गडा जनावर जो स्पष्ट रूपमा लङ्गडा छ। | [४] र मज्जा नभएको। सहिह खमसह द्वारा वर्णित छ। |

जनावर मोटो र सुन्दर हुनुपर्छ, र यो जति मोटो र सुन्दर हुनेछ, त्यति नै अल्लाहको समिप हुनेछ, र बलिदानको लागि धेरै पुन्य र उपयोगि हुनेछ।
जाबिर भन्छन्: " हुदेबियाहको वर्ष हामीले अल्लाहको दूतसँग सात व्यक्तिको लागि एउटा ऊँट र सात व्यक्तिको लागि एउटा गाई बलिदान गर्यौं। मुस्लिम।

अकीकह सुन्नत मोअक्कदह हो, बुबाको हकमा वा जो बुबाको निकट छन्:

| | |
|---|---|
| [१] केटाको तर्फबाट दुईवटा बाख्री। | [२] अनि केटीको तर्फबाट एउटा बाख्री। |

अकीकह गरिनेछ:

| | | |
|---|---|---|
| [१] सातौं दिन: त्यसैले यदि शनिबार बच्चा जन्मेको छ भने, शुक्रबार गरिनेछ, अर्थात्: जन्म हुनुभन्दा एक दिन अघि। | [२] र यदि सातौं दिन सम्भव छैन भने, चौधौं दिन। | [२] र यदि यो दिन पनि सम्भव छैन भने, एक्काइसौं दिन। |

अकीकह त्यसको तर्फबाट गरिनेछ जसमा आत्मा श्वास गरिएको छ, चाहे त्यो मृत जन्मिएको होस्।

त्यसैगरी, सातौं दिन निम्न कार्यहरु गर्ने अनुमति छ:

| | | |
|---|---|---|
| [१] बच्चाको नामकरण: जसको पहिले नाम राखिएको छैन। | [२] बच्चा यदि केटा हो भने: मुण्डन गराउनु। | [३] कपालको तौल बराबर चाँदी दान गर्नु। |

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "हरेक बच्चालाई उसको अकीकहको सट्टामा बन्धक राखिएको छ, उसको तर्फबाट सातौं दिन अकीकह गरियोस्, र उसको मुण्डन गरियोस्, र उसको नामकरण गरियोस्।" हदीस प्रामाणिक छ, र यो खम्सा (अहमद, अबू दाउद, तिरमिजी, नसई र इब्न माजह) द्वारा वर्णन गरिएको छ।
माथि उल्लिखित जनावरहरू मध्ये खाईने छन्, उपहार दिइने छन्, र दान पनि दिइने छन्।
कसाईको मजदुरी त्यसबाट तिर्नु पर्दैन, तर उसलाई उपहार वा दान स्वरुप केही दिइनेछ।

## [संलग्नक]

| हज्जका दिनहरूको नाम: | | | | | |
|---|---|---|---|---|---|
| [१] यौमुत्तर्वियह: जुल-हिज्जाको आठौं तारिखलाई भनिन्छ। त्यस दिन तिनीसहरू मिनामा पानी पुर्याउँथे। | [२] यौमे अराफह: जुल-हिज्जाको नवौं तारिखलाई भनिन्छ। | [३] यौमुल् ईद: जुल्-हिज्जाको दशौं तारिखलाई भनिन्छ। | [४] यौमुल्-कुर: जुल हिज्जाको एघारौं तारिखलाई भनिन्छ। | [५] यौमुन्-नफर अल-अव्वल: जु-हिज्जाको बाह्रौं तारिखलाई भनिन्छ। | [६] यौमुन्-नफर अल-सानी: जुल-हिज्जाको तेह्रौं तारिखलाई भनिन्छ । |

र लैलतुल्-जामअ ईदको रातलाई भनिन्छ यसको नाम अराफह पछि यस दिन मानिसहरू भेला हुने हुनाले राखिएको हो, किनकि जाहिलियतमा मक्कह बासीसहरू अराफहको लागि बाहिर निस्कदैन थिए।

| हजको बेलामा बिन्ति गर्ने स्थानहरू पाँचवटा छन्: | | | | |
|---|---|---|---|---|
| [१] नवौं तारिखमा अराफहमा दिउँसो देखि सूर्यास्तसम्म। | [२] नवौं तारिखमा मुजदलिफामा फज्रदेखि सूर्योदय सम्म। | [३] तश्रिकको दिनमा जुम्राए सुग्रा र जुम्राए उकबालाई ढुङ्गाले हानेपछि। | [४] परिक्रमा गर्दा। | [५] सई गर्दै सफा र मरवा पहाडहरूमाथि र तिनीहरूको बीचमा । |

| मदीनहको तीर्थयात्रा: | | | | |
|---|---|---|---|---|
| [१] मस्जिदे नब्विमा नमाज पढ्ने मनसायले यात्रा गर्ने, यस हदीसको कारण: "(धार्मिक भक्तिको लागि) यात्रामा ननिस्कनुहोस्, तर तीन मस्जिदहरूको लागि - मेरो यो मस्जिद (मदीनामा) पवित्र मस्जिद (मक्कामा) र मस्जिदे अल-अक्सा (बैत अल मक्दिस)"। र यो हदीस: ""मेरो यो मस्जिद (अर्थात मदीनाको मस्जिद) मा एक नमाज पवित्र मस्जिद (काबा) बाहेक "अन्य ठाउँमा एक हजार भन्दा राम्रो छ।"। | [२] कुबामा नमाज पढ्नु - यस हदीसको कारणले: ""जसले आफ्नो घरमा वजू गर्छ, त्यसपछि कुबाको मस्जिदमा आउँछ र त्यहाँ नमाज पढ्छ, उसलाई 'उम्राह' को समान पुन्य दिइनेछ।" | [३] पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम र उहाँका दुई साथीहरूको चिहानको भ्रमण गर्नु, किनकि उहाँका साथीहरूले यसो गरेका छन्। | [४] बकीअ कब्रिस्तानको भ्रमण गर्ने, किनकि पैगम्बरले त्यसो गर्नुभयो। | [५] उहुदका शहीदहरूको चिहानको भ्रमण गर्नु, किनकि पैगम्बरले त्यसो गर्नुभएको छ। |

## हजको बारेमा केही प्रश्नहरू

| बेठीक | ठीक | प्रश्नहरु: |
|---|---|---|
| ☐ | ☐ | ☐ इहराम हजका स्तम्भहरू मध्ये एक हो, जुन मिकातबाट चादर र लङ्गी बाँध्नु हो। |
| ☐ | ☐ | ☐ तवाफे एफाजह, तवाफे जियारत बाहेक अन्य वस्तु हो, पहिलो रुक्न हो र दोस्रो सुन्नत हो। |
| ☐ | ☐ | ☐ पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले तीन पटक हज गर्नुभयो। |
| ☐ | ☐ | ☐ तत्काल हज गर्नु अनिवार्य छ। |
| ☐ | ☐ | ☐ मदिना बासीहरूले यलमलमबाट इहराम लगाउनेछन्। |
| ☐ | ☐ | उमरह को समय रमजान को महिना हो। |
| ☐ | ☐ | ☐ मक्कावासीहरूले हजको लागि तनइमबाट इहराम लगाउनेछन्। |
| ☐ | ☐ | ☐ इहरामको रूपमा महिलाले सेतो कपडा लगाउने छिन् । |
| ☐ | ☐ | ☐ महिलालाई सिलिएको कपडा लगाउन अनुमति छैन। |
| ☐ | ☐ | ☐ मोहरमको लागि बेल्ट बाँध्नु अनुमति छैन। |
| ☐ | ☐ | ☐ मुस्तहब यो हो कि तीव्र गतिमा सई गर्ने। |
| ☐ | ☐ | ☐ तीर्थयात्रीहरू मगरिब अघि अराफह छोड्नेछन्। |
| ☐ | ☐ | ☐ अराफहमा बस्नु हजको दायित्व मध्ये एक हो। |
| ☐ | ☐ | ☐ अराफहमा पहाड चढ्ने अनुमति छैन। |
| ☐ | ☐ | ☐ हदी (बलिदान) हज्जे तमत्तो र हज्जे केरान गर्नेहरुको लागि अनिवार्य जबकि हज्जे इफराद गर्नेहरुको लागि सुन्नत हो। |
| ☐ | ☐ | ☐ ईदको दिन जमरए उकबहलाई ढुङ्गा प्रहारसँगै तल्बियह बन्द गरिनेछ। |
| ☐ | ☐ | ☐ यदि कुनै तीर्थयात्रीले लक्ष्य (पोल) लाई ढुङ्गाले प्रहार नगरी कुण्डमा ढुङ्गा राख्छ भने उसले ढुङ्गा हाने जस्तै छ। |
| ☐ | ☐ | ☐ दशौं दिन हाजीले सबै जम्रातहरूलाई ढुङ्गा हान्ने। |
| ☐ | ☐ | ☐ अय्यामे ताश्रिकमा दिउँसो देखि ढुङ्गा हान्ने छन् । |
| ☐ | ☐ | ☐ जुम्राह उकबहलाई ढुङ्गा हानेपछि बिन्ति गर्ने वैध छ। |
| ☐ | ☐ | ☐ हज र उमरा बाहेक कुनै पनि उपासना छाड्ने मनसायले उपासना भङ्ग हुन्छ, कुनै पनि उपासनामा निषेधित काम गर्ने मनसाय भएमा निषेधित कार्य नगरेसम्म उपासना भङ्ग हुँदैन । |

| बेठीक | ठीक | प्रश्नहरु: |
|---|---|---|
| ☐ | ☐ | ☐ हज्जे इफ़राद र हज्जे केरानको कर्म बराबर छन्, यस बाहेक कि दुई नुसुक प्राप्त हुनले केरानमा कुर्बानी आवश्यक हुन्छ र इफ़रादमा होइन। |
| ☐ | ☐ | ☐ यदि कुनै चीजमा वेध र अवेधको मेल भयो र वेधलाई अवेधबाट छुट्याउन नसकिने भएमा अवेधलाई प्राथमिकता दिइनेछ। |
| ☐ | ☐ | ☐ कुनै वस्तुको पीडाबाट यसलाई हटाइनेले कुनै अवैधता हुँदैन। |
| ☐ | ☐ | ☐ महिलाको इहराम यसको अनुहारमा हुन्छ । |
| ☐ | ☐ | ☐ वाजिब त्यो हो जसलाई अल्लाह तआला र उहाँको रसूलले अनिवार्य गर्नुभएका छन्, र बिना प्रमाण अनाथ बालबालिका हरुको सम्पत्ति प्रयोग गर्नु वैध छैन, तर तिनीहरुको पालनपोषणको लागि बहुमतिय फतवाहरुको आधारमा प्रयोग गर्न सकिन्छ,र जहाँसम्म सैद्धान्तिक ज्ञानको सवाल छ, त सत्यलाई स्पष्ट पार्नु महत्त्वपूर्ण हुन्छ। |
| ☐ | ☐ | ☐ बिना प्रमाण अनिवार्य घोषणा गर्नु भनेको बिना प्रमाण निषेध गर्नु जस्तै हो। |
| ☐ | ☐ | ☐ पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमको समयमा यदि कुनै कुरा मौजूद थियो र उहाँले त्यसलाई गर्नुभएन भने पनि यसलाई छोड्नु नै सुन्नत हो। |
| ☐ | ☐ | ☐ यदि कुनै अनिवार्यता छुट्छ भने यसको क्षतिपूर्ति गर्न बलिदान दिनुपर्छ, तर केही अज्ञानीहरुका अनुसार यस सिलसिलामा उसले जे पनि गर्न अधिकार छ । |

☐ हजका स्तम्भहरुको संख्या: ☐ दुई ☐ तीन ☐ चार

☐ इतेबा सुन्नत हो: ☐ उमरहको तवाफमा ☐ कोदुमको तवाफमा ☐ जियारतको तवाफमा ☐ पहिलो र दोस्रोमा मात्र ☐ माथिका सबैमा

☐ अराफहको दिन, पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले मगरिब र ईशाको नमाज कहाँ पढ्नुभयो ? ☐ अराफहमा ☐ मिनामा ☐ मुजदलिफहमा ☐ बाटोमा

☐ हज अनिवार्य भयो सन्: ☐ नौ हिजरी ☐ दस हिजरीमा

☐ इहरामका निषेधहरू हुन्: ☐ नौ ☐ पाँच ☐ तीन

☐ इहराम लगाउने मनसायले अत्तर लगाउनु मुस्तहब हो ........................ जबकि ......... ......... अत्तर नलगाउने

☐ मोहरिमहले लगाउनु हुँदैन........................ र न त ................... ..................

☐ हज र उमरह ............. जीवनमा ...............एक पटक, जसले हज गर्यो र ..... ..... र न त ................ उ आफ्नो पापबाट यसरी शुद्ध हुन्छ जसरि कि आज उसकी आमाले भर्खरै जन्म दिएकी छिन्, र स्वीकार्य हजको कुनै बदला छैन, सिवाय ............................................. ...................................

☐ उपवास कसका लागि अनिवार्य छ ?

1- ..........................................................................

2- ..........................................................................

3- ..........................................................................

4- ..........................................................................

5- महिलाको लागि यो वृद्धि छ..............................................................:

☐ सई सुरु गरिनेछ ............................... र समाप्त गरिनेछ ........ ........................

☐ हजका कर्महरू सुरु हुन्छन् .................. र .................. को दिन समाप्त हुनेसम्म जारी रहन्छन्।

☐ यदि तवाफे इफाजहलाई मक्कह छोड्ने समयसम्म ढिलाइ गर्छ भने, त यो तवाफ तवाफे विदाको लागि पनि पर्याप्त हुनेछ, र तवाफे इफाजह तवाफे उम्राह जस्तै हो,सिवाय.......... र

................................ ।

☐ र कारिन र मुफरिद माथि सई गर्न अनिवार्य छ ............. तर मुत्मात्तुले सई गर्नेछ.............................।

हज र उमरहमा एकेश्वरबाद को महत्वपूर्ण अंशहरु मध्ये हुन्............. :

................................... ................................................

................................... ................................................

................................... ................................................

................................... ................................................

................................... ................................................

☐ निम्न कार्यहरू मध्ये प्रत्येकको आदेश बताउनुहोस्:

बाल हज.............................. .................................. :

बिना कुनै जिम्मेवार पुरुष, महिलाले गरेको हज ............................... :

......................................

ऋणीको हज: ......

☐ माथिल्लो सूचीबाट (जुल्-हिज्जाका दिनहरू) तल्लो सूचीमा हुने उपयुक्त दिनहरू मिलाउनुहोस्:

| तारीख 13 | तारीख 12 | 11 तारीख | 10 तारीख | 9 तारीख | 8 तारीख |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| यौमुल् कर्र | यौमुन् नफर अल सानि | यौमुन् नहर | त्यस दिन तिनिहरूले मीनामा पानी ल्याउने गर्थे | यौमुन् नफर अल अव्वल् | यौमुल् वकुफ |

# ाकनबच का बारमा

| |
|---|
| **इस्लाममा किनबेचको अर्थ हुन्छ: वैध मालको आदानप्रदान, जसमा ब्याज र ऋण समावेश नहोस्।** |

## [किनबेचका मुख्य आधारहरु र सर्तहरू]

| **सम्झौताका प्रकारहरू:** | | |
|---|---|---|
| [३] ओकुदे तबर्रो: जस्तै ऋण, उपहार, वसीयत र दान। | [२] ओकुदे तौसीक: जस्तै धितो र जमानतहरू। | [१] ओकुदे मोआवेजह : जस्तै किनबेच र भाडा। |

| **किनबेचका आधारहरू:** | | | |
|---|---|---|---|
| [१] सम्झौतामा दुई पक्षहरू: विक्रेता र खरिदकर्ता। | [२] जसको सम्झौता गरिने: अर्थात् सामानको खरिद बिक्री। | [३] कौल करार: र यो दुई तरिकामा हुनेछ: | |
| | | [ए] मौखिक: विक्रेता र खरिदकर्ता को मन्जुरीले। | [ख] कार्यमूलक: लिने र दिनेले । |

यसमा [-अर्थात: किनबेचमा -] वैधको मान्यता हुनेछ , किनकि अल्लाह तआलाको भनाई छ: अल्लाह तआलाले व्यापारलाई वैध र ब्याजलाई निषेध गरेको छ।
तसर्थ, सबै सम्पत्ति र वस्तुहरू : अचल सम्पत्तिहरु, जनावरहरु, र उपकरणहरुमा, यदि किनबेचका शर्तहरू भेटिएको छ भने यसको करारनामा वैध छ।

र किनबेचका सर्तहरु तीन चीजहरुमा आधारित छन्: दमन, रिबा (ब्याज) र गरर (धोखा)।
तसर्थ, यदि कसैले आफ्नो स्वामित्वमा नभएको वस्तुलाई बेच्यो भने त्यो दमन हो, र यदि कसैले ब्याजको लेनदेन गर्यो भने त्यो रिबा हो, र यदि कसैले अज्ञात वस्तु बेच्यो भने त्यो धोखाधडी हो।

**किनबेचका सर्तहरू:**

| | | | | |
|---|---|---|---|---|
| [५] मूल्य वा वस्तु निषेधित अथवा अवैध नहोस्। | [४] किनबेचमा लेनदेन व्याज मुक्त होस्। | [३] सम्झौता गर्ने दुबै पक्षहरू सामानको मालिक हुने अथवा तिनीहरु सँग सामान खर्च गर्ने अधिकार होस्। | [२] मूल्य वा सामानमा धोखाधडी र अज्ञात वस्तु नहुने। | [१] सम्झौता गर्ने पक्षहरूको सहमति। |

**केही निषेधित किनबेच:**

| | | | | | |
|---|---|---|---|---|---|
| [१] जसमाथि शुक्रबारको नमाज पढ्न अनिवार्य छ, उसले दोस्रो आह्वान पछि किनबेच गर्ने। | [२] कुनै यस्तो व्यक्तिलाई सामानहरू बेच्ने जसले तिनीहरूलाई पाप वा निषेधित कार्यहरूमा प्रयोग गर्नेछ। | [३] दुईजना खरिद बिक्री गर्नेहरुको बीचमा मोलतोल गर्ने । | [४] बैए ईनह। | [५] सामानहरू कब्जा गर्नु अघि बेच्ने। | [६] फलफूल पाक्ने अघि नै बेच्ने। |

**सबैभन्दा महत्त्वपूर्ण सर्तहरू मध्ये :**

[पहिलो सर्त]

सहमति: अल्लाह तआलाको यस आदेशका कारण: खरीद र बिक्री पारस्परिक सहमतिबाट गर।

बेच्ने बाध्य बनउने (तर जस्तै कर्जदारका हितको लागि न्यायाधीशले उसलाई बेच्ने बाध्य बनउने ) यसो गर्न सही छ।

[दोस्रो सर्त]

यसमा कुनै छल र अज्ञानता नहोस्, किनकि पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले धोकाको व्यापारलाई निषेध गर्नुभएको छ। मुस्लिम

| | | | | |
|---|---|---|---|---|
| [१] भागेका दास र आवारा पशुलाई बेच्ने। | [२] वा यसो भन्ने: मैले तिमीलाई दुई सामान मध्ये एउटा बेचें। | [३] व यसो भन्ने, म तिमीलाई जहाँसम्म ढुङ्गा पुग्छ त्यहाँसम्म सबै बेच्छु। | [४] वा यसो भन्नु, दासीको पेटका बच्चालाई, वा रूखमा फलेको सबै म तपाईँलाई बेच्छु। | [५] वा गर्भवती महिलाको गर्भमा रहेको लाई बेच्छु। |

र यो धोका चाहे मूल्यमा होस् वा वस्तुमा।

[तेस्रो सर्त]

र यो सम्झौता गर्ने पक्ष: सामानको मालिक होस्, वा त्यसो गर्न अधिकृत होस्, परिपक्व र बुद्धिमान होस्।

[चौथो सर्त]

बिक्रीका सर्तहरू मध्ये यो पनि हो कि बिक्री र खरिद ब्याजको मध्यमबाट नहोस्।

**रिबा (ब्याज)का प्रकारहरु:**

| | |
|---|---|
| [१] रिबल्-फजल: एउटै मूल्य र प्रकारका समानलाई एकअर्काको बदलामा मूल्य घटबढ गरेर बेच्ने। | [२] रिबल्-नासिअह: ब्याज-वाहक सम्पत्तिको कब्जामा ढिलाइ। |

उबादहबाट वर्णन गरिएको छ कि अल्लाहको रसूल, उहाँमाथि शान्ति र आशीर्वाद होस् ले भन्नुभयो: "सुनको सट्टामा सुन, चाँदीको सट्टामा चाँदी, गहुँको सट्टामा गहुँ, जौको सट्टामा जौ, खजूरको सट्टामा खजूर र नुनको सट्टामा नुनको किनबेच बराबर बराबर होस् जसले बढी दियो वा बढी लियो उसले ब्याजको लेनदेन गर्यो।" यो मुस्लिम द्वारा वर्णित छ।

**निम्न छ प्रकारका चिजहरुमा ब्याज:**

| | | | | | |
|---|---|---|---|---|---|
| [१] सुन | [२] चाँदी | [३] गहुँ | [४] जौ | [५] खजूर | [६] नुन |

| | | |
|---|---|---|
| [१] तसर्थ, नापेको वस्तु एउटै लिङ्गको नापेको वस्तुलाई बेचिनेछ, र तौलिएको वस्तु पनि आफ्नै लिङ्गलाई बेचिनेछ। | [२] यदि नाप्नु पर्ने वस्तुलाई नाप्नु पर्ने वस्तुको अर्को लिंगसँग बिक्री गरियोस् वा तौल्नु पर्ने वस्तुलाई अर्को तौल्नु पर्ने लिंगसँग बिक्री गरियोस् त घटबढ गरेर बिक्री गर्न अनुमति छ तर त्यहाँबाट फर्के अघि त्यो सामान कब्जामा लिनुपर्नेछ। | [३] यदि नाप्नु पर्ने सामानहरू तौलिने सामानबाट बेचिन्छ भने, वा यसको विपरित, घटबढ गरेर बिक्री गर्न अनुमति दिइएको छ, चाहे त्यो फर्के पछि कब्जामा लिइयोस्। |

अज्ञान भनेको भिन्नताको ज्ञान जस्तै हो।
त्यसै गरी, पैगम्बरले बैए मुजानबहलाई निषेध गर्नुभयो, जुन: "गुच्छामा लागेको खजूरको सट्टामा खजूर किन्ने हो"। बुखारि व मुस्लिम।
र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले बैए अरायामा अनुमान लगाएर बिक्रीको अनुमति दिनुभएको छ: त्यस व्यक्तिको लागि जसलाई पाकेका खजूरको खाँचो छ तर अनुमानित मूल्य तिर्न पैसा छैन, र यो पाँच वसक भन्दा कम हुनुपर्छ।" मुस्लिम।

**बैए आरायाको वैधताका लागि सर्तहरू:**

| | | | | |
|---|---|---|---|---|
| [१] ऊ सँग ताजा खजूर किन्नको लागि खजूरबाहेक केही नहोस्। | [२] यो पाँच वसक वा सोभन्दा कम होस्। | [३] यो ताजा खजूरको मात्रामा होस्। | [४] उसलाई साँच्चै ताजा खजूर खाने आवश्यक्ता होस् , यसलाई बचाउने र फल बनाउने मनसाय नहोस्। | [५] यो ताजा खजूर रुखमा होस् । |

[पाँचौं शर्त]

तिनी शर्तहरू मध्येका हुन्: किनबेचको सम्झौता धर्मले अवैध घोषित गरेका चीजहरुको नहोस्:

| [१] अथवा उहाँले आफैंले यो कुरालाई अवैध घोषणा गर्नुभएको हो, जस्तै: "अगमवक्ता सल्लल्लाहु अलैहि वसल्लमले रक्सी, मुर्दार र मूर्तिहरू बेच्न निषेध गर्नुभएका छन्"। बुखारी र मुस्लिम। | [२] वा यसको कारण मुस्लिमहरूको बीच असहमतिको डर होस्, जस्तै पैगम्बरले निषेध गरेका हुन् : "कुनै मुस्लिमको खरिद बिक्रीमाथि सौदाबाजी गर्नेबाट " [जसरी कुनै व्यक्तिले कसैबाट १० हजारमा मोबाइल किन्ने बेलामा, तेस्रो व्यक्ति आओस् र भनोस्, 'म तिमीलाई त्यही मोबाइल ९ हजारमा दिन्छु]" त्यस्तै म यसलाई दश हजारमा किन्छु] र बैए नजसलाई पनि निषेध गर्नुभयो [नजस् अर्थात् सामान किन्न नचाहेको व्यक्तिले खरिदकर्ता वा विक्रेता वा दुवैलाई हानि पुऱ्याउन सामानको मूल्य बढाओस्]। बुखारी र मुस्लिम। | [३] त्यस्तै नबी सल्लल्लाहु अलैहि वसल्लमले दास र यसका आफन्तहरू लाई अलग गर्न निषेध गर्नुभएको छ। | [४] त्यस्तै यो पनि निषेधित छ, यदि क्रेताको बारेमा थाहा होस् कि उसले सामानहरू पापपूर्ण गतिविधिहरूमा प्रयोग गर्नेछ, जस्तै जुवाको लागि ओखर र अण्डाहरू किन्ने, वा देशद्रोही वा लुटेराहरूलाई हतियार बेच्ने। | [५] त्यसैगरी, पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले अगाडि गएर व्यापारीहरुसँग भेट्न पनि निषेध गर्नुभयो, र भन्नुभयो: "अगाडि गएर व्यापारीहरुसँग नभेट्नुहोस्, यदि कसैले तिनीहरुसँग अगाडि गएर भेट्यो र सौदा पक्का गर्यो भने तिनीहरुलाई बाजार पुगेपछि सौदा भङ्ग गर्ने अधिकार हुनेछ"। | [६] र पैगम्बर सल्ल ल्लाहु अलैहि वसल्लम ले भन्नुभयो : "जसले हामीलाई धोका दियो त्यो हामी मध्ये होइन।" मुस्लिम |
|---|---|---|---|---|---|

**स्पष्ट व्याजहरुको उदाहरण:**

| [१] बैए ईना मार्फत यसलाई वैध बनाउनु, जस्तै एक सय रुपैयामा निश्चित अवधिको लागि कुनै वस्तु कसैलाई बेच्नु, त्यसपछि उही खरिदकर्ताबाट नगदमा कम मूल्यमा त्यो समान किन्नु, वा यसको विपरीत। | [२] वा छल गरेर ऋण उल्टाउने। | [३] वा छल गरेर ब्याजको लागि ऋण दिने: जस्तै कसैलाई ऋण दिने र उसको सम्पत्तिबाट कुनै प्रकारको फाइदा लिने, वा बदलामा उसलाई केहि दिने, किनकि सशर्त लाभ हुने प्रत्येक ऋण ब्याज हो। | [४] र छलको एक प्रकार यो पनि हो: चाँदीमा कुनै अन्य धातु मिसाएर यसलाई चाँदीको भाउमा बेच्ने, वा एक मुद् अजवा खजूर र एक दिर्हमलाई एक दिर्हमको सट्टामा बेच्नु । |
|---|---|---|---|

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमलाई ताजा खजूरको सट्टामा खजूर बेच्ने बारेमा सोधिएको थियो, तब उहाँले भन्नुभयो: "के यो सुकेपछि कम हुन्छ ?" मानिसहरूले भने: हो,तब उहाँले यसलाई निषेध गर्नुभयो। यो खम्सा द्वारा वर्णित छ । [किनभने ताजा खजूहरू सुक्खा खजूरहरु भन्दा भारी हुन्छन्, तर बैए अराया यसबाट अलग छ, केहि सर्तहरूको साथ जसको उल्लेख गरिसकेको छ]।

"अल्लाहका मेसेन्जरले मापन गरिएको खजूरहरू संग खजुरको ढेरलाई बेच्न निषेध गरिएका हुन्।" मुस्लिम

जिम्मा लगाएको बिक्रीको बारेमा:

[१] यदि ऊ त्यही हो जुन उसको जिम्मा छ भने: त्यसलाई बेच्ने अनुमति छ, यस शर्तमा कि उसको भुक्तानी अलग हुनु अघि गरियोस्, पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमको भनाइको कारण: "यदि त्यसै दिनको मूल्यमा त्यसको साटासाट गरियोस्, र यदि क्रेता र बिक्रेता एक अर्काबाट अलग हुनु अघि पैसाको कुनै अंश कसैको लागि बाँकी छैन भने, त्यस्को बिक्री गर्न अनुमति छ।

[२] त्यस बाहेक वैध छैन, किनकि त्यसमा धोखा छ।

## रूखहरू र (तिनीहरूको) फलहरूको बिक्रीको बारेमा

**यस सन्दर्भमा दिएको उदाहरणमा, खजूरको रूखलाई रूख र यसको खजूरलाई फलले ब्याख्या गरिनेछ।**

**[ रुखको बिक्री ]**

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले ताबीर पछि खजूरको रूख किन्ने छ, उसलाई यसको फल दिइनेछैन बरु बेच्नेलाई दिइनेछ , तर यदि क्रेताले सर्त लगायो भने ।" बुखारी र मुस्लिम।

यो हदीस खजूरको रूख बेच्नेसँग सम्बन्धित छ र जग्गा बेच्न होइन, त्यसैले यदि ताबीर पछि खजूरको रूख बेच्न भयो भने:

यसको फल बिक्रेताको हो।

जबसम्म खरिदकर्ताले खजूर सहितको फल उसैको हुनेछ भनी उल्लेख नगरोस्, र यसो गरे नै राम्रो हुनेछ।

त्यसैगरी अन्य सबै रूखहरू जसको फल देखिन्छ [जस्तै स्याउ र अंगूर, किनकि यो ताबीर गरेको खजूर जस्तै हो]।
र यस्तै एक चोटि काटेको खेती पनि हो।
र यदि बारम्बार काटिने खेती होस् भने यसको मूल भाग खरिदकर्ताको हो र यसमा लागेका फल बिक्रीको समयमा विक्रेताको हो।

**[ फलफूल बिक्री ]**

**"र नबी सल्लल्लाहु अलैहि वसल्लमले विक्रेता र खरिदकर्ता दुवैलाई फलफूल पाक्नु अघि बेच्न निषेध गर्नुभयो।"**
र जब उहाँलाई यसको बारे सोधियो, उहाँले भन्नुभयो: "जब यो थाहा होस् कि अब यो फल विपत्तिबाट जोगिनेछ।" र एउटा हदीसमा यस्तो छ: "रातो वा पहेंलो नहुन्जेल सम्म"।
र नबी सल्लल्लाहु अलैहि वसल्लमले अनाजलाई नपाकेसम्म बेच्न निषेध गर्नुभयो। यो अल-सुनन् द्वारा वर्णन गरिएको छ।

र यदि दाना चाराको लागि बेच्ने हो भने पाक्ने सर्त छैन ।

र नबीको भनाई छ "यदि तिमीले आफ्नो भाइलाई केही बेच्यो र त्यो क्षतीले पिरोल्यो भने तिमीले उसबाट केही नलिनु। तिमीले आफ्नो भाइको सम्पत्ति कुन आधारमा लिने छौ ?" मुस्लिम

अर्थात विक्रेताले क्रेताको पूरा रकम फिर्ता गरोस्, तर यदि क्रेताको सुस्तीले गर्दा फल टिप्न ढिलाइ भयो भने उसले आलस्यको सजायस्वरूप केही पाउँदैन।

**तर यदि जग्गा बेचियोस् र त्यसमा:**

| | | |
|---|---|---|
| [१] रुख होस्: तब यो जमिनको अधीनमा मानिनेछ, त्यसैले रूख खरिदकर्ताको हुनेछ। | [२] यदि यो बारम्बार काटिएको बाली हो भने: बिक्रीको समयमा यसको उत्पादन विक्रेताको हुनेछ, र जग्गा खरिदकर्ताको हुनेछ, तर यदि क्रेताले उत्पादन पनि उसको हुनेछ भनी सर्त | [३] एक पटक मात्र काटिने बाली: जस्तै गहुँ र जौ, कटनी नभएसम्म, तिनीहरू विक्रेताको हुनेछन्। |

## खयार - सम्झौता समाप्त गर्ने आदिको बारेमा

**खयारको अर्थ: सम्झौता भङ्ग गर्ने वा यथावत् राख्ने अधिकार चाहे त्यो क्रेताको लागि होस् वा बिक्रेताको लागि होस्।**

जब बिक्रीको सम्झौता पूरा हुन्छ, तब यो अनिवार्य हुन्छ, धार्मिक अवरोध बाहेक।

**अनिवार्यता अनुसार सम्झौताका प्रकारहरु:**

| | | |
|---|---|---|
| [१] दुबै पक्षहरूद्वारा मान्य सम्झौता: जस्तै प्रतिनिधित्व। | [२] दुबै पक्षहरूद्वारा अनिवार्य सम्झौता: जस्तै किनबेच र भाडा। | [३] एक पक्षको तर्फबाट अनिवार्य सम्झौता जबकि अर्को पक्षको तर्फबाट मान्य सम्झौता : जस्तै धितो। |

**खयारका आठ प्रकारहरु निम्न हुन्:**

| | | | |
|---|---|---|---|
| [१] खयारे मजलिस। | [२] खयारे सर्त। | [३] खयारे गबन। | [४] खयारे तद्लिस। |
| [5] खयारे ऐब। | [६] तोकिएको मूल्यभन्दा कम वा बढी भएमा मूल्यबारे जानकारी दिने अधिकार। | [८] अवगत गराइएको विशेषताहरु नमिल्ने अवस्थामा अधिकार। | [७] किनबेच गर्नेलाई बदल्ने अधिकार। |

**[पहिलो प्रकार:]**

ती धार्मिक कारणहरू मध्ये एक कारण यो हो: खयारे मजलिस, पैगम्बरले भन्नुभयो: "जब दुई व्यक्तिले लेनदेन गर्छन्, तिनीहरूसँग अलग नभएसम्म (सम्झौता तोड्ने) अधिकार हुन्छ।" यो तब हुन्छ जब तिनीहरू एक अर्कासंग छुट्टिएका छैनन्, तर यदि एकले अर्कोलाई निर्णय गर्न भन्यो र तिनीहरूले कुनै कुरामा सहमत भए, र तिनीहरूले निश्चित रूपमा लेनदेनको निर्णय गरिसकेका छन् भने बिक्री त्यही समयमा हुनेछ। त्यसैगरी सम्झौता गरेपछि दुवै पक्ष एकअर्काबाट अलग भए र कुनै पनि पक्षले सम्झौता अस्वीकार गरेन भने बिक्री अनिवार्य हुन्छ। बुखारी व मुस्लिम

**[दोस्रो प्रकार:]**

ती मध्ये यो पनि हो: खयारे सर्त, जब यो सर्त लगाइयोस् कि ती दुवैलाई वा दुवै मध्ये कुनै एकलाई निश्चित अवधिको लागि सम्झौता तोड्ने अधिकार होस्।

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "मुस्लिमहरूले आफूले बनाएका सर्तहरू पालन गर्नैपर्छ, त्यस्तो शर्त बाहेक जसले अवैध चीजलाई वैध बनाउँदछ, वा वैध चीजलाई अवैध बनाउँदछ।" यो अहले सुनन् द्वारा वर्णन गरिएको छ।

**[तेस्रो प्रकार:]**

तीमध्येको हो कि उसकोसाथ यस्तो धोक्खा होस् जुन समान रुपमा हुँदैन, चाहे त्यो नजसले होस् वा व्यापारीलाई अघि भेटेर होस् वा यी दुई बाहेक अरू कुनै कुराले होस्।

**[चौथो प्रकार:]**

त्यसै मध्येको हो : खयारे तद्लिस, बिक्रेताले क्रेतालाई मूल्य बढाएर समान बेचोस् जस्तै गाईवस्तुको दूध स्तनमा रोकेर राख्ने ।

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "ऊँट र बाख्राको थैलो नबाँध्नुहोस्, जसले यसलाई धोक्खामा पढेर किन्यो उसका लागि दुध दिएपछि दुईवटा विकल्पहरू खुला छन्: उसले चाहियो भने यसलाई राखियोस्, वा फिर्ता गरोस्, तर एक साअ खजूर सहित फर्काइयोस्। अर्को भनाई यस प्रकार छ : "खरीदारसँग तीन दिनको अधिकार हुनेछ"।

**[पाँचौं प्रकार:]**

यदि कसैले खराब वस्तु किन्यो, जसको खराबी उसलाई थाहा थिएन, उसलाई राख्ने वा फिर्ता गर्ने अधिकार छ, यदि फिर्ता गर्न सम्भव छैन भने, यसको बदला दिनुपर्ने छ ।[जुन असल र खराबको बीचको मूल्य रकम हो]।

**[छैटौं प्रकार:]**

र यदि मूल्यको बारेमा विवाद छ भने, दुबैले कसम खानु पर्छ, र दुबै मध्ये प्रत्येकलाई सम्झौता रद्द गर्ने अधिकार हुनेछ।

**एकाला भनेको:**

सम्झौता गर्ने पक्षहरूको बीचको सम्झौता तिनीहरूको सहमतिले समाप्त गर्ने वा भङ्ग गर्ने।

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: यदि कसैले आफ्नो मुस्लिम भाईसँग बिक्री रद्द गर्छ भने, अल्लाहले उसको पापलाई पुनरुत्थानको दिन मेटाउनेछ। इब्ने माजह र अबु दाउद ।

## सलम् वा सलफ् को बारेमा।

विशेषता र गुण परिभाषित सबै वस्तुहरुमा बैए सलमको अनुमति छ, जब:

| | | |
|---|---|---|
| [१] मूल्यमा फर्क पार्ने यसका सबै विशेषताहरू निर्धारित होस् जस्तै [मात्रा, लिङ्ग, किसिम र विशेषता] । | [२] यसको अवधि उल्लेख होस्। | [३] फर्किनु अघि यसको पूरै मूल्य तिरोस्। |

इब्ने अब्बास बाट वर्णित छ,जब पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम मदिनामा आउनुभयो त्यस बेला मानिसहरूले दुई वा तीन वर्ष भित्र पठाइने खजूरको मूल्य अग्रिम तिर्ने गर्थे। उहाँ सल्लल्लाहु अलैहि वसल्लमले (तिनीहरूलाई) भन्नुभयो, "जसले पछि पठाइने चीजको मूल्य अग्रिम तिर्छ, उसले एक निश्चित अवधिको लागि निर्धारित वजनमा निर्धारित नापको लागि तिरोस्।"
नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले अरूको धनलाई फिर्ता गर्ने इरादाले ऋणको रूपमा लिन्छ, अल्लाहले पनि उसको तर्फबाट फिर्ता गर्नेछ। र जसले यसलाई बर्बाद गर्ने इरादाले लिन्छ , अल्लाहले उसलाई बर्बाद गर्नेछ।" [बुखारी]।

सलमको उदाहरण:जस्तै किसान व्यापारीकहाँ आएर भन्छ: मलाई अहिले एक हजार रियाल नगद दिनुहोस् र एक वर्ष पछि म तपाईंलाई एक सय सअ गहुँ दिनेछु, यसरी किसानले मालबाट फाइदा लिन्छ, र व्यापारीले गहुँबाट फाइदा लिन्छ।

## [समर्थित सम्झौताहरू] धितो, जमानत र जामीनको बारेमा

यी निश्चित र स्थायी अधिकारका कागजातहरू (दस्ताबेजहरु, करार पत्रहरू) हुन्:

**[धितो:]**

यो भुक्तान गर्ने एउटा मध्यम हो: जसमा समावेश छन्:

| | | |
|---|---|---|
| [१] धितो राख्ने व्यक्ति: जसले आफ्नो सामान ऋणको लागि जमानतको रूपमा धितो राख्छ। | [२] ऋणदाता: धितो लिने व्यक्ति । | [३] धितो राखिएको वस्तुः ऋणको लागि धितो राखिएको वस्तु। |

बेच्न सक्ने कुनै पनि चीजलाई धितो राख्ने अनुमति छ, तर जो बेच्न वैध छैन त्यो धितो राख्न पनि वैध छैन, जस्तै दान दिएको सम्पत्ति र कुकुर, र त्यस्तै हरेक वस्तु जसको सवामित्व आफू संग नहोस्], त्यस्तै धितो राखिएको वस्तु ऋणदाताको सुरक्षामा रहनेछ,अरु जमानतहरु जस्तै।

र यदि:

[१] यदि पूर्ण रूपमा भुक्तान गरियो भने, धितो फिर्ता गरिनेछ।

[२] यदि भुक्तानी गरिएन र सम्पत्तिको मालिक आफ्नो हक दाबी गर्दै यसलाई बेच्न भनोस्, तब:

| | | |
|---|---|---|
| यसलाई बेच्न अनिवार्य हुनेछ, र त्यही मूल्यबाट धितो भुक्तानी गरिनेछ। | त्यसपछि बाँकी रहेको सम्पत्ति मालिकको हुनेछ। | यदि ऋणबाट अझै केही बाँकी छ भने, यो बिना धितो रहनेछ। |

र यदि कसैले धितो नष्ट गर्छ भने उसले धितोको स्वरूप जमानतमा कुनै वस्तु दिनुपर्नेछ:
र यसको वृद्धि उसको अधीनमा हुनेछ।
यसको खर्चा यसको मालिकको जिम्मा हुनेछ, र धितोकर्ताले यसबाट फाइदा लिन सक्दैन अर्को व्यक्तिले अनुमति नदिए सम्म।
वा जसको अनुमति पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले दिइएको छ।
"कुनै जनावरलाई धितोमा राख्दा यसको खर्चको बदलामा सवारी गर्न सकिन्छ र दुधा-ऊँटको दूधलाई धितोमा पिउन सकिन्छ, तर सवारी गर्ने र पिउनेले खर्च उठाउने छ।"

ऋणदाताले पशु बाहेक अरू कुनै धितोबाट लाभ उठाउने होइन, र उसले भाडा तिरेर मात्र घर वा सवारी साधन प्रयोग गर्न सक्छ, तर पशुको दाना चाराको बदलामा लाभ उठाउने अनुमति छ। माथि उल्लेखित हदीसमा अनुसार।

**धितोको उदाहरण: कुनै व्यक्तिले गाईलाई धितो राख्छ र ऋणदाताले दूध दोहन्छ, तब हामी भन्छौं: त्यति दूध निकालोस् जति त्यसमा लागत लाग्छ।**

| | | |
|---|---|---|
| [१] तसर्थ, यदि हप्तामा दूध निकालेको दूधको मूल्य एक सय रुपैयाँ छ र हप्ताभरको खर्च पनि एक सय रुपैयाँ छ भने, यो अवस्थामा उसको लागि केहि छैन। | [२] र यदि हप्तामा दूध निकालेको दूधको मूल्य दुई सय रुपैयाँ र हप्ताको खर्च एक सय रुपैयाँ छ भने यस अवस्थामा सय रुपैयाँ ऋणकर्ता तर्फ फिर्ता हुनेछ, तर यो पनि धितो रहनेछ किनभने यो धितो को वृद्धि हो। | [३] र यदि मामला उल्टो हो भने: लागत दुई सय रुपैयाँ र दूध एक सय रुपैयाँ छ भने, दूधको मूल्यभन्दा माथिको लागत ऋणकर्ताको जिम्मेवारी हुनेछ। |

[जमानत]

जमानत भनेको : कसैको जिम्मेवारीमा रहेका हक सम्पत्ति आदि को ग्यारेन्टी लिनु।

[जामीन]

र जामीनको अर्थ: कसैलाई व्यक्तिगत रूपमा अदालतमा ल्याउनको लागि जमानत लिनु, र पैगम्बरले भन्नुभयो: "जामीनदार जिम्मेवार छ।"

| | | |
|---|---|---|
| [१] उसले आफ्नो प्रतिज्ञा पूरा गरोस्। | [२] वा मालिकले उसलाई माफ गरोस्। | [३] अथवा ऋणीले आफ्नो ऋण तिरोस्। |

# दिवालियापन आदि को कारण हज्र को बारेमा

हजर भन्छन्: कुनै व्यक्तिलाई उसको सम्पत्ति र दायित्वलाई खर्च गर्नबाट रोक्नु, वा केवल सम्पत्तिको खर्चबाट रोक्नु।

इच्छित लाभको आधारमा दुई प्रकारका हजरहरू हुन्छन्:

[१] आफैंको फाइदाको लागि: बच्चा, मूर्ख र पागलको पक्षमा।

[२] अर्काको फाइदाको लागि: दिवालियापनको अवस्थामा।

जसको कसैमाथि अधिकार होस्: उसले गरिबहरुलाई फुर्सद दियोस , र समृद्धहरु संग विनम्रता पुर्वक व्यवहार गरोस्।

र जसमाथि कसैको अधिकार छ: उसले रकम र विशेषताहरूलाई ध्यानमा राख्दै, पूर्ण रूपमा भुक्तानी गर्न अनिवार्य छ।

अल्लाहका नबी भन्नुभयो, "धनी व्यक्तिले भुक्तानीमा ढिलाइ अन्याय हो, र जब तपाईंहरु मध्ये कसैको भुक्तानीलाई कुनै धनी व्यक्ति तर्फ हस्तान्तरण गरियोस्, तब तपाईंहरु त्यसलाई स्विकार गर्नुहोस्।" बुखारी र मुस्लिम

र यो पनि सजिलता नै हो।

मलय अर्थात: त्यो व्यक्ति जो व्यक्ति तिर्न सक्षम होस्, र जो ढिलाइ गर्नेवाला नहोस्, र उसलाई न्याय सभामा उपस्थित गराउन सम्भव होस्।

यदि कुनै व्यक्तिको ऋण उसको सम्पत्ति भन्दा बढी छ, र सबै ऋणदाताहरू वा तिनीहरूमध्ये केहीले प्रशासन सँग उसको सम्पत्ति रोक्का गर्ने माग गर्दछन्, तब प्रशासनले उसको सबै सम्पत्तिलाई जम्मा गर्नुपर्नेछ, र सबै सम्पत्तिलाई ऋणको हिसाबले सबै ऋणदाताहरूमा  बाँड्नुपर्नेछ।

र त्यसो गर्दा कसैलाई कसैमाथि प्राथमिकता दिइने छैन, तर:

[१] धितो फिर्ता गरिनेछ।

[२] र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "यदि कुनै व्यक्तिले दिवालिया भएको कुनै व्यक्तिल सँग आफ्नो सम्पत्ति फेला पार्छ भने, त्यो अरू कसैको भन्दा बढी त्यस सम्पत्तिको हकदार छ।" बुखारी र मुस्लिम।

बच्चा, मूर्ख र पागल को अभिभावक माथि यो अनिवार्य छ:

[१] उनीहरूलाई आफ्नो सम्पत्तिलाई  नोक्सान गर्नबाट रोक्नुहोस् अल्लाहको भनाई छ: र, अल्लाहले तिमीहरूकालागि जीवनयापनको साधन बनाएको सम्पत्तिलाई तिमीहरूले विवेकहीन अनाथहरूलाई नसुम्प । तर उनीहरूलाई त्यसबाट खुवाऊ, पहिराऊ र उनीहरूसित मीठो बोली बोल ।

[२] र अनाथहरुको सम्पत्ति नजिक नजानु उसमाथि अनिवार्य छ,तर तिनीहरुको पालनपोषण आदिको लागि जस्तै:

[ए] उसको सुरक्षाको लागि।

[ख] तिनीहरूको लागि लाभदायक खर्च।

[ज] र उनीहरूलाई चाहिने जति खर्च गर्न।

र तिनीहरूको अभिभावक हुनेछन्:

| | |
|---|---|
| [१] उनको बुद्धिमान बुबा। | [२] यदि बुबा उपस्थित छैन भने: शासकले उसको आफन्तहरू मध्येबाट कसैलाई उसको अभिभावक नियुक्त गर्नेछन्, जो उसको बारेमा धेरै दयालु, धेरै जानकार र सबैभन्दा विश्वासयोग्य छ। |

धनीहरूले अनाथहरुको सम्पत्तिबाट टाढा रहनुपर्छ।
तर गरिबहरुले व्यवस्था अनुसार खान अनुमति छ।

उदाहरणका लागि, जस्तै यदि उसको खर्च एक हजार रियाल छ, र उसको तलब पाँच सय रुपैयाँ छ भने, हामी उसलाई पाँच सय रुपैयाँ दिनेछौं, किनभने यो दुई मध्ये कम हो। अल्लाह धेरै ज्ञानी हुनुहुन्छ।

## मेलमिलापको बारेमा

सुलह: दुई पक्षबीचको विवाद समाधान गर्ने सम्झौता, र यसका धेरै प्रकारकाहरु छन्, र सबै वित्तीय अधिकार आदिसँग सम्बन्धित छन्।

जब काजीले अधिकार स्पष्ट रूपमा कुनै एक पक्षतर्फ छ भने थाहा पाओस्, तब मेलमिलाप निषेधित हुनेछ।

"अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमको भनाई छ: 'मुसलमानहरूका बीचमा मेलमिलापको अनुमति छ, तर अनुमति दिइएको कुरालाई निषेध गर्ने वा निषेध गरिएको कुरालाई अनुमति दिने कुराहरु बाहेक।'यो अबु दाऊद र तिरमिजी द्वारा वर्णन गरिएको छ, र तिरमिजीले यसलाई हसन सहिह र हकिमले सहिह भन्नुभएका छन्।

| | | | | |
|---|---|---|---|---|
| [१] यदि उसले सम्पत्तिको सट्टामा अर्को सम्पत्ति वा सम्पत्तिको सट्टामा ऋणको अधारमा मेलमिलाप गरोस् भने: यसो गर्ने अनुमति छ। | [२] यदि उसमाथि ऋण छ र उसले सम्पत्तिको सट्टामा सम्पत्ति अथवा ऋण अलग हुनु अघि उसले अफ्नो कब्जामा लियो भने: त्यसो गर्न पनि अनुमति छ। | [३] वा सम्पत्तिको लाभ वा ज्ञात कुरामा सम्झौता गरोस्। | [४] वा केही स्थगित ऋणको सट्टामा अवस्थित ऋणमा सुलह गरोस्। | [५] वा यदि एकअर्का माथि ऋण होस् र ऋणको रकम दुवैलाई थाहा नहोस् , अनि तिनीहरूले कुनै कुरामा सहमत भए: यसो गर्न पनि अनुमति छ। |

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: ""कसैले आफ्नो छिमेकीलाई उसको पर्खालमा खुटी ठोक्नु बाट नरोक्नुस्।" बुखारी

# नायब (उप), साझेदारी, ठेका र कृषि सम्बन्धित

**नायब (उप) भनेको: कुनै व्यक्तिले अफ्ना अधिकार व्यवस्थापन गर्न सक्ने काम अर्कोलाई सुम्पनु।**

**साझेदारी भनेको: दुई वा सोभन्दा बढी व्यक्तिहरूले अधिकार वा खर्चको हक राख्ने।**

**ठेक्का भनेको: दुई व्यक्तिहरू बीचको सम्झौता जसमा एक व्यक्तिले अर्कोलाई फलको एक अंशको बदलामा केही रूखहरू हेरचाह गर्न दिन्छ।**

**कृषि भनेको: दुई व्यक्ति बीचको सम्झौता जसमा एक व्यक्तिले अर्कोलाई खेती गर्न अनाजको बदलामा जग्गा दिन्छ।**

[ नायब (उप) को बारेमा]

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले अरूलाई आफ्नो विशेष आवश्यकता र मुस्लिमहरूसँग सम्बन्धित आवश्यकताहरूको लागि आफ्नो वकील (उप) बनाउनुहुन्थ्यो, त्यसैले दुई व्यक्ति बीच निम्न सम्झौता गर्ने अनुमति छ।

[१] यो ती सबै चीजहरूमा हुनेछ जसमा मध्यस्थता गर्न सही छ:

[ए] अल्लाहको अधिकारमा, जस्तै: जकात र कफ्फारहको वितरण आदि।

[ख] मानिसहरूको अधिकारमा, जस्तै: करार (सम्झौता) र ठेक्का खारेज गर्ने आदि।

[२] जसमा नायब हुनुहुँदैन, यी विषयहरू हुन् जसको सम्बन्ध व्यक्ति सँग छ, र जुन विशेष रूपमा उसको शरीरसँग सम्बन्धित छ, जस्तै: नमाज, पवित्रता, कसम, पत्नीहरूको पालो, र यस्तै चीजहरू = त्यसैले यसमा नायब राख्ने अनुमति छैन।

नायबले जुन वस्तु इजाजत छैन उसले त्यो गर्न पाउँदैन।

काम, शुल्क, इनाम वा अन्य चीजको सट्टामा नायब बनाउन अनुमति छ। र यो बाँकी जिम्मेदारहरू जस्तै हो, उसमाथि कुनै जरिवाना छैन तर यदि उसले धोखाधडी गरेको छ भने उसमाथि जरिवाना लगाइनेछ, र यदि उसले धोखाधडी गरेको अस्वीकार गर्यो भने उसको वचन शपथमा स्वीकार गरिनेछ, र जिम्मेदारहरू मध्ये कसैले अस्वीकार दाबी गर्यो, तब:

[१] यदि यो जालसाजी द्वारा हो: तब बिना तर्क स्वीकार गरिनेछैन।

[२] र यदि यो इल्जाम हो भने: कसम खाँदा स्वीकार गरिनेछ।

[साझेदारीको बारे अध्याय]

अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: अल्लाह सर्वोच्चले भन्नुहुन्छ: "म दुई जनासँग तेस्रो साझेदार हुँ जबसम्म तिनीहरू मध्ये एकले अर्कोलाई धोका दिँदैन, तर जब उसले उसलाई धोका दिन्छ, म तिनीहरूबाट अलग हुन्छु।" यो अबू दाउद द्वारा वर्णन गरिएको छ।

त्सैले सबै प्रकारका साझेदारीहरू स्वीकार्य छन्।

र यसमा स्वामित्व र नाफा दुवैले सहमत हुने आधारमा हुनेछ, तर यो निश्चित अंशको आधारमा होस् जस्तै दुई मध्ये प्रत्येकले नाफाको आधा पाउनेछन्।

यस मध्येको हो:

| [१] एनान साझेदारी : अर्थात्, दुवैले सँगै लगानी र परिश्रम गर्ने। | [२] मुजारिबत साझेदारी: अर्थात दुई मध्ये एकले लगानी गर्ने र अर्कोले श्रम गर्ने। | [३] वजुह साझेदारी: अर्थात आफ्नो सम्बन्धको आधारमा अरु व्यक्तिहरूबाट उधारो खरिद गरि बिक्री गर्ने। | [४] इबदान साझेदारी : अर्थात दुई व्यक्तिले आफ्नो शरीर प्रयोग गरी वैध वस्तुहरु जस्तै घाँस वा यस्तै अन्य चीजहरू जसमा सँगै काम गर्न सम्भव छ उसै मार्फत कमाई गर्ने। | [५] मफाविज साझेदारी: अर्थात यसमा ती सबै समावेश छन्। |
|---|---|---|---|---|

ती सबै वैध छन्।

तर जब ती मध्ये कुनै एकको तर्फबाट धोखा वा छल होस्, तब त्यो साझेदारी अमान्य हुनेछ, जस्तै कि तिनीहरूमध्ये प्रत्येकको लागि निश्चित समयको लागि विशेष लाभ निर्धारित होस्, वा कुनै एक वस्तु वा कुनै एक यात्राको लाभ कुनै एक व्यक्तिको लागि विशेष होस्, वा यस्तै कुराहरु।

]ठेका र खेतीपातीको बारेमा[

यस कार्यले ठेक्का र खेतीपातीलाई पनि अमान्य बनाउँछ [यदि यो अज्ञात वस्तुको लागि हो, जस्तै: म यो रूखलाई केही फल वा सय किलोको सट्टामा सिँचाइ दिन्छु, त्यसो गर्नु सही छैन, किनभने यो अज्ञात छ।

राफे बिन खुदैज भन्छन्: मानिसहरुले अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमको समयमा पानीको धारा र खोलाको किनारमा जग्गा भाडामा लिएर खेती  गर्दथे, तर कहिले यो भाग नाश हुन्थियो, र त्यो भाग बाच्थियो, र कहिले यो भाग बाच्थियो, र त्यो भाग नाश हुन्थियो, र मानिसहरूले जो बाँचेको थियो बाहेक कुनै भाडा पाउँदैथे, त्यसैले पैगम्बरले यसलाई निषेध गर्नुभयो,तर जहाँसम्म ज्ञात वस्तुहरुमा भुक्तानीको सम्बन्ध छ, उनले निषेध गरेनन्। यो मुस्लिम द्वारा वर्णन गरिएको छ।

र "नबी अल्लाह सल्लल्लाहु अलैहि वसल्लमले खैबरका मानिसहरूसँग यो सम्झौता गर्नुभयो कि उत्पादन हुने फल वा अन्नको आधा हाम्रो हो र आधा तपाईंको हो।"

| [१] रुखको मसाकात (सिंचाई) : अर्थात ज्ञात र निर्धारित फलको सट्टामा त्यसको हेरचाह गर्ने मजदुरलाई दिने। | [२] र मुजरअत: भनेको ज्ञात र निर्धारित अन्नको सट्टामा खेती गर्न किसानलाई दिने। |
|---|---|

र ती मध्ये प्रत्येकलाई चलन र शर्त अनुसार दिइनेछ जसमा कुनै अज्ञानता नहोस्।

यदि कसैले आफ्नो गाईवस्तु अर्को व्यक्तिलाई कामको लागि दियो र दुबैले त्यसबाट लाभ बाँड्यो भने, यो वैध छ।

## बाँझ भूमिलाई आबाद गर्न को बारेमा।

मवातको अर्थ : जुन कसैको अधिकार क्षेत्रबाट बाहिर होस् जस्तै जलधारा, चराउने क्षेत्रहरू, मुस्लिमहरु, गैर मुस्लिमहरु, प्रतिज्ञा गरेका गैर मुस्लिमहरु, र शरणार्थिहरु को स्वामित्वमा नहोस्।
आबाद (बसाउन) : मानिसहरूले बसोबास ठानेका सबै कुराहरू बसोबास मानिनेछ, र त्यसको विपरीत हुने कुरालाई उल्टो मानिनेछ।

यसले कुनै पनि बाँझो जमिनलाई जनाउँछ जसको कुनै मालिक छैन।

तसर्थ, जसले यसलाई आबाद गर्यो, यसलाई पर्खालले घेरेर, वा इनार खनेर, वा त्यसमा पानी पुर्‍याएर यी सबैको उसैको हुनेछ, खनिज (खानीहरू) बाहेक।

इब्ने उमरबाट वर्णित हदीसको कारण ‘जसले कुनै जग्गा आबाद गर्यो जसको कुनै मालिक छैन, त्यस जग्गामा सबैभन्दा धेरै अधिकार आबाद गर्नेवालाको हो। बुखारी

र यदि उसले बाँझो जमिनलाई ढुङ्गाले घेरोस्, जस्तै उसले यसको वरिपरि ढुङ्गा राख्यो, वा पानीको लागि खन्यो, वा जमिन काटियो भने ऊ त्यसको बढी हकदार हुनेछ। तर माथिका विशेषताहरू अनुसार आबाद गर्न सकेन त उसको स्वामित्व हुँदैन, र यदि उसले यसलाई व्यवस्थित गर्न ढिलाइ गर्यो र अरू कसैले यसलाई आबाद चाहान्छ भने, उसलाई समय दिइनेछ]।

## मजदुरी र भाडाको बारेमा

**ज्याला पुरस्कार, मजदुरी: काम गर्ने व्यक्तिको लागि निश्चित पारिश्रमिक र पुरस्कार निर्धारण गर्ने चाहे काम थाहा होस् वा नहोस् ,वा समय निर्धारित होस् वा नहोस्।**
**एजारह (रोजगार): ज्ञात लाभ वा ज्ञात कार्यको लागि कसैसँग सम्झौता गर्नें।**

**र यी दुई, अर्थात्: जअल भनेको जानी-नजानी काम गर्ने व्यक्तिको लागि पुरस्कार निर्धारण गर्नु हो, जबकि एजारहमा कार्यको ज्ञात हुनुपर्छ, वा जिम्मेवारीमा रहेको लाभमा।**

**यो निम्न तरिकामा थाहा हुनेछ:**

| | |
|---|---|
| [१] निर्धारण: अर्थात: संख्या र विशेषता स्पष्ट हुनुपर्छ। | [2]मुश्अ: अर्थात: अंश स्पष्ट होस्। |

जसले काम गर्यो वा जसको लागि इनाम राखिएका थियो: तब ऊ यस पुरस्कारको योग्य छ, अन्यथा होइन।
तर इजरहमा यदि कुनै काम गर्न गाह्रो होस् त काम गरे अनुसार पारिश्रमिक दिइनेछ।

अबु हुरैरह बाट वर्णन छ कि पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो, कि सर्वोच्च अल्लाहको भनाई छ, "तीनजना छन् जसको प्रतिद्वन्द्वी म पुनरुत्थानको दिन हुनेछु:
त्यो व्यक्ति जसले मेरो नाममा वाचा दियो अनि विश्वासहीन काम गर्यो। त्यो व्यक्ति जसले स्वतन्त्र मानिसलाई बेचेर उसको मूल्यको आनन्द उठायो; र त्यो व्यक्ति जसले नोकरलाई काममा राख्यो र उसबाट पूर्ण सेवा पाएपछि, उसलाई उसको ज्याला दिएन। मुस्लिम
र ज्याला इजारह भन्दा फराकिलो छ, किनभने:

[१] नजिकका कार्यहरूमा पनि यसको अनुमति छ।

[२] यो ज्ञात र अज्ञात दुवै कार्यहरूमा वैध छ।

[३] यो एउटा अनुमतियोग्य सम्झौता हो, भाडाको विपरित किनभने भाडा अनिवार्य सम्झौता हो।

भाडामा लिएको वस्तु अरुलाई भाडामा दिन अनुमति छ, तर क्षति पुऱ्याउने उद्देश्यले होइन। ती दुवैमा कुनै ग्यारेन्टी छैन, यदि कुनै अवैध कार्य नहोस् र न तअनिवार्य कार्यलाई त्यागोस्।
र हदीसमा भनिएको छ: "मजुरलाई उसको पसिना सुक्नु अघि उसको ज्याला दिनुहोस्।" यो इब्न माजह द्वारा वर्णन गरिएको छ।

**जसले कसैको लागि बिना सम्झौता कुनै कार्य गर्यो, उसले तीनवटा अवस्था बाहेक केही पाउने छैन:**

[१] अनाथको धनलाई विनाशबाट जोगाउने।

[२] मालिकबाट भागेको दास फिर्ता गर्ने।

[३] जब कुनै व्यक्तिले आफुलाई कामको लागि तयार गरोस्।

## लुक्तह र लकीतको बारेमा

[लुक्तह]
लुक्तह अर्थात: मालिकबाट हराएको कुनै वस्तु र सम्पत्ति जसलाई मानिसहरू द्वारा महत्त्व दिइएको हो।

**र यसका तीन प्रकारहरु छन्:**

[१] पहिलो: सस्तो वस्तु, जस्तै: फोहोर र रोटी इत्यादि तब ऊ उसको स्वामि हुनेछ त्यस्तै गरी फ्याँकिएका वस्तुहरु, जस्तै: भाँचिएको कुर्सी वा भाँडा आदि।

[२] दोस्रो: ती आवारा जनावरहरू जसले आफूलाई साना मांसाहारी जनावरहरूबाट बचाउन सक्छन्, जस्तै: ऊँट र ठूला गोरु वा घोडाहरू, तिनीहरूलाई पक्रन निषेध गरिएको छ, जबसम्म यो अनुमान नहोस् कि तिनीहरूको मालिक तिनीहरूलाई फेला पार्दैनन्, तर तिनीहरूलाई पक्रने मात्रले तिनीहरूको मालिक हुँदैन।

[३] तेस्रो: त्यो बाहेक अरू वस्तुहरु जुन मानिसहरुको नजरमा बहुमूल्य होस् जस्तै: त्यस्तो सामान वा जनावर जसले आफूलाई साना मांसाहारी जनावरहरूबाट जोगाउन सक्दैनन्, त्यस्तो अवस्थामा उसलाई समात्ने अनुमति छ, तर एक वर्ष त्यसलाई चिनाउनु पर्नेछ, यस्तो गरे बापत ऊ यसको मालिक हुनेछ,तर यदि यसमाथि खर्चको अनुमान यसभन्दा धेरै होस् भने यसलाई बेचिनेछ र यसको किमत यसको मालिक तर्फ फर्काइनेछ।

जैद बिन खालिदबाट वर्णन गरिएको छ कि रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई हराएको ऊँटको बारेमा सोधियो।: उहाँको अनुहार रातो भयो, र उहाँले भन्नुभन्यो: "तपाईसँग के सरोकार छ ? यसको खुट्टा र यसको पानी यससंग छ, यसले गएर पानी पिउन सक्छ र यसको मालिक नभेटेसम्म रूखबाट खान सक्छ।" अनि उहाँलाई हराएको भेडाको बारेमा सोधियो, र उहाँले भन्नुभन्यो: " यो तिम्रो भाइ वा ब्वाँसोको लागि हुनेछ।" र उहाँलाई खसेको सम्पत्तिको बारेमा सोधियो र उहाँले भन्नुभन्यो: "यसको छालाको झोला र पट्टाको विशेषताहरू सम्झनुहोस्, र यसलाई एक वर्षको लागि घोषणा गर्नुहोस्, त्यसपछि यदि कसैले दाबी गर्छ भने, उसलाई दिनुहोस्, अन्यथा यसलाई आफ्नो सम्पत्तिमा समावेश गर्नुहोस्।" बुखारी र मुस्लिम

के खसेको वस्तु उठाउन राम्रो हो ? यसलाई उठाउन राम्रो होइन, बरु यसलाई छोड्नु नै राम्रो हो , तर घोषणा गर्ने सक्षम व्यक्तिले यसलाई उठाउन सक्छ।

मक्काको लक्ता को बारेमा के नियम छ ? अल्लाह को रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: " त्यहाँ खसेका वस्तु उठाउनु हुँदैन, तर त्यस व्यक्तिले उठाओस् जसले यसको घोषणा गरोस्।"

[ लकितको बारेमा]

**लकित भनेको: लावारिसे बच्चा जसको अभिभावक को बारेमा थहा नहोस्, अर्थात्, उसको परिवारले उसलाई हुर्काउन चाहँदैनन्, र आफ्नो परिवारबाट हराएको बच्चा होइन।**

बच्चा हुर्काउने र उसको पालनपोषण: फर्जे किफायह हो, यदि बेतुल्-माल अक्षम छ भने, यसको अवस्था जान्नेहरूमा निर्भर गर्दछ।

## प्रतियोगिता वा प्रतिस्पर्धाको बारेमा

यसका तीन प्रकारहरु छन्:

| | | |
|---|---|---|
| [१] पुरस्कार वा बिना पुरस्कार जस्तै: घोडा, ऊँट र धनुर्विद्या प्रतियोगिता र यसको अनुमति छ। | [२] बिना पुरस्कार वैध छन् र यदि पुरस्कार छ भने अवैध छन् , र यो: ती सबै प्रतियोगिताहरू हुन् जुन अघिल्लो तीन प्रकारहरु बाहेक छन्। | [३] पासा, चेस, र यस्तै अन्य खेलहरू सबै पूर्ण रूपमा अवैध छन्, किनकि हृदय यसमा संलग्न हुन्छ र यसले व्यक्तिलाई उपासनाबाट पछिपार्छ, र यो तेस्रो प्रकार हो। |

यस हदीसको कारण: "ऊँट दौड, घोडा दौड र धनुर्विद्या बाहेक कुनै पनि प्रतिस्पर्धामा बाजी लगाउनु वैध छैन"। यो तिर्मीजी, अबु दाउद र नसाई द्वारा वर्णन गरिएको छ। यस बाहेक सबै जुवा हुन्।

**यो जान्न महत्त्वपूर्ण छ कि यदि कुनै खेल खेल्ने अनुमति छ तर पछि यसमा नुक्सान समावेश होस् भने यो अवैध हुनेछ:**

र यदि यसले शत्रुता, घृणता, र कट्टरता निम्त्याउँछ भने, यो पनि निषेधित हुनेछ।

त्यसैले नमाजको समयमा घोडा, ऊँट र धनुर्विद्याको प्रतिस्पर्धा भएमा त्यो अवैधनेछ ।

**पशु प्रतियोगिता:**

जनावरहरूको प्रतिस्पर्धाको लागि एउटा शर्त छ कि तिनीहरूले तिनीहरूलाई हानि गर्दैनन्, र यदि प्रतिस्पर्धाले जनावरहरूलाई हानि पुऱ्याउँछ भने, यो निषेधित हुनेछ, उदाहरणका लागि: कुखुराको लडाई, भेडा र गोरुहरू बीचको लडाई आदि।

| बक्सिङको बारेमा धार्मिक नियम: | | |
|---|---|---|
| अनुमति छैन, किनभने: | | तर यदि कसैले व्यायामको लागि मात्र अनुहारमा लाग्न नदिने ख्याल राखेर अभ्यास गर्छ भने त्यसको अनुमति छ। |
| यो खतरनाक छ। | विशेष गरी यसमा अनुहारमा प्रहार गरिन्छ, जुन निषेधित छ। | |

## अतिक्रमण को बारेमा

यसको अर्थ हडप्नु हो: अवैध रूपमा अर्काको सम्पत्ति कब्जा गर्नु।

र यो अवैध यस हदीसको कारण छ, पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो, 'जसले अन्याय गर्दै कसैको जमिनको एक भाग पनि हडप्छ, अल्लाहले पुनरुत्थानको दिन उसको घाँटीमा सात जमिनहरुको कण्ठहार लट्काउने छन् । बुखारी र मुस्लिम

र उसमाथि अनिवार्य छ:

| | | | |
|---|---|---|---|
| [१] धेरै गुणा जरिवाना भए पनि यसको मालिकलाई फिर्ता गर्ने। | [२] यस हानिको क्षतिपूर्ति गर्ने। | [३] पारिश्रमिक भुक्तान गर्ने। | [४] र यदि यो पूर्ण रूपमा नष्ट भएको छ भने, त्यसको क्षतिपूर्ति दिने। |

र यसमा हुने वृद्धि मालिकको हुनेछ।

यदि त्यो चीज जग्गा हो र उसले रूख लगाएको छ वा भवन बनाएको छ भने त्यो भवन जग्गाको मालिकको हुनेछ।

यस हदीसको कारण: "अन्यायी व्यक्तिको नसको कुनै अधिकार छैन"। यो अबू दाउद द्वारा वर्णन गरिएको छ।

र जस सम्म हडपिएको सम्पत्ति आयो र त्यसको बारेमा उसलाई थाहा होस् भने, उसको आदेश हडपकर्ता जस्तै हुनेछ।

## उधारो र अमानत को बारेमा

**[उधारो]**

**उधारोको अर्थ: अनुमतियोग्य नाफा, र यो आवश्यक छ कि यो नाफा अनुमतियोग्य होस्, जस्तै किताब उधारो लिने।**

**र यो मुस्तहब हो, दया र भलाइको कारण, अगमवक्ताले भन्नुभयो: "हरेक राम्रो कुरा दान हो।"**

[१] र यदि:

[ए] जमानी को शर्त लगायो भने ऊ जमानी हुनेछ।

[ख] र यदि कमबेसी गर्यो भने ऊ आफै जमानी हुनेछ।

[२] अन्यथा कुनै ग्यारेन्टी छैन।

**[अमानत]**

वादियतको अर्थ : सम्पत्ति जोगाउन को निम्ति अर्को व्यक्तिसँग राख्नु।

अब्दुल-रहमान बिन समुरहले वर्णन गरे कि अल्लाहका पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जब तपाईंहरुले कुनै कामको कसम खानुहोस् र त्यसपछि अर्को कार्यलाई त्यो भन्दा राम्रो ठान्नुहोस्, तब त्यस्तो अवस्थामा आफ्नो कसमको प्रायश्चित गर्नुहोस् र तपाईंहरुले अफ्नो इच्छा अनुसार जे राम्रो सोच्नुहोस् त्यो गर्नुहोस्।" बुखारी र मुस्लिम। र हदीसमा भनिएको छ: "जसले कुनै कार्यको लागि कसम खायो र साथ साथै इन शा अल्लाह पनि भन्यो,तब त्यो कसम तोड्ने कुनै प्रायश्चित छैन"। खम्सा ।

**खाने र खुवाउने तीन अवस्थाहरू छन्:**

| | | |
|---|---|---|
| [१] जकात। | [२] फिदयह। | [३] प्रायश्चित। |

कसम मानिने छ:

| [१] मुद्दा नगरेको अवस्थामा: | | | [२] मुद्दाको अवस्थामा: |
|---|---|---|---|
| [a] कसम खाने को मनसाय अनुसार। | [b] त्यसपछि कसम खानुको कारण। | [c] त्यसपछि त्यस शब्दलाई जसले इरादालाई संकेत गरोस्। | दावी बाहेक, किनभने हदीस मा: "कसमको अर्थ कसम खाने को मनसाय अनुसार हुनेछ"। यो मुस्लिम द्वारा वर्णन गरिएको छ। |

## [भाकल]

भाकल भनेको प्रतिज्ञा र दायित्व हो: र शरीयतमा भाकल: बाध्यकारी दायित्व जुन उसमाथि अनिवार्य थिएन)।

**भाकलका प्रकारहरू:**

[१] बहुदेवको भाकल: यो शिर्क अकबर हो, जस्तै गैर-अल्लाहको लागि शब्दमा मात्र कसम खानु। यस्तो कसम मन्य छैन र जस्ले यस्तो कसम स्वीकार गर्छ उसले अल्लाह समक्ष पश्चात्ताप गर्नुपर्छ।

[२] अल्लाहको खातिर र यस्का दुई प्रकारहरु छन्:

[ए] सामान्य भाकल: प्रत्येक मुस्लिम यसमा समावेश छ (भाकल पूरा गर्नेहरू), किनभने प्रत्येक मुस्लिमले अल्लाहसँग कसम खाएको छ कि उसले आज्ञाहरू पूरा गर्नेछ र अवज्ञाबाट टाढा रहनेछ।

**उच्चारण गर्नु अघि: यो निषेधित छ, किनकि पैगम्बरले यसलाई निषेध गरेको छ, र यदि यसमा कुनै राम्रो थियो भने, पैगम्बरले पक्कै पनि गर्नुहुन्थ्यो, त्यसैले जब उहाँले यो गर्नु भएन र निषेध पनि गर्नुभयो, यो एक तर्क हो कि यो मान्य छैन।**

**उच्चारण गरेपछि: यसलाई पूरा गर्न वा भाकलको प्रायश्चित गर्न आवश्यक हुन्छ, र यसको नियम यसैको अनुसार हुनेछ:**

[ख] विशेष भाकलहरू जस्तै कुनै चीजको दृढ संकल्प गर्ने, र यसको नियम निम्न छ:

[१] आज्ञापालनको भाकल: यो पूरा गर्न अनिवार्य छ, र यदि कसैले भाकल तोड्यो भने, तब प्रायश्चित आवश्यक हुनेछ, जस्तै: कसैले निषेधित समयमा नफिल नमाज पढ्ने कसम खायो।

[२] पापको प्रतिज्ञा: यसलाई पूरा गर्न निषेध गरिएको छ, कसम तोड्नु र त्यसको प्रायश्चित गर्नु अनिवार्य हुन्छ, जस्तै: कसैले चुक्ली गर्ने प्रतिज्ञा लियो।

[३] मान्य भाकल: यो गर्ने र कसम तोड्ने प्रायश्चित बिच अख्तियार छ, जस्तै: कसैले विशेष तर अनुमतियोग्य कपडा लगाउने कसम खायो।

[४] क्रोधको भाकल: यो अनुमतियोग्य छ, जस्तै: कसैले शहर छोड्ने कसम खायो।

[५] अमान्य कसम: यसलाई पूरा गर्नु मकरुह हो, र कसम तोड्नु र प्रायश्चित गर्नु मुस्तहब हो, जस्तो: कसैले प्रार्थनामा वरिपरि हेर्ने कसम खायो।

[६] समान्य भाकल: अर्थात् कसम खानेले कुनै पनि कुरा निर्धारण गर्नु हुँदैन, त्यसमा प्रायश्चित हुन्छ, जस्तै: कसैले भन्नोस्: (म अल्लाहको लागि कसम राखेको छु) र चुप रहोस्।

भाकल लिनु घृणित  हो वा निषेधित हो?

पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भाकल लिन निषेध गर्नुभयो, र भन्नुभयो: "यसले कुनै पनि राम्रो ल्याउँदैन, यसले केवल कंजूसबाट केहि प्राप्त हुनेछ।" बुखारी र मुस्लिम।

यदि उसले असल काम गर्ने कसम लिएको छ भने, त्यसलाई पूरा गर्नु उसलाई अनिवार्य छ, किनभने पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले अल्लाहको आज्ञा पालन गर्ने कसम खायो, उसले पालन गरोस्, र जसले अल्लाहको अवज्ञा गर्ने कसम खायो उसले अल्लाहको अवज्ञा नगरोस्। बुखारी र मुस्लिम।

भाकल यदि स्वीकार्य होस्  वा कसमको समयमा होस् - जस्तै क्रोधको भाकल - वा यदि पापको भाकल होस् तब:

| | | |
|---|---|---|
| [१] यो बाध्यकारी छैन। | [२] र कसम पूरा नगरेमा उसले प्रायश्चित गर्नुपर्नेछ। | [३] र पापको भाकल पूरा गर्न निषेध गरिएको छ। |

**आज्ञाकारिताको भाकल, अवज्ञाको भाकल र अल्लाह बाहेक अरूको लागि भाकलमा भिन्नता:**

| | | |
|---|---|---|
| **[१] अल्लाहको आज्ञाकारिताको प्रतिज्ञा:** यसलाई पूरा गरोस् वा प्रायश्चित गरोस्। त्यसलाई पूरा गर्नु अनिवार्य छ। | **[२] अल्लाहको अवज्ञाको प्रतिज्ञा:** यसलाई पूरा गरोस् वा प्रायश्चित गरोस्। यसलाई पूरा गर्नु निषेध गरिएको छ। | **[३] अल्लाह बाहेक अरूको भाकल:** यसलाई पूरा गर्नु हुँदैन, न त यसमा कुनै प्रायश्चित छ, तर उसले अल्लाहको अगाडि पश्चात्ताप गर्नुपर्छ। यो शिर्क अकबर हो। |

**हफजे यामीन (कसम) को ग्रेड:**

| | | | |
|---|---|---|---|
| [१] प्रारम्भिक रूपमा यसको संरक्षण गर्नु: पटक पटक कसम खानुहुँदैन। | [२] बीचमा यसको संरक्षण गर्नु: छुट पाएकाहरू बाहेक उसले कसम पूरा गर्नुपर्नछ। | [३] पछिल्लोको सुरक्षा: कसम तोडेकोमा प्रायश्चित गरोस्। | [४] अल्लाह बाहेक अरूको कसम खानुहुँदैन। |

**झूटको निषेध गर्ने  केही पदहरूको उल्लेख:**

अल्लाहले भन्नुहुन्छ: नजानेको कुराको पछि नलाग, किनकि कान, आँखा र हृदय प्रत्येकलाई सोधिनेछ, र भन्नुहुन्छ:शब्द निकाल्न सक्दैन तर पहरेदार तयार छ।

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "सत्यले पुण्य तर्फ डोर्याउँछ, र पुण्यले स्वर्गमा पुऱ्याउँछ, र एक व्यक्तिले बारम्बार सत्य बोल्छ यहाँसम्म कि अल्लाहको नजरमा उसलाई सत्यावान लेखिन्छ, र झुटले खराबीमा पुऱ्याउँछ, र खराबीले नरकमा लैजान्छ।" र एक व्यक्तिले बारम्बार झुट बोल्छ यहाँसम्म कि अल्लाहको नजरमा उसलाई असत्यवादी लेखिन्छ। बुखारी र मुस्लिम।

## किताब अल-अत्यामाबाट प्रश्नहरू

| बेठीक | ठीक | प्रश्नहरु: |
|---|---|---|
| ☐ | ☐ | ☐ मुस्लिमलाई शरीयतबाट उचित नभएको खाना खान अनुमति छैन। |
| ☐ | ☐ | ☐ सामुद्रिक जनावर मरेको भए पनि त्यसमा कुनै परिवर्तन नभएसम्म खाना अनुमति छ। |
| ☐ | ☐ | ☐ मगरमछ खानु हलाल हो किनभने यो एक समुद्री जनावर हो। |
| ☐ | ☐ | ☐ संरक्षित समुद्री जनावरहरूलाई खाना अनुमति छ जबसम्म तिनीहरू खराब हुँदैनन्, जस्तै सुकेका केकडाहरू। |
| ☐ | ☐ | ☐ मादक पदार्थहरूमध्ये खमर (रक्सी) मात्र निषेधित छ। |
| ☐ | ☐ | ☐ यदि धेरै मात्रामा पेय वा पदार्थले मादक पदार्थ निम्त्याउँछ भने, त्यसको थोरै मात्रा अनुमति छ। |
| ☐ | ☐ | ☐ समुद्रमा बस्ने जिवहरुलाई काट्ने शर्त होइन। |
| ☐ | ☐ | ☐ काटिएकोलाई काट्नु र मारेकोलाई मार्नु ठीक होइन। |
| ☐ | ☐ | ☐ पशु काट्न गाह्रो भएमा त्यसलाई जखमी बनाउने अनुमति छ। |
| ☐ | ☐ | ☐ पशु काट्नु शर्त होइन, मुस्तहब हो। |
| ☐ | ☐ | ☐ सहि र गलत छुट्याउन सक्ने क्षमता नभएको सानो बालकलाई मार्ने अनुमति छ। |
| ☐ | ☐ | ☐ शिकार गरेको जनावर बेचेर नाफाको खोज्ने अनुमति छ। |
| ☐ | ☐ | ☐ इहराम लगाएको व्यक्तिलाई माछाको शिकार गर्न निषेध गरिएको छ। |
| ☐ | ☐ | ☐ घरपालुवा जनावरको शिकार गर्न अनुमति छ। |
| ☐ | ☐ | ☐ मक्कामा, इहराम नलगाएको व्यक्तिलाई पनि, जमीनमा बस्ने जनावरको शिकार गर्न निषेध गरिएको छ। |
| ☐ | ☐ | ☐ खाद्य वस्तुहरूको सार यो हो कि तिनी हलाल छन्,अवैधको प्रमाण नपाएसम्म हामी तीमध्ये कुनै पनि चीजलाई हराम मान्दैनौं। |
| ☐ | ☐ | ☐ जसले जनावर वा बोटबिरुवा जस्ता खाद्य वस्तुहरूलाई हराम घोषणा गर्छ उसको विरुद्धमा तर्क हुनुपर्छ, किनभने यी चीजहरूको सार भनेको हलाल हुन्। |
| ☐ | ☐ | ☐ जनावर बाहेक सबै वैध छन् जबसम्म यसको हानिकारक साबित हुँदैन। |
| ☐ | ☐ | ☐ दाँत भएको कुनै पनि जनावर खान वर्जित छ, पञ्जा भएको हरेक चरालाई खान वर्जित छ, मार्न आदेश दिएका सबै कुरा खान वर्जित छ, मार्न निषेध गरिएको सबै कुरा खान निषेध छ। |
| ☐ | ☐ | ☐ इस्लाम धर्मले मानिस र जनावरहरूलाई पनि दया देखाउँछ। |
| ☐ | ☐ | ☐ वध हलाल हुनको लागि रगत निस्कनु आवश्यक छ। |
| ☐ | ☐ | ☐ भाकलले नियतिलाई टार्न सक्दैन र यो न त राम्रो ल्याउने र न खराब हटाउने माध्यम हो। |

कसाईको बाख्री भाग्यो, र उसले बिस्मिल्लाह भन्दै पेटमा गोली हाने, जसले बाख्रीको मृत्यु भयो □ अवैध □ वैध हो।

□ एकजना मानिसले आफ्नो बन्दुक सफा गर्दै गर्दा गोली निस्केर सिकारलाई लाग्यो तब सिकार: □ अवैध □ वैध हो।

□ यदि कुनै मुस्लिमले वध गर्दा जानाजानी बिस्मिल्लाह भनेन त यो वध: □ अवैध □ वैध हो।

□ एक शपथ जसको लागि कुनै प्रायश्चित छैन त्यो: □ विगतमा कुनै कुरामा आधारित होस् □ प्रचलित धारणामा आधारित होस् □ दुबै

□ दुई मध्ये कुन बढी पवित्र छ: □ अल्लाह बाहेक अरूको नाममा सत्यको कसम खाने □ अल्लाहको झूटो कसम खाने

□ प्रत्येक शुद्ध र शुद्ध खाना र पेय जसमा कुनै हानि छैन: □ अनुमति छ □ हलाल हुनको लागि प्रमाण आवश्यक छ।

□ पञ्जा भएको चरा: □ हलाल □ हराम □ विस्तृत छ: पंजाले शिकार गर्छ भने हराम, अन्यथा हलाल □

□ मुस्लिमले जानबूझेर वध गर्दा बिस्मिल्लाह छोड्छ भने: □ त्यो मारेको जनावर वैध हो।

□ अग्लो ठाउँबाट खसेको जनावर भित्र प्राण छ र त्यसलाई वध गरियोस् भने □ हलाल होइन □ हलाल हो।

□ जनावरलाई बाँधेर निशानेबाजी सिक्ने: □ निशानेबाजी सिक्ने हदसम्म सही □ कुनै पनि अवस्थामा सही छैन।

□ यदि अनुमतियोग्य र शुद्ध वस्तुले व्यक्तिलाई हानि पुर्याउँछ भने, त्यो उसको लागि : □ हराम हो □ हलाल हो।

□ जब बलिदान गर्ने समयमा अल्लाहको नाम नलिइयोस् (हलाल हो □ हलाल होइन)

□ एक व्यक्तिले बारम्बार कसम खान्छ (□ खानु पर्छ □ खानु हुँदैन) र उसले महत्त्वपूर्ण कुरामा मात्र कसम खान्छ (□ खानु पर्छ □ खानु हुँदैन)।

| हराम | हलाल | वस्तु |
|---|---|---|
| □ | □ | □ जंगली गधा (जेब्रा) □ □ |
| □ | □ | □ विषालु जनावरहरू जस्तै: सर्प, बिच्छी र छेपारो □ □ |
| □ | □ | □ खच्चर (घोडा र घरेलु गधाको संभोगको परिणाम) जस्ता म्याकुलर र गैर-म्याकुलर जनावरको संभोगबाट □ □ |
| □ | □ | □ खाना हलाल भएको जनावरलाई नखानका लागि मार्नु □ □ |
| □ | □ | □ एक मुस्लिमले अप्रशिक्षित कुकुरसँग खरायोको शिकार गर्यो □ □ |
| □ | □ | □ एक मुस्लिमले तालिम प्राप्त कुकुरसँग हिरणको शिकार गर्यो तर कुकुरले त्यसबाट खायो □ □ |

# जनायातको बारेमा

**जनायात (अपराध) : शरीर विरुद्धको क्रूरता र अतिक्रमणलाई किसास वा धन वा प्रायश्चित गर्नु पर्ने कार्यलाई भनिन्छ र यसका प्रकारहरू यस प्रकार छन्:**

| **[१] आफैं विरुद्ध जनायात।** | **[२] आफैं बाहेक जनायात:** | | | |
|---|---|---|---|---|
| | [a] चोट द्वारा: | | [b] कुनै भाग काटेर | [c] कुनै भागको लाभ निलम्बन गरेर |
| | अनुहार र टाउकोमा टेटु बनाउने | पूरै शरीरमा चोट पुर्याउने | | |

**तीन प्रकारका गलत हत्याहरू छन्:**

| **पहिलो: जानाजानी आक्रामकता, अर्थात: आक्रमण जुन सामान्यतया हत्यामा परिणत हुन्छ, जसमा अभिभावकसँग दुई विकल्पहरू छन्:** | | **दोस्रो: जानाजानी जस्तै अर्थात् सामान्यत या हत्यामा संलग्न नहुने अपराध गर्ने।** | **तेस्रो: नियतविना गरेको अपराध प्रत्यक्ष वा कारणवश यसमा कुनै प्रतिशोध छैन, तर:** | |
|---|---|---|---|---|
| [ए] हत्या। | [ख] प्रतिशोध | | [ए] हत्याराको सम्पत्तिबाट प्रायश्चित हुन्छ [मुस्लिम दासलाई मुक्त गर्ने, यदि यो सम्भव छैन भने, लगातार दुई महिना उपवास बस्ने]। | [ख] उसको अकिलमा दियत छ, अकिलको अर्थ: उसको सबै असबातहरू (आफन्तहरू) चाहे तिनीहरू नजिकका होस् वा टाढा, तिनीहरूको अवस्था अनुसार तिनीहरूको बीचमा विभाजन गरिनेछ र तीन वर्षको अनुग्रह अवधि दिइनेछ। प्रत्येक वर्ष यसको एक तिहाइ तिर्नुपर्नेछ। |
| पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को यस कथनको कारण: "जसको कुनै प्रियजनको हत्या होस्, ऊसँग दुईवटा विकल्प छन्, या त अपराधीको रगत बगाओस् वा उसलाई दियत दिइयोस्।" बुखारी र मुस्लिम। | | | | |

**किसासका सर्तहरू:**

| [१] हत्याराको दायित्व। | [२] निर्दोषको मासुम अद्दम हुनु। | [३] हत्यारा र पीडितबीच समानता खोज्ने, अर्थात्: स्वतन्त्रता र धर्ममा समानता। | [४] छोराछोरीका कारण आमाबुवाको हत्या हुँदैन। |
|---|---|---|---|

| इस्तिफा किसासका सर्तहरू (पूर्ण किसास लिनु): | | |
|---|---|---|
| [१] अपराधी बाध्य होस् र यसको योग्य | [२] सबै उत्तराधिकारीले पूर्ण बदला लिनुमा सहमत | [३] प्रतिशोधले अपराधी बाहेक अरू कसैलाई असर गर्दैन भन्ने सुनिश्चित गर्ने। |

| **हत्याका तीन प्रकार र तिनका आदेशहरू:** | | |
|---|---|---|
| [१] पूर्वनियोजित हत्या: | [२] पूर्वनियोजित जस्तै हत्या: | [३] गल्तीले गर्दा हत्या: |
| यसमा प्रतिशोध छ। | तिनीहरूमा कुनै प्रतिशोध छैन। | |
| यसमा हत्यारा माथि दियत छ। | ती दुवैमा अकिल उत्तराधिकारी माथि दियत (रक्तपात) छ। | |
| यी दुवै हत्याराको तर्फबाट जानाजानी भएको छ। | | यो नजानेरै हुने गर्छ । |
| यी दुबैमा दियत मुगल्लजा हो । | | यसमा दियत मुखफ्फिफह छ। |
| यसमा ठूलो पाप छ। | यसमा पाप छ। | यसमा कुनै पाप छैन। |
| दुवैमा कफ्फारह छ। | | यसमा कुनै प्रायश्चित छैन। |

**दियात (रगत बग्ने) सम्बन्धमा दुई नियमहरू:**
**पक्षाघात भएको हरेक अंगमा दियात हुँदैन, तर नियन्त्रण हुन्छ, कान र नाक बाहेक।**
**☐ जसले कुनै अंग विरुद्ध अपराध गरेर त्यसलाई पक्षाघात गर्छ, उसलाई नाक र कान बाहेक त्यो अंगको दियात हुन्छ, किनकि पक्षाघात भएपछि पनि दुवैको सौन्दर्य कायम रहन्छ।**

अमर बिन हज्मको हदीसमा यो विस्तृत रूपमा उल्लेख गरिएको छ कि: "पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले यमनका मानिसहरूलाई लेख्नुभयो ..." र यसमा यस्तो थियो: "जसले निर्दोष मोमिनलाई मार्छ।" र साक्षीहरू उपस्थित छन्, उसलाई बदलाको रूपमा मारिनेछ, तर यदि मृतकका उत्तराधिकारीहरू सहमत भएर माफ गर्यो भने, र प्रत्येक:

| | | | |
|---|---|---|---|
| **मान्छे:** | **मानव जीवनको दियत: सय ऊँट हो।** | | |
| **नाक:** | **यदि नाक पूर्ण रूपमा काटिएको छ भने, यसमा: (पूर्ण) दियत छ।** | **जिब्रो:** | **जिब्रोमा: दियत छ।** |
| **ओठ:** | **दुवै ओठ काट्दा: दियत छ।** | **गुप्तांग:** | **लिंङ्ग काट्दा दियत छ।** |

| | | | |
|---|---|---|---|
| अण्डकोष: | अण्डकोषमा दियत छ। | पछाडि (मेरुदण्ड): | कम्मरमा दियत छ। |
| आँखा: | दुवै आँखामा: दियत छ। | खुट्टा: | एक खुट्टाको: आधा दियत हुनेछ। |
| मामुमह: | मामुमहमा: तिहाई दियत हुनेछ। | जायफह: | जायफहमा: एक तिहाई दियत हुनेछ। |
| मुनक्कलह: | मुनक्कलहमा: दियत पन्ध्र ऊँट हुनेछन्। | | |
| औंला: | प्रत्येक औंलाहरूमा दशवटा ऊँटहरू हुनेछन्। | | |
| दाँत: | दाँतको दियत: पाँचवटा ऊँट हुनेछन् [दाँत र दालमा कुनै फरक छैन]। | | |
| मुवज्जहह्: | मुवज्जहह्को दियत पाँचवटा ऊँट हुनेछन्। | | |

र प्रत्येक इन्द्रियको दियत पूर्ण हुनेछ, जस्तै: श्रवण, दृष्टि र गन्धको इन्द्रिय।

**र महिलाको सट्टामा पुरुषलाई मारिनेछ, र सुनको मामलामा, दियत एक हजार दिनार हुनेछ।**

| केहि प्रकारको घाउ: | | | |
|---|---|---|---|
| [१] मामुमा: मस्तिष्कको छालामा पुग्ने घाउ। | [२] जैफा : पेट भित्र पुग्ने घाउलाई जैफा भनिन्छ । | [३] मुनक्कलह: हड्डी भाँच्ने र अर्को ठाउँमा सार्ने चोट। | [४] मुवज्जहह्: हड्डीलाई बाहिर निकाल्ने घाउलाई भनिन्छ। |

| मानव शरीर निम्न खण्डहरूमा विभाजित छ: | | | | |
|---|---|---|---|---|
| [१] एक: उदाहरण: जिब्रो नियम: यसको दियत छ। | [२] दुई: उदाहरण: आँखा। नियम: दुवैको पूर्ण दियत छ भने एउटा आँखामा आधा दियत छ । | [३] तीन: उदाहरण: नाक, किनभने यसमा दुई नाक र एउटा नाक छ। नियम: तीनै वटामा पूर्ण दियत छ भने एउटामा तिहाइ दियत छ। | [४] चार: उदाहरण: दुवै आँखाको फलक। नियम: चारैमा पूर्ण दियत छ, जबकि एउटामा एक चौथाई दियत छ। | [५] दस: उदाहरण: हाथका औंलाहरू। नियम: दश औंलाहरूमा पूर्ण दियत हुन्छ, जबकि एउटा औंलामा दशौं भाग हुन्छ। |

किसास वाजिब हुने शर्तहरु यस प्रकार छन्:

| | | | | |
|---|---|---|---|---|
| [१] हत्यारा को दायित्व। | [२] र पीडित निर्दोष हुनु, र अपराधी बराबर छ: इस्लाममा, दासत्वमा र स्वतन्त्रतामा, त्यसैले एक मुस्लिमलाई काफिरको लागि र स्वतन्त्र मानिसलाई दासको लागि मारिने छैन। | [३] छोराछोरीको बदलामा आमाबाबुलाई मारिने छैन। | [४] मृतकका सबै उत्तराधिकारी को सहमति। | [५] पूरै बदला लिने अवस्थामा अर्को जीवनमा हानि पुर्याउने डरबाट मुक्त हुनु । |

समूहलाई एक को लागी मार्न सकिन्छ, यदि ज्यादतीको सम्भवना छ भने, प्रत्येक सदस्य को विरुद्ध बदला लिनेछ, अल्लाह को यस कथनका कारण: हामीले यहूदीहरूको टोरामा आदेश दिएका छौं कि जीवन को लागी जीवन अन्त्य सम्म र महिलाको दियत हो।:

| | |
|---|---|
| [१] मानिसको दियतको आधा। | [२] तर एक तिहाइभन्दा कममा दुवै बराबर हुन्छन्। |

**आत्महत्याको बारेमा उल्लेख गरिएका केही भनाईहरू:**

अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ: र आफ्नो हत्या नगर, निस्सन्देह अल्लाह तिमीहरु को लागी परम दयालु हुनुहुन्छ।

र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले यस संसारमा कुनै चीजद्वारा आत्महत्या गर्दछ, उसलाई परलोकमा त्यसै चीजको सजाय हुनेछ।"

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "तिमीहरू भन्दा पहिलेका सम्पर्दायहरू मध्ये एक व्यक्ति थियो जसलाई घाउ थियो र उसलाई धेरै पीडा हुन्थियो, अन्तमा उसले आफ्नो हात चक्कुले काट्यो, जसको कारण रगत बग्न थाल्यो र उसको मृत्यु भयो। तसर्थ अल्लाह तआलाले भन्नुभयो: मेरो दास आफैले मसँग आउन हतार गर्यो, त्यसैले मैले उसको लागि स्वर्ग पनि निषेध गरें।

आत्महत्या निराशा र निराशाको अवस्थामा हुने सम्भावना धेरै हुन्छ, जबकि अल्लाह सर्वशक्तिमान भन्छन्: केवल भ्रामकहरू मात्र हुन् जो आफ्नो प्रभुको कृपाबाट निराश हुन्छन्।

मासूम-अल-दम काफिर (जिम्मी, मुस्तमिन र मुआहिद) लाई मार्ने बारे केही प्रतिज्ञाहरूको उल्लेख:

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले मुआहिदलाई मार्छ उसले स्वर्गको सुगन्ध पनि सुँघ्ने छैन", र उहाँले भन्नुभयो: "जसले कुनै जिम्मीलाई मार्छ उसले स्वर्गको सुगन्ध पनि सुँघ्ने छैन।" उहाँले यो पनि भन्नुभयो: "जसले कसैको रगतको ट्रस्टी बन्यो र उसलाई कसैले मार्यो भने, म उसबाट मुक्त छु, चाहे पीडित काफिर किन नहोस्।"

**काफिरहरु संग करारका प्रकारहरु:**

| | | |
|---|---|---|
| [१] ती मानिसहरूले पालना गर्ने वाचा: त्यसैले हामी पनि तिनीहरूको वाचाप्रति वफादार हुनेछौं, अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ: उनीहरूप्रति वफादार रहनुहोस् जबसम्म तिनीहरूले तपाईंसँग गरेको वाचा पूरा गर्छन्। | [२] वाचा तोडेका ती मानिसहरू हुन् : तब हामी वाचा पूरा गर्दैनौं, अल्लाह भन्नुहुन्छ: यदि यी मानिसहरूले वाचा पछि पनि आफ्नो कसम तोड्छन् र तपाईंको धर्मको निन्दा गर्छन् भने, तपाईंले पनि यी अविश्वासका सरदारहरूबाट मुक्ति पाउनुहुनेछ। उनीहरुको कसम केहि होइन, सम्भव छ उनीहरु पनि यसरी नै रोकिनेछन् । | [३] एउटा वाचा जुन तिनीहरूको तर्फबाट भङ्ग गर्ने डर छ: यस्तो वाचा हामी तिनीहरूलाई फर्काउनेछौं, अल्लाह भन्छन्, यदि तपाईंलाई कुनै सम्पर्दायको विश्वासघातको डर होस् भने, समानताको अवस्थामा तिनीहरूको वाचा तोड्नुहोस्। उहाँ विश्वासघातीहरूलाई मन पराउँदैन। |

# किताबुल हुदूद

| |
|---|
| **हद्दको अर्थ: शरीयतमा तोकिएको दण्ड।** |

| | | |
|---|---|---|
| हद्द छैन, तर जस भित्र निम्न फेला परोस्: | | |
| [१] अनिवार्य। | [२] शरिया नियमहरू द्वारा बाध्य होस्। | [३] यस कुराको अवैधता थहाहोस्। |
| र यसलाई लागू गर्नेछ: | | |
| [१] इमाम वक्त वा उनका सहायक। | [२] हो, तर मालिकले आफ्नो दासलाई विशेष रूपमा हद तोक्न सकिन्छ। | |
| दासको हद स्वतन्त्र मानिसको आधा हो। | | |

## [व्यभिचारको सजाय]

| | |
|---|---|
| व्यभिचारको सजाय र दण्ड - जुन गुप्ताङ्गमा व्यभिचार गर्नु हो: | |
| [१] यदि विवाहित होस् तब:<br>यदि कुनै पुरुष जसको विहे भइसकोस् र त्यो स्वतन्त्र होस् र उस्ले कुनै महिलासँग व्यभिचार गरोस् भने, दुवैलाई [चाहे पुरुष होस् वा महिला] ढुङ्गाले हानेर मारिनेछ। | [२] र यदि अविवाहित होस् भने:<br>सय कोर्रा लगाइनेछ र एक वर्षको लागि निर्वासन गरिनेछ [महिलालाई मोहरमसँग निर्वासन गर्नेछ]। |

| | |
|---|---|
| तर यसको लागि शर्त यो हो: | |
| [१] चार पटक स्वीकार गरोस्। | [२] वा चार धर्मी मानिसहरू [पुरुषहरू] स्पष्ट रूपमा उसको (व्यभिचार) विरुद्ध गवाही दियोस्। |
| [३] अथवा पति वा मालिक नभएको स्त्रीले गर्भवती हुने। | [४] वा पतिले लांछन लगाओस् तर पत्नीले आफ्नो रक्षा नगरोस्। |

अल्लाह सर्वशक्तिमान् भन्नुहुन्छ: (व्यभिचारी महिला र पुरुष प्रत्येकलाई सय कोर्रा लगाऊ) अल-आयह।
र उबादा बिन सामितको अधिकारमा वर्णन गरिएको छ कि: "मबाट सिक्नुहोस्, मबाट सिक्नुहोस्, अल्लाहले उनीहरूका लागि एउटा बाटो बनाएको छ। एक (व्यभिचारी ) कन्यालाई एक सय कोर्रा र एक वर्षको लागि निर्वासन हुन्छ, र यदि कुनै विवाहित पुरुषले विवाहित महिलासँग व्यभिचार गर्छ भने (प्रत्येकलाई) सय कोर्रा र ढुङ्गाले हिर्काउनेछ।" यो मुस्लिम द्वारा वर्णन गरिएको छ।
र पैगम्बरको उहाँमाथि शान्ति होस्,दुई मामिलामा मध्ये अन्तिम, विवाहित महिलालाई ढुङ्गाले हान्नेछ, जसरी माआज र घमदियाहको कथामा उल्लेख गरिएको छ।

**व्यभिचार विरुद्ध रोकथामका उपायहरू - अल्लाहको अनुमति द्वारा:**

[१] अल्लाहको ताकवा अपनाउनु र बिन्ती गर्नु: (यदि तपाईंले मबाट तिनीहरूको छलको कला हटाउनुभएन भने, म तिनीहरूतर्फ झुक्नेछु) र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले अल्लाहको लागि केही छोड्छ, अल्लाहले उसलाई त्यो भन्दा राम्रो केही दिन्छ।"

[२] विवाह छिटो गर्ने, र शक्ति नभएमा उपवास बस्ने।

[३] आफ्नो नजर झुकाएर राख्ने र महिलाहरूको भीडभाड हुने ठाउँहरूमा नजाने, जस्तै: बजारहरू।

[४] महिलाहरूलाई हिजाब लगाउन आदेश दिने, उनीहरूसँग नरम स्वरमा नबोल्ने, एकान्तमा नबस्ने र महिलाहरूसँग हात नमिलाउने।

[५] सुरा युसुफ र युसुफको कथाको अध्ययन गर्ने।

[६] धर्मीहरूको संगत लिने।

[७] तिमीहरूले गरेझैं चुक्ता गर्नुपर्नेछ, र याद राख्नुहोस् कि व्यभिचार ऋण जस्तै हो।

## [कजफ (आरोप) को सीमा र दण्ड]

[यो एक ठूलो पाप हो,] र जसले कुनै पवित्र स्त्रीलाई व्यभिचारको आरोप लगाउँछ, वा उनको विरुद्धमा गवाही दिन्छ, र गवाही पूर्ण भएन भने, तब उसलाई:

[१] सय कोर्रा लगाइनेछ।

[२] उसको गवाही कहिल्यै स्वीकार गरिने छैन

[३] उसमाथि फिस्कको नियम लागू हुनेछ।

अनि अविवाहित माथि व्यभिचारको आरोप लगाउनेमा सजाय छ।
र मुहसन भन्छन्: स्वतन्त्र, परिपक्व, मुस्लिम, बुद्धिमान र शुद्धलाई।

## [दण्ड]

ताजीर हरेक पापको लागि अनिवार्य छ जसको कुनै सीमा वा प्रायश्चित छैन [जसले निषेधित कार्य गर्दछ वा अनिवार्य कुरा त्याग्छ, यस्तो अवस्थामा इमामले आफ्नो विवेक अनुसार ताजीर लगाउनेछन्]।

## [चोरी सजाय]

जसले सुनको एक चौथाई दिनार वा त्यसको बराबरको सुरक्षित स्थानबाट चोरी गर्यो तब:

| | | |
|---|---|---|
| [१] उसको दाहिने हातको हत्केलाको जोर्नी सम्म काटिनेछ, र आगोमा जलाइनेछ। | [२] यदि उसले फेरि चोर्यो भने, उसको देब्रे खुट्टा जोर्नीबाट काटिनेछ र आगोले दाग लगाइनेछ। | [३] फेरि चोरी गरेमा कैद हुनेछ, तर एक हात र खुट्टाभन्दा बढी काटिने छैन। |

अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ: (चोरी गर्ने पुरुष र महिलाको हात काटिदेऊ)। र आयशाको अधिकारमा वर्णन गरिएको छ कि: "चोरको हात एक चौथाई दिनार वा त्यो भन्दा बढी चोरेकोमा काटिनेछ।" बुखारी व मुस्लिम।

## [मुस्कर अर्थात मादक पदार्थ पिउने] सजाय

मुस्किर भन्छन्– मनलाई आनन्द, उत्तेजना र नशा सृजना गर्ने हरेक चिज, चाहे त्यो मदिराजस्तै तरल होस् वा नशाजस्तै ठोस। र खमर (मदिरा) भनिन्छ: जसले बुद्धिलाई ढाकोस्, चाहे त्यो अंगूर, खजूर, जौ वा गहुँ आदिबाट बनेको होस्। पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "हरेक नशा निषिद्ध छ।" र भन्नुभयो: "जुन पिउने(तरल) वस्तुमा नशा होस् त्यो निषिद्ध छ।" र यो पनि भन्नुभयो: "यदि ठूलो मात्राले नशा उत्पादन गर्छ भने, सानो मात्रा पनि निषेध गरिएको छ।" यसको अवैधताले कुनै फरक पर्दैन कि यो आनन्दको लागि पिउने हो, वा तिर्खाको कारणले, वा औषधि आदिको रूपमा, र रक्सी सबै खराबीको जरा हो, अल्लाहले भन्नुहुन्छ: (निश्चय नै रक्सी र जुवा र भाग्य बताउने पासाको तीर सबै नराम्रो कुरा हो, यिनीहरूबाट पूर्णतया टाढा रहनुहोस् ताकि तपाईं समृद्ध हुनुहोस्), यो लागूपदार्थ र अन्य चीजहरू भन्दा बढी खतरनाक छ, र यसलाई बुद्धिमत्ताको दृष्टिले निषेध गरिएको छ, जसमध्ये केही निम्न छन्:

| | | | |
|---|---|---|---|
| [1] फोहोरी कुराकानी शैतानको काम हो। | [2] मानिसहरु बीच शत्रुता पैदा गर्छ। | [3]अल्लाहको प्रार्थना बाट रोक्छ। | [4] मदिरा पिउनेले आफ्नो दिमाग गुमाउँछ, र दुष्टको भावना हुँदैन। |

**मादक पदार्थ पिउनेको नियमः शासकले उसलाई चालीस कोर्रा भन्दा कम सजाय दिनु हुँदैन, र शासकले उपयुक्त ठानेमा यो सजाय बढाउन सक्छ, जस्तै उमरले जँड्याहालाई अस्सी कोर्रा मारेका थिए।**

## [हर्राबाको सजाय] (लुटपाट,इत्यादि)

अल्लाह सर्वशक्तिमान फसादीहरूको बारेमा भन्नुहुन्छ: ती व्यक्तिहरुको सजायँ जो अल्लाह तथा उनका रसूलविरुद्ध लडाइँ गर्छन्, र धर्तीमा विध्वंस मच्चाउन भागदौड गर्छन्,यो हो कि तिनीहरूलाई वध गरियोस् या शूली चढाइयोस् या तिनीहरूका हात तथा खुट्टा विपरीत दिशाबाट काटिऊन् या तिनीहरूलाई देश निकाला गरियोस्। यो अपमान त तिनीहरूकालागि यस संसारमा हो र परलोकमा तिनीहरूकालागि (योभन्दा पनि) ठूलो यातना रहेको छ। (मानिसहरुको विरुद्धमा विद्रोह गर्ने र लुटपाट वा हत्याका माध्यमबाट उनीहरुको बाटो अवरुद्ध गर्नेहरु यिनै हुन् :

| | | | |
|---|---|---|---|
| [१] जसले कसैलाई मार्छ र उसको सम्पत्ति लिन्छ, उसलाई मारिनेछ र खम्बामा झुण्ड्याइनेछ। | [२] र जसले हत्या गर्यो [तर सम्पत्ति लिएन]: त्यसपछि उसलाई मारिनेछ [र खम्बामा टाँगिएको छैन]। | [३] जसले सम्पत्ति चोर्यो [र हत्या गरेन]: उसको दाहिने हात र देब्रे खुट्टा काटिनेछ। | [४] जसले मानिसहरूलाई धम्की दियो [तर न मार्यो न त लुट्यो] उसलाई निर्वासन गरिनेछ। |

## [विद्रोहीको सजाय]

**बुघात (खावरिज): शक्ति र प्रभुत्व भएको समुदाय र ताविल साईगको साथ इमाम विरुद्ध विद्रोह गर्दछ।**

जो कोही इमामको विरुद्धमा जान्छ र उसलाई आफ्नो पदबाट हटाउन चाहन्छ त्यो विद्रोही हो, र इमामलाई यो अनिवार्य छ:

| | | |
|---|---|---|
| [१] विद्रोहीहरूसँग पत्राचार। | [२] उनीहरूले आरोप लगाएका गल्तीहरू हटाउँने। | [3]तिनीहरूको शंका उजागर गर्ने। |

यदि तिनीहरु:

| | |
|---|---|
| [१] यदि तिनीहरू रोक्छन् भने तिनीहरूलाई छोड्नुपर्छ। | [२] अन्यथा तिनीहरू लड्दा खेरी अनिवार्य तिनीहरूसँग लडाइँ गर्नुपर्नेछ। |

र यो उनको प्रजाहरु लाई उनीहरु संग लडाई मा आफ्नो शासक को सहयोग गर्न को लागी अनिवार्य छ।

यदि उसलाई मार्न वा उसको सम्पत्ति नष्ट गर्न बाध्यता भयो भने, उसले गर्नु पर्छ, र रक्षकमा केहि छैन।

यदि रक्षक मारियो भने, ऊ शहीद हुनेछ।

तिनीहरूको पछि लाग्ने छैन, तिनीहरूका घाइतेहरूलाई मार्न हतार गरिनेछैन, तिनीहरूको सम्पत्ति लुटिनेछैन, र तिनीहरूका छोराछोरीहरूलाई बन्दी बनाइनेछैन।

युद्धमा दुवै पक्षबाट हुने जनधनको क्षतिको कुनै ग्यारेन्टी छैन।

# धर्मत्यागी को आदेश को अध्याय

धर्मत्यागी त्यो हो जसले इस्लाम धर्मलाई त्याग्छ र अविश्वासको धर्मलाई कर्म वा वचन वा विश्वास वा शंकाद्वारा अपनाउछ ।
विद्वानहरूले व्यक्तिलाई इस्लामको सर्कल छोड्ने कुराहरू विस्तारमा उल्लेख गरेका छन्, र ती सबैको सन्दर्भ अल्लाहको रसूलद्वारा ल्याइएका शरियालाई पूर्ण रूपमा अस्वीकार गर्नु वा शरियाका केही अंशहरूलाई बिना व्याख्या गलत भनेर अस्वीकार गर्नु हो। ।
जो कोही धर्मत्यागी हुन्छ: [उहाँलाई तुरुन्तै मारिनेछ, जबसम्म इमाम वक्तले उसलाई कुनै कारण देख्दैनन्] तब उसलाई तीन दिनसम्म पश्चात्ताप गर्न लगाइन्छ।

**खारेजी प्रमाणित गर्ने कुराहरू:**

| | | | |
|---|---|---|---|
| [१] भनाई जस्तै : अल्लाह, वा उहाँका रसूल, वा इस्लाम धर्मलाई गाली गर्नु। | [२] क्रिया जस्तै: मूर्तिपूजा। | [३] विश्वासः जस्तै अल्लाहको साझेदार छ भन्ने विश्वास हुनु। | [४] शंका: जस्तै यहूदी र इसाईहरूको अविश्वासमाथि शंका गर्नु। |

**धर्मत्यागीको पश्चात्ताप प्रमाणित हुने कुराहरू:**

| | | |
|---|---|---|
| [१] दुई जना साक्षी ल्याउने। | [२] उसले अस्वीकार गरेको कुरा स्वीकारने। | [३] कुर्बाट फर्किँने। |

**इस्लामका दस सबैभन्दा महत्त्वपूर्ण उल्लङ्घनहरू हुन्:**

| | | | | |
|---|---|---|---|---|
| [१] पहिलो: अल्लाहको उपासनामा शिर्क गर्नु अल्लाह सर्वशक्तिमान् भन्नुहुन्छ: यदि तिमी बहुदेववाद गर्छौ भने तिम्रो कर्म अवश्य नष्ट हुनेछ त्यसमा वध पनि समावेश छ। | [२] जसले आफू र अल्लाहको बीचमा गैर-अल्लाहलाई मध्यस्थकर्ता, स्रोत र मध्यस्थता बनायो र उहाँमा भरोसा राख्यो। | [३] जसले बहुदेववादीहरूलाई काफिर मान्दैन वा तिनीहरूको अविश्वासमा शंका गर्दैन वा तिनीहरूको धर्मलाई सही घोषणा गर्दछ। | [४] जसले पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को बाटो भन्दा अपरिचितहरुको बाटो राम्रो छ भन्ने विश्वास राख्छ। | [५] जसले पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले ल्याएको कानूनलाई घृणा गर्छ, उसले पालन नगरे पनि। |
| [६] जसले पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम वा अल्लाहको दण्डलाई अवतरण गरेको धर्मको खिल्ली उडाउँछ। | [७] जादु, वा यसमा सहमत हुनु, र त्यहाँ मात्र (हृदयमा भोग) र स्नेह (स्नेह र प्रेम) छ। | [८] मुस्लिमहरू विरुद्ध बहुदेववादीहरूलाई सहयोग गर्ने र उनीहरूलाई मित्र बनाउने। | [९] केही मानिसहरूका लागि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको कानून पालना गर्नु आवश्यक छैन भन्ने विश्वास राख्नेहरू। | [१०] अल्लाहको धर्मको अवज्ञा र विचलित हुनु, न यसको ज्ञान प्राप्त गर्नु वा न अभ्यास गर्नु। |

# कजा, दावा, बय्यनात र शहादात को प्रकार संग सम्बन्धित अध्याय

**नियम:** प्रत्येक विलायत (जिम्मेवारी) र कामको लागि दुई तत्वहरू फेला पार्नु पर्छ: [१] समय, [२] र इमानदारी।

मानिसहरूको बीचमा निर्णय गर्न न्यायकर्ताहरू हुनु आवश्यक छ, र यो कर्तव्य पर्याप्त छ [यदि केही मानिसहरूले यो गरे भने, यो बाँकी मानिसहरूबाट रद्द हुनेछ, र यदि कोही धर्मी व्यक्तिले यो कार्य गर्न इच्छुक भएन भने सबै पापी हुनेछन्। त्यसैले :]

| | | |
|---|---|---|
| [१] इमामलाई कादाको ज्ञान भएका व्यक्तिहरूलाई नियुक्त गर्न अनिवार्य छ, जो शरीयत नियमहरूसँग परिचित छन् र उनीहरूलाई मानिसहरूका बीचमा चलिरहेका घटनाहरूमा लागू गर्ने क्षमता छ। | [२] काजीको लागि, भरपर्दो गुणहरू भएका उत्कृष्ट व्यक्तिलाई जिम्मेवारी दिने [अर्थात: मुस्लिम, अनिवार्य, पुरुष र विद्वान]। | [३] उसलाई निर्धारण गर्ने जो उसको लागि योग्य होस्, र उसको लागि उहाँ भन्दा राम्रो कोही छैन, र उसलाई भन्दा महत्त्वपूर्ण कुरामा संलग्न नगर्ने। |

पैगम्बर र अल्लाहको आशीर्वादले भन्नुभयो: "दावीकर्ताको लागि प्रमाण छ र अस्वीकार गर्नेको लागि शपथ छ", र उहाँले भन्नुभयो: "म जे सुन्छु त्यसको आधारमा न्याय गर्छु।" त्यसैले तर्क प्रदान गर्न आवश्यक छ। यसमा·

| | | |
|---|---|---|
| [१] या त दुई पुरुष धर्मी साक्षीहरू। | [२] वा एक पुरुष र दुई महिला। | [३] वा एक व्यक्तिको गवाही र वादीको शपथ। |

अल्लाह तआलाको यो आदेशको कारण: (तिमीहरू मध्ये दुई पुरुष साक्षीहरू लिनुहोस्, यदि दुई पुरुषहरू छैनन् भने, एक पुरुष र दुई महिलाहरू जसलाई तपाईं साक्षी को रुपमा मनपराउनुहोस्।) र "नबी (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको आशीर्वादले एक साक्षीद्वारा कसमको साथ निर्णय गरेको छ।" र यो सहिह हदीस हो। त्यसैले उनीसँग कुनै सुराग थिएन:

[१] वादीलाई शपथ ग्रहण गरी सफाइ दिइनेछ।

[२] यदि उसले शपथ लिन अस्वीकार गर्यो भने:

| | |
|---|---|
| [ए] निकोललाई यसमा न्याय गरिनेछ। | [ख] वा यामिन (शपथ) वादीलाई उल्टाइनेछ, त्यसैले यदि उसले वादीको निकुल (अस्वीकार) मा कसम खायो भने, उसले दाबी गरेको कुरा उसको हुनेछ। |

**मानव पक्षमा चीजहरूको सम्बन्धमा तीन प्रकारका छन्:**

| | | |
|---|---|---|
| [१] दावी: अर्कोको विरुद्धमा कुनै कुराको सम्बन्धमा कसैको पक्ष लिनु। | [२] स्वीकृति: अरूको सामान मेरो हो भन्ने। | [३] गवाही: अरू कसैको सामानको सम्बन्ध तेस्रो व्यक्ति तर्फ गर्ने। |

प्रमाणहरू मध्ये: त्यो प्रमाण हो जसले दुई दावीहरू मध्ये एउटाको सत्यतालाई औंल्याउँछ, जस्तै:

| | |
|---|---|
| [१] यदि दाबी गरिएको कुरा ती मध्ये कुनै एकको हो भने, कसम खाँदा उसको हुनेछ। | [२] र जस्तै: दुई जना पुरुषले एउटा सम्पत्ति दावी गर्ने जुन तिनीहरूमध्ये एकको मात्र हो, जस्तै सिकर्मीसँग वा लोहारसँग तिनीहरुको व्यापारको सामानको बारेमा झगडा गर्नु आदि वा जस्तै। |

**शाहदाह (गवाही) दुई प्रकारका छन्:**

| | |
|---|---|
| [१] तहम्मुल | [२] गर्ने। |

**गवाही दिनु को नियम:**

| | |
|---|---|
| [२] र यसलाई गर्नु अनिवार्य छ। | [१] मानिसहरुको अधिकारको बारेमा साक्षी दिन: फर्जे किफायह हो। |

शाहिद (साक्षी) को लागि यो एक शर्त हो कि ऊ बाहिरी र भित्री रूपमा न्यायपूर्ण र निष्पक्ष होस्।
र आदिल त्यस व्यक्तिलाई भनेको: मानिसहरू जसलाई मन पराउँछन् अल्लाहको भनाइले गर्दा: (जसलाई तपाईहरु साक्षीहरूमध्ये मनपराउनुस्) र उसलाई गवाही दिन अनुमति छैन तर थाहा भएको कुराहरुमा दिन सक्छ:

| | | |
|---|---|---|
| [१] दृश्यका कारण। | [२] वा उपस्थित मानिसहरूबाट सुनेको कारणले। | [३] वा जसमा ख्याति पर्याप्त होस्, जस्तै पुर्वज इत्यादि, त्यसमा प्रसिद्धिको कारण। |

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले एक जना मानिसलाई भन्नुभयो: "के तिमीले सूर्य देखेका छौ?" उसले भन्यो: हो, त उहाँले भन्नुभयो: "या त यसको गवाही दिनुहोस् वा या त यसलाई छोड्नुहोस्।" यो इब्न आदि द्वारा वर्णन गरिएको छ। [सर्वोच्च अल्लाह भन्नुहुन्छ: (झूटबाट बच्नुपर्छ)
र गवाहीमा बाधाहरू मध्ये एक हो: अरोपको शंका [यदि यसलाई हटाइयो भने, गवाही स्वीकार गरिनेछ], जस्तै (अर्थात यो अरोपको शंका मध्येको हो):

| | | | |
|---|---|---|---|
| [१] आफ्ना छोराछोरीको पक्षमा आमाबाबुको गवाही। | [२] वा यसको उल्टो। | [३] पति र पत्नि मध्ये एउटाको पक्षमा अर्काको गवाही दिनु। | [४] आफ्नो शत्रुको विरुद्धमा शत्रुको गवाही। |

हदीसमा भनिए जस्तै: "छली पुरुष वा महिलाको गवाही मान्य छैन, र न त आफ्नो भाइको विरुद्ध ईर्ष्या राख्ने व्यक्तिको गवाही मान्य छ, न त कसैको संरक्षकत्व अन्तर्गत रहेको व्यक्तिको गवाही पक्षमा मान्य छ। यो अहमद र अबू दाउद द्वारा वर्णन गरिएको छ।

र हदीसमा यो पनि भनिएको छ: "जसले झुटो कसम खान्छ जसद्वारा उसले कुनै मुस्लिमको सम्पत्ति अन्यायपूर्वक कब्जा गर्छ, उसले अल्लाहलाई यस्तो अवस्थामा भेट्नेछ कि अल्लाह उससँग धेरै क्रोधित हुनेछ।" बुखारी र मुस्लिम।

## कश्मा (वितरण) को अध्याय।

यो दुई प्रकारका छन्:

[१] अनिवार्य वितरण जसमा न हानी न क्षतिपूर्ति समावेश होस्, जस्तै समान वस्तुहरू, ठूला घरहरू, र विशाल सम्पत्तिहरू।

[२] पारस्परिक सहमतिबाट वितरण, अर्थात्, जसमा सहभागीहरू मध्ये कुनै एकलाई हानि होस्, वा जसमा क्षतिपूर्ति होस्, त्यस अवस्थामा सबै सहभागीहरूको आपसी सहमति आवश्यक छ:

[ए] यदि तिनीहरू मध्ये एक बेच्न चाहन्छ भने, तब उसको आज्ञा पालन गर्नु अनिवार्य छ।

[ख] र यदि यो ज्यालामा दिइयोस् भने: ज्याला तिनीहरू बीच स्वामित्वको सीमा अनुसार विभाजित गरिनेछ।

## कबुलीको अध्याय

यो एक व्यक्तिले आफूमाथि अर्को व्यक्तिको अधिकारको करार हो, प्रत्येक शब्दले जस्ले स्वीकृति जनाओस्, बशर्ते स्वीकारकर्ता बाध्यकारी होस्।

यो सबभन्दा स्पष्ट प्रमाणहरू मध्ये एक हो, र यसले ज्ञानका सबै अध्यायहरू समावेश गर्दछ, जस्तै: इबादत, मामिला, विवाह र अपराध, आदि।

र हदीसमा छ कि: "कबुल गरेको को बहाना अस्वीकार्य छ"। र यो एक व्यक्तिलाई अरू मानिसहरूको उसमा भएका अधिकारहरू स्वीकार गर्न अनिवार्य छ ताकि उसलाई तिर्न वा क्षमा गरेर तिनीहरूबाट मुक्त हुन सक्कोस्।

وَصَلَّى اللهُ عَلَى سَيِّدِنَا وَنَبِيِّنَا مُحَمَّدٍ، وَعَلَى آلِهِ وَأَصْحَابِهِ، وَسَلَّمَ تَسْلِيمًا كَثِيرًا.
عَلَّقَهُ كَاتِبُهُ الْفَقِيرُ إِلَى اللهِ، الرَّاجِي مِنْهُ أَنْ يُصْلِحَ دِينَهُ وَدُنْيَاهُ: **عَبْدُ الرَّحْمَنِ بْنُ نَاصِرِ بْنِ سِعْدِيٍّ**، غَفَرَ اللهُ لَهُ وَلِوَالِدَيْهِ وَلِجَمِيعِ الْمُسْلِمِينَ، نَقَلْتُهُ مِنَ الْأَصْلِ، وَتَمَّ النَّقْلُ: **3/ ذي الْحِجَّة/ 1359هـ**، وَالْحَمْدُ للهِ الَّذِي بِنِعْمَتِهِ تُتِمُّ الصَّالِحَاتُ.

# अपराध सम्बन्धित प्रश्नहरू

| बेठीक | ठीक | प्रश्न: |
|---|---|---|
| ☐ | ☐ | ☐ महिलाको लागि पुरुषको हत्या हुँदैन। |
| ☐ | ☐ | ☐ अभिभावकलाई किसास, दियत र माफीको बीच अख्तियार दिइनेछ। |
| ☐ | ☐ | ☐ एकको लागि समूह मारिने छैन। |
| ☐ | ☐ | ☐ क़जाको कर्तव्य एक उत्कृष्ट कर्तव्य हो जसबाट योग्यले आफ्नो हक प्राप्त हुन्छ, रगतको रक्षा हुन्छ र भ्रष्टलाई सजाय हुन्छ र अन्य समान फाइदाहरू प्राप्त हुन्छन्। |
| ☐ | ☐ | ☐ प्रत्येक दाबी प्रमाणित हुनुपर्छ। |
| ☐ | ☐ | ☐ यो शरियत किताबीहरू मध्ये एक मध्यम शरीयत हो, जसले हज्म र फजललाई जम्मा गरेको छ। |
| ☐ | ☐ | ☐ अविश्वासी र जिन्दीकहरू ठान्छन् कि बदला भनेको हत्या बढाउनु हो, किनकि जब एक व्यक्तिले कसैलाई मार्छ, उसको हत्याको बदलामा हामी मध्येबाट अर्को व्यक्तिलाई घटाउँछ, त्यसैले हामी उनीहरूलाई भन्नेछौं: अल्लाह तआलाले तिमीहरूलाई अन्धो बनाएको छ। अल्लाह तआला भन्नुहुन्छ: (बदलामा तिम्रो लागि जीवन छ), किनकि जब हत्याराले बदला लिने क्रममा आफू पनि मारिनेछ भन्ने विश्वास गर्छ, त्यसैले उसले हत्या गर्दैन। त्यसैले, यदि हामीले अमरको हत्याको बदलाको रूपमा जायदलाई मार्छौं भने खालिदले बकरलाई मार्ने हिम्मत गर्नेछैन। तर हामीले उसलाई छाड्यौं भने हत्या नै पर्याप्त हुनेछ। |
| ☐ | ☐ | ☐ घाउमा किसास प्रत्येक घाउमा प्रमाणित हुन्छ जसमा मुमासलह सम्भव छ। |
| ☐ | ☐ | ☐ यदि हत्याराको बारेमा थाहा छ कि उसले दुष्टता र भ्रष्टाचार फैलाउँछ भने, उसबाट बदला लिनु राम्रो हो। |
| ☐ | ☐ | ☐ जसको विरुद्धमा आफ्नो जीवनको बदला लिइँदैन, उसलाई घाउ र अङ्गहरूको बदला लिइँदैन, किनकि घाउ र अङ्ग (अंग) को बदला लिनु आफैंको लागि बदला लिने एउटा शाखा हो। |
| ☐ | ☐ | ☐ किसासमा धेरै ठूला फाइदाहरू छन्, तीमध्ये दुष्टको रोकथाम र आत्म-शुद्धि हो। |

☐ जसले पैगम्बरलाई गाली गर्छ त्यो धर्मत्यागी हो: ☐ उसलाई कुनै हालतमा मारिनेछ। ☐ उसलाई पश्चात्ताप गर्न लगाइनेछ।

☐ काजी बन् ☐ फर्जे ऐन हो। ☐ फर्जे किफायह हो।

☐ शाहदत (गवाही) लुकाउनु: ☐ घृणित हो। ☐ निषेधित हो।

☐ अनुपस्थित व्यक्तिलाई फतवा दिने (☐ मान्य छ ☐ मान्य छैन) र अनुपस्थित व्यक्तिलाई न्याय गर्ने (☐ मान्य छ। ☐ मान्य छैन।)

☐ कजाए फर्ज: (☐ फर्जे ऐन हो ☐ फर्जे किफायह हो), र जब मात्र एक व्यक्ति मन्सब कजाो योग्य होस् भने यो उसको पक्षमा फरजे : (☐ फर्जे ऐन हो फर्जे किफायह हो), किनभने मानिसहरूको बीच निर्णय गर्ने व्यक्ति हुनुपर्यो।

☐ झूटो गवाही दिने: ☐ अकबर अल-कबाइर हो। ☐ ठूलो पाप हो। ☐ सानो पाप हो।

# विषय सूची


3 ................................. अनुवादक को प्रस्तावना
4 ................................. लेखक को प्रस्तावना
7 ................................. अध्याय शहादतैनको सम्बन्धमा
8 ................................. ☐ किताब अल-तहारह:
10 ................................. अध्याय [शुद्धताको प्रकार]
11 ................................. बर्तनको अध्याय
12 ................................. शौचको बारेमा
14 ................................. अध्याय [अशुद्धता हटाउने सम्बन्धमा]
15 ................................. वजूको विशेषताको बारेमा
17 ................................. अध्याय [मोजा र पट्टीको मसहको बारेमा]
18 ................................. वजू भङ्ग गर्ने बारे अध्याय
18 ................................. जसबाट शुद्धता अनिवार्य हुन्छ र नुहाउने विधि को अध्याय
19 ................................. तयम्मुम को अध्याय
21 ................................. महिनावारी सम्बन्धी अध्याय
22 ................................. किताब अल-तहाराबाट प्रश्नहरू
25 ................................. ☐ प्रार्थनाको बारेमा:
25 ................................. प्रार्थनाका सर्तहरू
28 ................................. प्रार्थनाका विशेषताहरुको अध्याय
34 ................................. सज्दा सह्व, सज्दा तिलावत र सज्दा शुक्रको अध्याय
35 ................................. प्रार्थनाको भ्रष्टता र घृणित कार्यहरूको अध्याय
37 ................................. नफली प्रार्थनाको अध्याय
39 ................................. समूह र इमामत संग प्रार्थनाको अध्याय
40 ................................. कुनै समस्या भएकाहरुको प्रार्थनाको अध्याय

| | | |
|---|---|---|
| 41 | ................................ | शुक्रवारको प्रार्थनाको अध्याय |
| 42 | ................................ | ईदहरुका प्रार्थनाको अध्याय |
| 43 | ................................ | किताब अल-सलात बाट प्रश्नहरू |
| 46 | ................................ | ☐ किता अल-जानाइज: |
| 49 | ................................ | किताब अल-जनाइजबाट प्रश्नहरू |
| 50 | ................................ | ☐ किताब अल-जकात: |
| 51 | ................................ | धनको जकातसँग सम्बन्धित अध्याय |
| 53 | ................................ | जकात अल-फितर को अध्याय |
| 54 | ................................ | जकात दिने र लिनेहरुको अध्याय |
| 56 | ................................ | संलग्न |
| 59 | ................................ | किताब अल-जकातबाट प्रश्नहरू |
| 62 | ................................ | ☐ किताब अल-सियाम: |
| 64 | ................................ | संलग्न |
| 67 | ................................ | किताब अल-सियामबाट प्रश्नहरू |
| 70 | ................................ | ☐ किताब अल-हज: |
| 70 | ................................ | पैगम्बरका हजको विशेषताहरुका बारेमा उल्लेखित जबीरको हदीस |
| 74 | ................................ | हजका स्तम्भ र दायित्वहरू |
| 76 | ................................ | नुसुके हजको बारेमा अध्याय |
| 76 | ................................ | इहरामको निषेध्ताको बारेमा अध्याय |
| 79 | ................................ | तवाफ र साईका शर्तहरु |
| 80 | ................................ | हुदा, उजहिया र अकिकहको बारेमा अध्याय |
| 82 | ................................ | संलग्न |
| 83 | ................................ | किताब अल-हजबाट प्रश्नहरू |
| 86 | ................................ | ☐ किताब अल-बोयु: |

| | | |
|---|---|---|
| बिक्रीका सर्तहरू | ................................. | 86 |
| रूखहरू र (तिनीहरूको) फलहरूको बिक्रीको अध्याय | ................................. | 90 |
| सम्झौता र (सम्झौता खारेज) आदिको अध्याय | ................................. | 91 |
| सलम र सलफको अध्याय | ................................. | 93 |
| [सम्झौताको प्रमाणीकरण:] धितो, ग्यारेन्टी र प्रायोजनको अध्याय | ................................. | 93 |
| दिवालियापन आदि को कारण हज्र को अध्याय | ................................. | 95 |
| सुलहको अध्याय | ................................. | 96 |
| वकालत, साझेदारी र मुजरअहको अध्याय | ................................. | 97 |
| मावात (बाँझ भूमि) बसोबास गर्ने अध्याय | ................................. | 99 |
| जाला र इजाराहको अध्याय | ................................. | 99 |
| लुक्ता र लकीतको अध्याय | ................................. | 100 |
| प्रतियोगिता वा प्रतिस्पर्धाको अध्याय | ................................. | 101 |
| अतिक्रमणको अध्याय | ................................. | 102 |
| उधारो र वदिअतको अध्याय | ................................. | 103 |
| मध्यस्थता को अध्याय | ................................. | 103 |
| वक्फको अध्याय | ................................. | 104 |
| [अकूदे तबर्रा:] हिबह, दान र वसीयतको अध्याय | ................................. | 105 |
| किताब अल-बोयुवबाट प्रश्नहरू | ................................. | 107 |
| ☐ किताब अल-मावरिस: | ................................. | 110 |
| उत्तराअधिकारीहरू | ................................. | 110 |
| असबहका आदेशहरू | ................................. | 112 |
| औलको आदेशहरू | ................................. | 113 |

| | | |
|---|---|---|
| अन्य आदेशहरू | ................................ | 115 |
| मुक्तिको अध्याय (स्वतन्त्रता) | ................................ | 116 |
| किताब अल-मवारीसबाट प्रश्नहरू | ................................ | 118 |
| ☐ किताब अल-निकाह: | ................................ | 125 |
| विवाहका सर्तहरूका अध्याय | ................................ | 126 |
| जससँग विवाह प्रतिबन्धित छ उसको अध्याय | ................................ | 127 |
| विवाहका शर्तहरूको बारेमा | ................................ | 128 |
| विवाहका दोषहरुको अध्याय | ................................ | 129 |
| ☐ किताब अल-सदाक: | ................................ | 130 |
| सदाक (मुहर) को बारेमा अध्याय। | ................................ | 130 |
| पतिपत्निको सामाजिक जिवनको अध्याय | ................................ | 131 |
| खोला सम्बन्धी अध्याय | ................................ | 132 |
| ☐ तलाकको बारेमा: | ................................ | 133 |
| तलके बाइन र तलके रजईको अध्याय | ................................ | 134 |
| इला, जेहार र लेआन को अध्याय | ................................ | 135 |
| ☐ इद्दत र इस्तबरा रहमको बारेमा: | ................................ | 137 |
| पत्नी, आफन्त, दास र आश्रितहरूको खर्च सम्बन्धी अध्याय | ................................ | 139 |
| फिकह अल-उसरहबाट प्रश्नहरू | ................................ | 140 |
| ☐ अध्याय: खाद्य नियम र मुद्दाहरू | ................................ | 142 |
| औषधि र चिकित्सीय को बारेमा | ................................ | 143 |
| वध र शिकारको अध्याय | ................................ | 145 |
| कसम (वाचा) र भाकलको अध्याय | ................................ | 146 |
| किताब अल-अत्यमहबाट प्रश्नहरू | ................................ | 150 |
| ☐ अपराध अध्याय | ................................ | 152 |

156 ................................ ☐ किताबुल् हुदुद
156 ................................ व्यभिचार को हद
157 ................................ कज्फ (निन्दा) को हद र दण्ड।
157 ................................ सजाय
157 ................................ चोरीको हद
158 ................................ मुस्किर मादक पदार्थ पिउनेको हद
159 ................................ लुटपाट, डकैती आदिको हद
159 ................................ विद्रोहीको हद
160 ................................ धर्मत्यागीको आदेशको अध्याय
161 ................................ ☐ दावी, प्रमाण र शहादतका प्रकारहरूसँग सम्बन्धित अध्याय
163 ................................ विभाजनको अध्याय
163 ................................ कबुलीको अध्याय
164 ................................ अपराध र सम्बन्धित मुद्दाहरूमा प्रश्नहरू
165 ................................ ☐ विषय सूची